रामधुनी नगरपालीकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, २०७७

Water, Sanitation and Hygiene Plan of Ramdhuni Municipality, 2020

प्रकाशक :
रामधुनी नगरपालिका
सुनसरी
प्रदेश नं. १

रामधुनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
प्रदेश नं. १, नेपाल

दुई शब्द

खानेपानी, सरसफाइ तथा स्वच्छता मानव जीवनको अभिन्न भाग हो । यसलाई नेपालको संविधानले व्यक्तिको मौलिक हकको रुपमा लएको छ । नेपालको विधानको धारा ३५ (४) ले सबैलाई स्वच्छ खानेपानीको प्रत्याभूति गरेको छ भने धारा ३० (१) ले स्वच्छ र सफा वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले सम्पूर्ण जनतालाई सुरक्षित, पर्याप्त, स्वीकार्य हुने गरी पिउने पानीको सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।

सुरक्षित पिउने पानी र सरसफाइको सुनिश्चितताका लागि नेपाल सरकारले विभिन्न प्रयासहरु जारी राखेको छ । खानेपानी, सरसफाइ तथा स्वच्छताको सवालको स्थानीयकरण गर्दै आवश्यकता अनुसार यसको सुनिश्चिताका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता स्थानीय सरकारको जिम्मेवारी र दायित्वमात्र नभै क्षेत्राधिकारभित्र समावेश गरेको छ । यस आधारमा आफ्नो क्षेत्रभित्रका प्रत्येक घरधुरीलाई सुरक्षित पिउने पानी, सरसफाइ तथा स्वच्छ वातावरणको प्रत्याभूत गर्ने संवैधानिक दायित्व समेत नगरपालिकामा आएको छ ।

राष्ट्रिय तथ्यांक अनुसार नेपालका ८७ प्रतिशत घरधुरीमा पिउने पानीको पहुँच रहेको छ । सरकारी क्षेत्रको नेतृत्व, विकास साझेदारको दरिलो साझेदारी र सम्पूर्ण सरोकारवालाको प्रतिवद्धताका कारण खानेपानी र सरसफाइ क्षेत्रमा यो उपलब्धी सम्भव भएको हो ।

नेपालले दिगो विकास लक्ष्यमा आफ्नो प्रतिवद्धता जनाइसकेको छ । मूलतः दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ लाई नेपालले प्राथमिकतामा राखेको छ, जुन सहश्राव्दी विकास लक्ष्यमा समेत नेपालले प्राथकितामा राखेको थियो । लक्ष्य नं. ६.१ ले सन् २०३० सम्ममा सबैका लागि सुरक्षित र सर्वसुलभ दरमा पिउनयोग्य पानीको समतामूलक उपलब्धता गराउने उल्लेख गरेको छ । यसैगरी लक्ष्य नं. ६.२ ले महिला, बालबालिका र जोखिममा परेका समुदायको विशेष व्यवस्था सहित पर्याप्त र समतामूलक सरसफाइ र स्वच्छता सुविधा उपलब्ध गराउने लक्ष्य लिएको छ । नेपाल सरकारले पूर्ण सरसफाइ मार्गदर्शन २०७३ र दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ मा आधारित भएर खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (WASH Sector Development Plan-SDP) तयारी गरिरहेको छ । तर पनि, स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छतालाई व्यवस्थित र संस्थागत गर्नका लागि आवश्यक नीतिगत व्यवस्थाको अभाव खड्किइरहेको छ । संवैधानिक व्यवस्था, नेपाल सरकारको प्रतिवद्धता र स्थानीय तहहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको दायित्व पूरा गर्नका लागि दीर्घकालीन क्षेत्रगत एवम् एकीकृत योजना तयार गरी वार्षिक रुपमा कार्यान्वयन र समीक्षा गर्नु आवश्यक रहेको छ । स्वास्थ्य, सरसफाइ र खानेपानीका लागि आवश्यक सम्पूर्ण नीति निर्माण र कार्यान्वयनको दायित्व संविधानको धारा ५७ (४) ले स्थानीय तहमा नै सुम्पिएको छ ।

नगरपालिका खुल्ला दिसामुक्त घोषणा भएको करिब दुई वर्षपछि ग्लोबल स्यानिटेसन फण्ड कार्यक्रमको सहयोग र सामुदायिक विकास समाज (CDS Morang) को सहजीकरणमा रामधुनी नगरपालिकाका पाँच वटा वडामा पूर्ण सरसफाइ अभियान सहजीकरण भैरहेको छ । बाँकी रहेका चार वडामा रामधुनी नगरपालिकाले नै पूर्ण सरसफाइ अभियानको थालनी गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH PLAN) तयारी कार्य अन्तिम चरणमा पुगेको छ । समग्रमा, रामधुनी नगरपालिकाका सम्पूर्ण वडाहरुमा पूर्ण सरसफाइ अभियानको थालनी गरिएको छ ।

नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको यस अघिको बैठकले नै खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गर्ने निर्णय गरिसकेको छ । यसका लागि आवश्यक उपसमिति एवम् कार्यदल गठन गरी योजना तयारी कार्यहरुलाई सम्पन्न गरी खानेपानी, सरसफाइ तथा स्वच्छताको मूलप्रवाहीकरण गर्नुपर्ने आवश्यकता छ ।

पूर्ण सरसफाइ अभियान अघि बढेका वडाहरुमा नमूना समुदाय र नमूना विद्यालय निर्माणको कार्य तीव्र गतिमा अघि बढिरहेको छ । घरायसी तहमा सरसफाइ तथा स्वच्छता वानी व्यवहार प्रवर्द्धनका लागि सहजीकरण भैरहेको छ भने

विद्यालय, समुदाय र संस्थागत तहमा समेत सरसफाइ प्रवर्द्धनका क्रियाकलाप भैरहेका छन् । पूर्ण सरसफाइ नमूना समुदाय र नमूना विद्यालय सहजीकरणको काम थालनी भएको छ भने नमूना समुदायको आवधिक र चरणवद्ध अनुगमनको कार्य थालनी भैसकेको छ। पालिकाभित्र हुने अनुगमनका सम्पूर्ण क्रियाकलापमा एकरुपता ल्याउनुका साथै न्यूनतम स्तर निर्धारण गर्न सकेमा अभियानको प्रभावकारिता थप वृद्धि हुँदै जान्छ ।

पूर्ण सरसफाइ अभियानको स्थानीयकरण गर्दै, नगरपालिकाका वार्षिक नीति कार्यक्रममा खानेपानी सरसफाइ तथा स्वच्छतालाई अभिन्न भागको रुपमा समावेश गरी सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका माध्यमबाट सामाजिक समुन्नति र सामाजिक रुपान्तरण गर्नका लागि अभियानलाई चुस्त दुरुस्त रुपमा अघि बढाउनुपर्छ । यसका लागि, उपयुक्त अनुगमन प्रणाली स्थापित गर्दै अनुगमन संयन्त्रहरुलाई क्रियाशील बनाउनु उत्तिकै आवश्यक हुन्छ ।

कम्तिमा चार वर्षभित्र रामधुनी नगरपालिकालाई नै सफा र स्वच्छ नगरपालिकाको रुपमा विकास गर्ने लक्ष्य लिइएको छ । नगरपालिकाभित्रका सम्पूर्ण वडाहरुलाई २०८० चैत्र महिनाभित्रै सफा र स्वच्छ क्षेत्रको रुपमा विकास गर्ने र त्यसपछि पूर्ण सरसफाइउन्मुख नगरपालिका निर्माणका लागि आवश्यक सूचक पूरा गर्नेतर्फ नगरपालिका अग्रसर हुनेछ ।

धन्यवाद ।

.....

श्री जय प्रकाश चौधरी

प्रमुख, रामधुनी नगरपालिका

अध्यक्ष, नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति

विषय सूची

विषय सूची ..... **iv**

१. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनाको परिचय **1**

१.१. पृष्ठभुमी 1

१.२ रामधुनी नगरपालिकाको संक्षिप्त परिचय **1**

१.३ उद्देश्य **2**

२. वर्तमान अवस्था (खानेपानी, सरसफाइ र स्वच्छता) : **3**

३. कार्य प्रक्रिया : वास योजना तयारी विधि र प्रकृया **4**

४. रामधुनी नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता अवस्था **5**

४.१ पानीको प्राथमिक श्रोतहरु 5

४.२ पानीको उपलब्धता 6

४.३ पानी भर्न लाग्ने समयको आधारमा पानीमा पहुँच 6

४.४ पानीको गुणस्तर 7

४.५ प्रविधिको आधारमा खानेपानीका चालु योजनाहरु 8

४.६ खानेपानी योजनाहरुको सुचारुपन र कार्य क्षमता 8

४.७ खानेपानीको प्रयाप्तता 9

४.८ निर्माणाधिन र सम्पन्न खानेपानी योजनाहरु र सुचारुपनको अवस्था 9

४.८.१ सम्पन्न खानेपानी योजनाहरु 9

४.८..२ निमांणाधिन योजनाहरु 10

५. रामधुनी नगरपालिकाको सरसफाईको अवस्था **10**

५.१ घरधुरी सरसफाइ 10

५.२. पुर्ण सरसफाइ 13

५.३. वातावरणीय सरसफाइको अवस्था 14

६. रामधुनी नगरपालिकाको विद्यालय, संस्थागत, सार्वजनिक स्थलहरुमा खानेपानी, सरसफाई तथा स्वच्छताको अवस्था **15**

६.१. खानेपानी 15

६.२ सरसफाइ 17

६.३ स्वच्छता 18

६.४ वातावरणीय सरसफाइको अवस्था 19

६.५ महिनावारी स्वच्छता व्यवस्थापन अवस्था 21

७. खानेपानी, सरसफाई तथा स्वच्छता योजना 22

७.१ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको सोच तथा परिलक्ष्य 22

७.२ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको उद्देश्यहरू 23

७.३ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको समयाअवधि 24

७.४. खानेपानी, सरसफाई तथा स्वच्छता योजना कार्यान्वयन रणनीति 25

८. खानेपानी योजना (सुबिधाको निर्माण, विस्तार,स्तरोन्नती) 27

८.१. क्षेत्रगत विकास योजना अनुसार खानेपानि सेवा स्तरको वर्गिकरण 27

८.१. रणनीतिक कार्यहरू 28

८.२. कार्ययोजनाः 29

८.३. खानेपानी योजनाहरुको पहिचान तथा प्राथमिकिकरण 30

८.३.१. संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार, पुननिर्माण, स्तरोन्नती 30

८.३.२. श्रोत संरक्षण 30

९.सरसफाई तथा स्वच्छता योजना 31

९.१. परिकल्पना 31

९.२. औचित्य 31

९.३ नारा 31

९.३.१. नगरपालिकाको पूर्ण सरसफाइ सम्बन्धी अन्य नाराहरु 32

९.४. लक्ष्य र अवधि 33

९.५. उद्देश्यः 33

९.६. रणनीतीक कार्यहरु : 34

९.७. कार्यनीतिहरु 35

९.८. पूर्ण सरसफाइ उन्मुख समुदाय कार्ययोजना 36

९.८.१. अपेक्षित उपलब्धिहरु 38

९.९. पूर्ण सरसफाइ युक्त विद्यालय 39

९.९.१. रणनीतिक कार्यहरू 39

९.९.२. कार्ययोजना 39

९.९.३. अपेक्षित उपलब्धिहरु 40

९.१०. कार्यालय र स्वास्थ्य संस्थाहरुमा खानेपानी र सरसफाइ 40

९.१०.१. रणनीतिक कार्यहरू : 40

९.१०.२. सरकारी तथा गैरसरकारी कार्यालयहरुमा पूर्ण सरसफाइ प्रबर्द्धन कार्ययोजना 41

९.१०.३. अपेक्षित उपलब्धिहरु 42

९.११. स्वास्थ्य संस्थाहरुमा पूर्ण सरसफाइ प्रबर्द्धन कार्ययोजना 42

९.१२. ठोस तथा तरल फोहोर व्यवस्थापन कार्ययोजना 43

९.१३. सुरक्षित खानाको प्रयोग सम्बन्धी व्यवहार प्रवर्द्धन र खाद्य सुरक्षा कार्ययोजना 44
९.१४. शहरी क्षेत्रमा पूर्ण सरसफाइ प्रर्वद्धन र सरसफाइ सामग्रीको बजारीकरण कार्ययोजना 45
९.१५. सरसफाई योजनाहरुको पहिचान तथा निर्माण योजना 47
९.१५.१. घरयासी शौचालय निर्माण तथा स्तरोन्नति 47
९.१५.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति 47
९.१६. पूर्ण सरसफाइ उन्मुख क्षेत्रका सूचक, घोषणा र प्रमाणिकरण प्रक्रिया 48
९.१६.१. सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरु 48
९.१६.२. पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरु 50
९.१६.३. घोषणा प्रक्रिया 51
९.१६.४. प्रमाणीकरण प्रक्रिया 51
९.१६.५. सफा र स्वच्छ क्षेत्र घोषणा र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा पश्चात स्टीकरको नमुना 51
९.१६.६. निरीक्षण, अनुगमन, मल्याङ्कन र प्रतिवेदन 51

१०. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना 52
१०.१. विपद जोखिम व्यवस्थापन 52
१०.२. जलवायु परिवर्तन अनुकुलन 53

११. क्षमता विकास योजना 54
११.१ पालिका स्तर क्षमता अभिवृद्धि योजना 54
११.२. समुदाय स्तर क्षमता अभिवृद्धि योजना 55

१२. पुरक विषय सवाल र सम्वोधन योजना 56
१२.१ लैगिंक तथा समावेसिकरण मुल प्रवाहिकरण 56
१२.२ प्रयोगकर्ता मैत्री संरचना निर्माण योजना 57

१३. अनुगमन मुल्याङ्कन र वास योजना पुनरावलोकन 58
१३.१. योजना कार्यन्वयन अवधारणा 58
१३.२. अनुगमन योजना 59
१३.२.१. अनुगमन ढाँचा तथा पद्धति 59
१३.२.२. सूचक 59
१३.२.३. अनुगमनको तह 59
१३.२.४. अनुगमन विधी 59

१४. योजना परिमार्जन 59

१५. वास योजना स्विकृति र अवधि 60
१६. नगरपालिकाको एकीकृत कार्य योजना 61

१७. अनुसूचीहरु : I

अनुसूची १ : सरोकारवालाहरुको भूमिका र जिम्मेवारी I

अनुसूचि २. नीति निर्माण तथा समन्वय तह :..... III

अनुसूचि ३. खानेपानी,सरसफाइ र स्वच्छताका अन्तरनिहित विषयहरु IV

अनुसूचि ४. अनुगमनका सूचकहरु र प्रमाणीकरणका आधारहरु VI

अनुसूचि : ५ अनुगमन फारामहरु..... IX

५.१ घरायसी तहमा प्रयोग गरिने अनुगमन फाराम IX

५.२ स्वास्थ्य संस्थामा प्रयोग गरिने अनुगमन फाराम XI

५.३ कार्यालय तहमा प्रयोग गरिने अनुगमन फाराम XIII

५.४ होटल, रेष्टुरा,चिया पसलहरु प्रयोग गरिने अनुगमन फाराम..... XIV

अनुसूचि ६. M-WASH-CC को पदाधिकारीहरुको विवरण..... XV

अनुसूचि ७ : रामधुनी नगरपालिकामा अवस्थित सामुदायिक बिद्यालयहरुको सम्पर्क विवरण XVI

अनुसूचि ८. स्वास्थ्य चौकी र केन्द्रहरुको विवरण..... XVII

अनुसूचि १०. रामधुनी नगरपालीकाको पूर्ण सरसफाइ आचारसंहिता XVIII

अनुसूचि ११ . रामधुनी नगरपालीकाको पूर्ण सरसफाइ प्रतिबद्धता,२०७७..... XX

अध्याय

१. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनाको परिचय

१.१. पृष्ठभुमी

विगत लामो समय देखि खानेपानी र सरसफाइको प्रवर्द्धनका लागि राज्य तहबाट प्रयास हुदै आइरहेता पनि सन्तोषजनक उपलब्धी भने हासिल हुन सकिरहेको थिएन । राज्यको ठोस निति सहितको कार्यक्रम, सम्बन्धीत सरोकारवालाहरुसँगको समन्वय र सहकार्यका साथै स्थानीय समुदायको सहभागीतालाई सुनिश्चित गरी अपनत्व पैदा गर्न नसक्दा सरसफाइ मन्द गतिमा मात्र अघि बढिरहयो । सरसफाइ प्रवर्द्धनमा छरिएर रहेको संस्थागत क्षमता, श्रोतसाधन र कार्य अनुभवलाई संगठित गरी संयुक्त कार्ययोजना सहित अघि बढ्नुपर्ने अभिप्रायले जन्मिएको सरसफाइ गुरु योजना २०६८ र यसको सफल कार्यान्वयनले नेपालको सरसफाइ प्रवर्द्धनको गति एक सामाजिक अभियानको रुपमा अघि बढ्न सकेको छ । सरसफाइमा हासिल भएको उपलब्धीलाई संस्थागत गर्दै गुणस्तरीय खानेपानीको आपूर्ति, नियमित संचालन, मर्मतसंभार र दिगोपनामा ध्यान पुऱ्याउन सकिएन भने पूर्ण सरसफाइको राष्ट्रिय लक्ष्य पूरा गर्न चुनौतीपूर्ण देखिन्छ । समुदायमा कार्यरत निकायहरुबीच समन्वयको अभाव, आ-आफ्नै ढंगले आयोजनाको छनौट, काममा दोहोरोपन,संस्थागत क्षमतामा कमी, अपारदर्शिताका साथै समावेशीपूर्ण जनसहभागीताको अभावमा अपेक्षा गरे अनुरुपको उपलब्धी हासिल हुन सकिरहेको छैन । देश संघीय संरचनामा अघि बढिसकेको परिप्रेक्ष्यमा तीन तहका सरकारहरुको गठन भई कार्यान्वयनमा आइसकेको छ । हाल खानेपानी र सरसफाइको विषय संघीय, प्रदेश र स्थानीय सरकारको लागि उत्तिकै महत्वपूर्ण एजेण्डाको रुपमा रहेको छ । दिगो विकास लक्ष्य प्राप्तिका लागि एक्यबद्धता जनाउदै नेपाल सरकार, खानेपानी मन्त्रालयले "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (२०१६- २०३०)" कार्यान्वयनमा ल्याएको छ । जसअनुसार, स्थानीय तहको योजना निर्माण र बजेट विनियोजनमा समेत खानेपानी र सरसफाइलाई विशेष प्राथमिकतामा राख्नका लागि राष्ट्रिय तहबाट नीतिगत निर्णय भई कार्यान्वयनका लागि निर्देशन समेत भएको छ । फलस्वरुप: गाउपालिका र नगरपालिका तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी उपलब्धीमूलक कार्यान्वयनका लागि सम्वन्धित सरोकारवालाहरुको समन्वय र सहकार्यमा अभ्यास शुरु गर्न लागिएको छ । खानेपानी र सरसफाइ सुबिधा नागरिकको आधारभूत अधिकारको रुपमा स्थापित हुदैछ । समुदाय एवं सार्वजनिक निकायहरुमा सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्ने कार्य संस्थागत बन्दै गएको छ । सरसफाइको दायरा प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जीविका, गुणस्तरिय जीवन, सामाजिक सशक्तिकरण र समृद्दीको आधारस्तम्भकोरुपमा बिस्तारित हुँदै गएको छ । विगतका अनुभव, जिल्ला र नगरपालिका तहका सरोकारवालाहरुको पृष्ठपोषण,राष्ट्रिय निती तथा कार्यक्रमहरु, सम्बन्धित क्षेत्रका विज्ञहरुका सल्लाह एवं सुझावहरुलाई मध्यनजर गरी नगरपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिका साथै कार्यदलको प्रत्यक्ष सहजीकरण र समन्वयमा नगसपालिका भित्रको खानेपानी सरसफाई र स्वच्छताको अवस्था पत्ता लगाई सन २०२८ सम्म सुरक्षित खानेपानी र सुरक्षित सरसफाई तथा स्वच्छताको लक्ष्य हासिल गर्ने उद्देश्यले नगरपालिकाले खानेपानी सरसफाई र स्वच्छता योजना निर्माण गर्ने निर्णय गरेको हा । नगरपालिका वास योजना बनाउनुको मुख्य उद्देश्य हालको खानेपानी सरसफाई र स्वच्छताको अवस्था पत्ता लगाउने, सर्वेक्षण बाट प्राप्त तथ्याङ्कको विश्लेषणगरी नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता को नीति तथा प्राथमिकताहरु तय गर्ने, प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता श्रोत साधान को यकीन गर्ने र कार्यन्वयन, अनुगमन तथा मूल्यांकनको विधिहरु सहित दस्तावेज तयार तथा तथ्याङ्कहरु संकलनगरी नगरपालिका को निर्णय प्रक्रिया लाई सहज गराउनु हो ।

१.२ रामधुनी नगरपालिकाको संक्षिप्त परिचय

रामधुनी नगरपालिका नेपालको नया संरचना अनुसार प्रदेश नं. १ अन्तर्गतको सुनसरी जिल्लाको बिचमा अवस्थित छ । यसको केन्द्र २६ं ३६" उत्तर अक्षांस र ८७ं १२" पूर्वी देशान्तरमा रहेको छ भने नगरपालिका ९१.६९ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ । इनरूवा र इटहरी नगरपालिकाको बीचमा रहेको तथा विगतको भादगाउँ सिनवारी र सिंगिया गा.वि.स.गरी दुइ वटा गाविसलाई मिलाएर रामधुनि (भासी नगरपालिकाको रुपमा स्थापित भएको यो नगर स्थानीय तह पुनरसंरचाना आयोगको प्रतिवेदन २०७३ को आधारमा साविकको बक्लौरी गाविसको सवै र डुम्राहा गाविसको १, ३, ४, ५ र ६ गरी जम्मा ५ वटा वडाहरू लाइ समेत मिलाएर रामधुनी नगरपालिकाको रुपमा पुनसंरचित हुन पुग्यो । भौगोलिक अवस्थिति र स्थानीय बासिलाइ सवसुलभ सेवा प्रवाहको हिसावले साविकको १० वटा वडामा विभाजन गरिएको यस नगरलाई प्रशासनिक सुगमता र सेवा प्रवाहमा सहजताकालागि बर्तमानमा ९ वटा वडाहरूमा विभक्त गरिएको छ । यो नगरपालिकाको केन्द्र झुम्कामा रहेको छ जो समुन्द्री सतहबाट १८२ देखि १८५ मिटर उचाइमा रहेको छ ।

क्षेत्रफलको हिसावले ९१.६९ बर्ग कि.मि.मा फैलिएको यस नगरको करिव ७२.६४ प्रतिसत भुभाग कृषि उत्पादनमा प्रयोग भईरहेको मानिएको छ । औषतमा अधिकतम तापक्रम ३६० से. तथा न्यूनतम तापक्रम १६० से. सम्म हुन गरेको यस नगरको हावापानी समशीतोष्ण रहेको मानिन्छ । शप्तकोशी नदिको वायू प्रवाह लगायत दक्षिण पश्चिमी मनसुनी हावाको प्रवाहको कारणले यस नगरमा साधारणतया जेठ देखि असोज सम्म बढी पानी पर्ने गर्दछ साथै पश्चिम दक्षिण भेग बाट बहने जलवाष्प पूर्ण हावाले हिँउदको दिनहरूमा समेत आवश्यक मात्रामा वर्षा हुने गर्‍कोछ । बार्षिक औषत ११०० मिलिलिटर सम्म वर्षा हुने गरेको यस नगरको भौगोलिक अवस्थिति, भु(बनावट, माटोको उर्वरता, तापक्रम र जलबायू साथ निरन्तर रुपमा शप्तकोशी नदिको प्रवाहमा आधारित नगरको विच भागमा रहेको सुनसरी मोरङ सिचाई आयोजना अन्तरगत चतारा नहर तथा यसको शाखा सञ्जाल र स्थानीय खोला नाला साथ भुमिगत जल स्रोतको उपयोग बाट हुने सिचाइ सुविधा समेतको कारण यस नगरको अधिकांस क्षेत्र कृषि उत्पादनको हव कोरुपमा रहेको छ । रामधुनी नगरपालिकाको वास प्लान बनाउने क्रममा सबै घरधुरीमा पुगी गरेको सर्वेक्षण अनुसार यस नगरपालिकामा जम्मा १३४८२ घरधुरीहरुले बसोबास गर्दछन् । नगरपालिकाको कुल जनसंख्या ५६१७५ रहेको छ र जस मध्य महिलाको संख्या ३०१२६ र पुरुषको संख्या २५०३१ रहेको छ ।

रामधुनी नगरपालिकामा विभिन्न जातजातिहरुको मिश्रित बसोबास रहेको छ, जसमध्ये मुख्य रुपमा आदीवासी जनजाती, मधेशी पिछडा वर्ग, दलित पर्दछन र धार्मिक रुपमा हिन्दु धर्म, बौद्ध धर्म, तथा इश्लाम धर्म मान्ने संख्या अधिक छ भने धार्मिक अल्प संख्यकका रुपमा किरात धर्मावलम्वीहरुको पनि बसोबास छ । यहाँको मुख्य पेशा कृषि हो भने व्यापार व्यवसाय, नोकरी र बैदेशिक रोजगार सहायक पेशाहरु हुन ।

यस नगरपालिकाको प्रमुख धार्मिक स्थलहरु रामधुनी वन र मन्दिर, हरिहरेश्वर शिवालय, दुर्गा मन्दिर, भैरवेश्वर मन्दिर, रामजानकी मन्दिर इक्राही, झुम्केश्वर आदि हुन भने प्रमुख पर्यटकीय स्थलहरु रामधुनी वन र मन्दिर, ७४ विगहा आदि हुन । यस नगरपालिकाका प्रमुख बजारहरु झम्का बजार, लालपुर बजार, सिंगिया चोक हाटखोला बजार, बक्लौरी, तित्रिवन र डुम्राहा हुन ।

.३ उद्देश्य

यस योजनाको प्रमुख उद्देश्य स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाई सेवाबाट बंचित समुदाय तथा क्षेत्रको लागि यस सेवाको सुनिश्चितता र सेवामा स्तरिकरण प्रदान गर्न योजना निर्माण गर्नु हो । स्थानीय तहमा विद्यमान श्रोतहरुको औचित्य पुर्ण तथा समता मूलक वितरण र समस्याको दिगो समाधान सहितको योजना निर्माण नै यस योजनाको प्रमुख अपेक्षित परिणाम हो ।

यसै अनुरुप यस योजनाको विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन् ।

१.खानेपानीका विद्यमान श्रोतहरु तथा मौजुदा खानेपानी तथा सरसफाइ सम्बन्धि संरचना सुविधाहरुको लगत संकलन गरि अभिलेखीकरण गर्ने ।
२.स्थानीय तह क्षेत्रभित्रका सेवा नपुगेका स्थान र पहुँच वाहिरका समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवाहको सुनिश्चितता सहित अल्पकालीन र दिर्घकालीन रणनैतिक योजना तयार पार्ने ।

३.खानेपानी, सरसफाइ तथा स्वच्छतासंग अन्तरसंबन्धित विषयवस्तुहरुसहित यसबाट प्राप्त गर्न सकिने प्रतिफलहरुको परिचालन, प्राथामिकिरण र प्रवर्द्धन योजना तयार गर्ने ।

४.स्थानीय तह क्षेत्र भित्रको सुरक्षित खानेपानी सरसफाइ तथा स्वच्छता अवस्थाको आधार रेखा तथ्याङ्क सहितको मापदण्ड तयार गरि उपरोक्त सेवा विस्तार निश्चित समयावधिमा पूर्ण (१००%) गर्न प्रतिवद्धता सहितको अवधारणा तयार पार्ने ।

५.यस योजना संग अन्य विषयगत योजनाहरुलाई एकिकृत गर्नको निम्ति स्थानीय तहको संस्थागत सुदृढिकरण कार्य योजना सहित स्थानिय सरकारलाई सहजिकरण गर्ने ।

६. वार्षिक योजना तथा वजेट निर्माण गर्न सहजीकरण गर्ने ।

७.यस क्षेत्रको व्यवस्थापन सूचना प्रणाली (MIS) लाई एकरुपता प्रदान गर्ने ।

माथिका उद्देश्यहरु परिपूर्ति गर्न तर्जुमा गरिने यस योजना स्थानीय तहका प्रतिनिधि, कार्यकारी निकाय तथा प्राविधिक, स्थानीय समुदाय, वडा स्तरीय जनप्रतिनिधि र विषय विज्ञहरु सहित स्थानीय आवश्यकता प्रतिविम्वित हुने गरि समतामूलक र सहभागीतात्मक विधिद्धारा प्राथमिकीकरण गरि स्थानीय सरकारद्धारा प्रमाणीकरण गरिनेछ ।

२. वर्तमान अवस्था (खानेपानी, सरसफाइ र स्वच्छता) :

स्वास्थ्य तथा सरसफाइ मानव जीवन र सभ्यताका साथ मानव स्वास्थ्यका आधारभुत सुचकहरू हुन । मानव जीवनमा जती पनि रोगब्याधिका प्रकोप सरसफाइका कमिका कारण हुने गर्दछ । स्वास्थ वातावरण सुखि र सभ्य समाज मानिसले आफु सधै स्वस्थ र सभ्य रहन उसले आफैले उत्पादन गरको फोहोरमैलाको सहि विसर्जन गर्छ या गर्देन, सौचालयको उचित प्रवन्ध गरेर त्यसको सहि प्रयोग गर्छ या गर्देन, सौचालयको प्रयोग पछि त्यसको सरसफाइ तथा साबन पानिले हात धुने परिपाटिको विकास भएको छ या छैन, शुद्ध र सुरक्षित पिउने पानिको प्रयोगका अवस्था कस्तो छ, खाना पाकेपछी छोपेर राख्ने गरेको छ या छैन, फोहारमैलाको उचित ब्यवस्थापनको प्रवन्ध मिलाएको छ या छैन लगायत यी तमाम विषयमा रहेका मानिसहरूको चेतनास्तर र उनिहरूले दैनिक रुपमा अवलम्बन गर्ने प्रकृया र पद्धतिले उनिहरूको स्वास्थ्य रक्षा तथा स्वास्थ्य र सरसफाइ प्रतिको चेतना सहितको आनिवानिको विकासमा गहिरो प्रभाव पार्दछ । रामधुनी नगरपालिकाको घरपरिवार सर्वेक्षण २०७६ का आधारमा यस नगर भित्र बसोबास गर्ने मानिसहरूको खानेपानी तथा पुर्ण सरसफाईको अवस्थाको बारेमा अध्ययन गर्दा देहाय बमाजिमका अवस्था दखिएको छ ।

प्राथमिकिकरणको हिसावले खाना बनाउन भान्सा घर तथा बास बस्ने स्थान भन्दा मानव जीवनको पहिलो र अनिवार्य आवश्यकता ब्यवस्थित सौचालय र त्यसको सहि सदुपयोग हो । खुला स्थानमा विसर्जन गरिने दिसा पिसावको कारण झाडापखाला, आउँ, हैजा लगायतका रोगहरूको प्रकोप अत्यन्तै धेरै हुने मात्र हैन कहिलेकाहि महामारिको रुप समेत लिने गर्दछ । तर मानव समुदायले विगत देखि नै यसलाई प्रथम प्राथमिकतामा राखेको पाईदैन । विकासोन्मुख तथा अल्प विकसित मुलकहरूमा यसको अवस्था झनै विकराल रहदै आएको छ । यस विषयमा रामधुनी नगरपालिकाले घरपरिवार सर्वेक्षण २०७६ मार्फत अध्ययन गर्दा यस नगरको १३४८२ घर परिवार मध्ये ३३३५ (२४.७४ ५) घरपरिवार सेफ्टि टेंकी सहितको फ्लस भएका शौचालयको प्रयोग गरिरहेका छन भने ९४६३ (७०.१९ ५) घरपरिवारले साधारण शौचालयको प्रयोग गरिरहेको अवस्था छ । रामधुनी नगरपालिकालाई खुला दिसामुक्त क्षेत्रको रुपमा अन्तिम पटक आ.व. २०७३/२०७४ मा नै घोषणा गरिएको भएता पनि यस सर्वेक्षणले समेत ६२२ (४.६१ ५) घरपरिवारमा शौचालय नभएको विवरण प्राप्त भएको छ। वडागत रुपमा अध्ययन गरिएका यस सर्वेक्षणमा सवै वडामा शौचालय नभएको घरपरिवार रहेका छन् भने १०० घरपरिवार भन्दा बढी रहेका वडामा वडा नं. ४, ६ र ९ रहेका छन भने त्यसमा पनि सवै भन्दा बढी वडा नं. ९ मा १३९ घर परिवार रहेका छन । अभिभावकले बालबालिकालाई कस्तो घरायसी वातावरणमा हुर्कने र विकसित हुने वातावरणको ब्यवस्थापन गर्दछन उनीहरूको आनी बानी र ब्यवहार समेत त्यस अनुरुप विकसित हुंदै जाने गर्दछ । भविष्यमा शौचालयको प्रयोग समेत त्यसैमा निर्भर रहन्छ । तसर्थ शौचालयको प्रयोगको वर्तमान अवस्था विगतमा हाम्रो अभिभावकहरूले अपनाएको ब्यवहारिक पक्षको प्रतिविम्ब हो । सामाजिक सचेतनाको कारण वर्तमान अवस्थामा केहि सुधार हुंदै गएको भएता पनि शौचालय नभएको घर परिवारले अनिवार्य शौचालय निर्माण गर्ने तथा सत प्रतिसतले शौचालयको पूर्ण सरसफाई, सावुन पानिको पर्याप्त ब्यवस्था र समय समयमा मर्मत सम्भार गर्ने बानिको विकास गराउन थप कृयाशिल हुन पनि आवश्यकता देखिएको छ ।

रामधुनी नगरबासीले नियमित शौचलायको प्रयोग गर्ने गरेका छन या छैनन् तथा शौचलायको प्रयोग पछी साबुन पानीले हातधुने परिपाटीको अवस्था कस्तो छ भन्ने बिषयमा अध्ययन गर्दा करिव ९१ % घरपरिवारले नियमित रुपमा शौचालयको

प्रयोग गरेको पाईएको छ भने शौचालयको नियमित सफाइ गर्ने घरपरिवारको संख्या ७७.२७ % मात्र रहेको छ। यति मात्र हैन यस नगरपालिकाको ९२.६९% घरपरिवारले साबुनपानीले हात धुने उपयुक्त स्थानको व्यवस्था गरेको भएता पनि शौचालयको हकमा भने ७७.२७ % घरपरिवारले मात्र साबुन पानीको व्यवस्था गरेको देखिन्छ । यहाँको नगरबासी घरपरिवार मध्ये मात्र ३४.७५ % ले शौचालयको नियमित मर्मत संभार गर्ने गरेको अवस्था छ । स्थानीयबासीले कुन कुन अवस्थामा साबुन पानीले हात धुने गरेको छन भन्ने बिषयमा गरिएको अध्ययनमा शौचालय गए पछी हातधुने ९६.७२ % , फोहोर कुरा तथा बिषदी छोएपछी हातधुने ८६.०४ % , खानाखानु अघि हातधुने ७१.७३ %, खाना पकाउनु अघि हातधुने ६८.०४ %, बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछी ६६.१२ %, बच्चाको दिसा धोए पछी ५३.२३ %, बच्चालाई खाना खुवाउनु अघि ४९.७२ % रहेका पाईएको छ भने उपरोक्त उल्लेखित कुनै पनि अवस्थामा प्रायस हात नधुने २ % रहेको अवस्था छ । उपरोक्त विवरणको आधारमा बर्तमान अवस्थामा समेत अत्याधिक स्थानियबासीहरू व्यक्तिगत सरसफाईमा वा शौचालयको प्रयोग र व्यवस्थापनमा सचेत नरहेको अवस्था देखिएको छ । तसर्थ यस नगरपालिकाले शौचालयको निर्माण, सरसफाइ तथा नियमित मर्मत सम्भार लगायत व्यक्तिगत सरसफाइमा समेत नगरबासीहरूलाई सचेत गर्नु अति आवश्यक देखिएको छ ।

३. कार्य प्रक्रिया : वास योजना तयारी विधि र प्रकृया

यस योजना निर्माण का मुख्य सिद्धान्तहरु स्थानीय सरकारको नेतृत्व र समुदायबाट व्यवस्थापन, तल बाट माथि हुने योजना तर्जुमा (Bottom to Top Planing) विधि, पूर्णरुपमा सहभागिता र समावेसी प्रक्रिया, स्थानीय तहमा क्षमता विकास, जनचेतना, सुविधास्तर पहिचान र विश्लेषण, प्राथमिक तथ्याङ्कको आधारमा मात्र प्राथमिकिकरण र निर्णयकर्ताहरुलाई सजिलो र आवश्यक मात्र सुचना संकलन हुन ।

नगरपालिकाको यो वास योजना पाँच वटा चरणका कियाकलाप हरु सम्पन्न गरि तयार गरिएको हो । सबै चरणका कियाकलापहरु नगरपालिका वास ईकाई र वडाहरुमा सम्पन्न भएका हुन र नगरपालिकाले यो प्रतिवेदन तयार गरेको छ । त्यस पछि अन्य कच्चा तथ्याङ्कहरु न्गारपालिकाको सम्पतिको रुपमा सुरक्षित रुपमा राखिएको छ । मोबाइल फोन सेट मा KOBO Collect Tool Application को प्रयोगमा नगरपालिका भित्रका सबै घरधुरी, सार्वजनिक स्थल, संस्थाहरु तथा विद्यालयहरुमा तथ्याङ्क संकलकहरु परिचालन गरी भौगोलिक अवस्था (GPS Reading) सहितको तथ्याङ्क संकलन गरिएको हो

यो वास योजना तयारी नगरपालिका तहको बैठक, अभिमुखीकरण, वडा तहका बैठक तथा अभिमुखीकरणहरु गर्न १८ जना तथ्याङ्क संकलकहरु परिचालन गरी KOBO Tool द्वारा सवै घरधुरी, संस्था तथा विद्यालयहरुको तथ्याङ्क संकलन, वडा तहमा सार्वजनिक सुचना/नक्साहरु प्रकाशन, वडाहरुका योजना तर्जुमा बैठक र नगरपालिका तहको योजना तर्जुमा बैठक २०७६/०८/१३ र २०७६/०८/१५ गते बसेर सम्पन्न गरिएको हो । वडा तहमा नगरपालिका वास योजना कार्यदलहरु नगरपालिका वास योजना कार्यदल र तथ्याङ्क संकलकहरुको ठुलो मेहनतले यो योजना तयार भएको हो । यो योजना तयार गर्न ७ जना क्षमता वान तथ्याङ्क संकलकहरु सहित वास प्लान तयारी गर्ने कार्यमा UN HABITAT ले आवश्यक प्राविधिक सहयोग प्रदान गरेको छ ।
वास योजना निर्माण का मुख्य सिद्धान्तहरु स्थानीय सरकारको नेतृत्वर समुदायबाट व्यवस्थापन, तल बाट माथि हुने योजना तर्जुमा (Bottom to Top Planing) विधि, पूर्णरुपमा सहभागिता र समावेसी प्रक्रिया, स्थानीय तहमा क्षमता विकास, जन चेतना,सुविधास्तर पहिचान र विश्लेषण, प्राथमिक तथ्याङ्कको आधारमा मात्र प्राथमिकीकरण र निर्णयकर्ता हरुलाई सजिलो र आवश्यक मात्र सुचना संकलन हुन ।



नगरपालिका वास योजना पाँच वटा चरण र कियाकलापहरु सम्पन्न गरि तयार गरिएको हो । सबै चरणका कियाकलापहरु नगरपालिका, नगरपालिका वास ईकाई र वडाहरुमा सम्पन्न भएका हुन र नगरपालिका ले यो प्रतिवेदन तयार गरेको छ । त्यस पछि अन्य कच्चा तथ्याङ्कहरु नगरपालिका को सम्पतिको रुपमा सुरक्षित रुपमा राखिएको छ । मोबाइल फोन सेट मा KOBO Collect Tool Application को प्रयोगमा नगरपालिका भित्रका सबै घरधुरी, सार्वजनिक स्थल, संस्थाहरु तथा विद्यालयहरुमा तथ्याङ्क संकलकहरु परिचालन गरी भौगोलिक अवस्था (GPS Reading) सहितको तथ्याङ्क संकलन गरिएको हो

४. रामधुनी नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता अवस्था

४.१ पानीको प्राथमिक श्रोतहरु

यस भागमा प्रस्तुत गरिएको सबै तथ्याङ्कहरु बैशाख र जेष्ठ, २०७६ मा यस नगरपालिकाको वडा नं. १ देखि ९ सम्मका सबै घरधुरीहरुमा गरिएको सर्वेक्षणबाट संकलन गरिएका प्राथमिक तथ्याङ्कहरु हुन । खानेपानीको हाल प्रयोग गरिरहेको श्रोतको रुपमा यस क्षेत्रमा जम्मा १३४८२ घर मध्ये ११३५१ (८४.२० प्रतिशत) घरले ट्युवेल, ९२८ (६.८८ प्रतिशत) घरले पाइप धारा (सार्वजनिक) धारा, ८८१ (६.५४ प्रतिशत) घरले पाइप धारा (घर कम्पाउण्डमा), २२४ (

१.६५ प्रतिशत) घरले मुलका पानी लगायत अन्य, ३८ (०.२८ प्रतिशत) घरले ईनार कुवा (ढाकिएको) र १३ (०.१३ प्रतिशत) घरले इनार कुवा (नढाकिएको) पानी प्रयोग गरि रहेका छन् । यस चार्टले नौ वटा वडाको समग्र अवस्था देखाएको छ । यसवाट ठूलो संख्यामा ट्युवेलकै पानी खाइरहेको देखिन्छ । जुन श्रोतमा आरसेनिक लगायतका अन्य भौतिक तथा जैविक परीक्षण नियमित रुपमा गर्ने गरिएको छैन । जसलाई चार्टमा तल प्रस्तुत गरिएको छ ।

खानेपानी श्रोतको प्रयोगको आधारमा घरपरिवार विवरण, २०७६								
वडा नं.	खानेपानीको श्रोतको प्रकार							जम्मा
	पाइप धारा (घर कम्पाउण्डमा)	पाइप धारा (सार्वजनिक)	ट्यूवेल	डिप बोरिङ्ग	इनार कुवा (ढाकिएको)	इनार कुवा (नढाकिएको)	मुलका पानी लगायत अन्य	
१	७३	६	१६४२	२	२	१	३	१७२९
२	२	१०७	१२४६	३	१	०	२	१३६१
३	५	१०	१२५१	०	०	०	५	१२७१
४	०	०	१३८२	०	०	१	२	१३८५
५	४७४	५०	१३५६	०	०	०	३६	१९१६
६	२३६	८०	११०१	१	३	०	१७४	१५९५
७	९१	६७२	१०१३	४१	३०	११	२	१८६०
८	०	३	१००२	०	१	०	०	१००६
९	०	०	१३५८	०	१	०	०	१३५९
जम्मा	८८१	९२८	११३५१	४७	३८	१३	२२४	१३४८२
%	६.५४	६.८८	८४.२०	०.३५	०.२८	०.१०	१.६५	१००

४.२ पानीको उपलब्धता

पानि शुक्ष्म जीवाणुको बासस्थानको एक प्रमुख आधार हो । मानिसलाई लाग्ने रोगहरू मध्ये आउं, हैजा, झाडापखाला लगायतका पेट संग सम्बन्धित करिव ८५ % रोगहरूको स्रोत पानिनै हो । पानि बालबालिका लागयत सवै उमेर समुहका मानिस तथा प्राणीजगतकालागि जीवनहो । पानि पिउनु अघि वा हाम्रो दैनिक खाद्य पदार्थमा पानिको प्रयोग गर्नु अघि शुद्धिकरण एक अनिवार्य सर्त हुन आउंछ । पानिको स्रोत देखि उपयोग वा उपभोगको स्थल र क्षण सम्म यसमा कहि कतै बाट दुषित हुन नदिने तर्फ विशेष ध्यान दिनु पर्दछ भने पानिलाई उमालेर मात्र प्रयोग गरेमा यसको माध्यमबाट मानिसमा सर्ने वा लाग्ने रोगको प्रकोप न्यून हुन जान्छ । यसै कारण रामधुनी नगरपालिका क्षेत्र भित्र बासोबास गर्ने नगरबासिको पानिको प्रयोगको स्रोत के हो र कस्तो छ भन्ने बारेमा घरपरिवार सर्वेक्षण २०७६ का आधारमा गरिएको अध्ययनका आधारमा कुल १३४८२ घरपरिवार मध्ये ८८१ (६.५४ %) घरपरिवारले आफ्नै घर कम्पाउण्डमा भित्र पाइप धारा मार्फत उपभोग गरिरहेका छन भने ९२८ (६.८८ %) घरपरिवारले सार्वजनिक पाईपाधाराको पानी उपभोग गरिरहेको अवस्था छ । यस आधुनिक दुनियमा रामधुनी नगरपालिकाका ११३५१ (८४.२० %) घरपरिवार ट्यूवेलको पानी उपभोग गरिरहेको अवस्था छ भने ५१ घरपरिवार इनारको साथै २२४ घरपरिवार मुलको तथा अन्य श्रोतबाट पानीको अवाश्यकता परिपुर्ति गरिरहेको अवस्था छ ।

४.३ पानी भर्न लाग्ने समयको आधारमा पानीमा पहुँच

एक पटक पानी ल्याउन लाग्ने (जाने-पर्खने-भर्ने-फर्कने) समयको आधारमा पानीमा पहुँचको अवस्था यहाँ प्रस्तुत गरिएको छ । यो एकपटक पानी भर्नको लागि लाग्ने समय मात्र हो, वास्तविकतामा एकपटक मात्र पानी भरेर पुग्दैन । परिवार संख्याको आधारमा सबैले पानी भर्ने काम गर्दछन ।

यस पालिकाको समग्र अवस्था नेपालका अन्य नगरपालिका तथा नगरपालिकाको तुलनामा राम्रो छ, तर अझै पनि केही घरधुरीहरुले दैनिक रुपमा पानी ल्याउनको लागि कठिनता झेलीरहेका छन् । समग्रमा नगरपालिकाका ३६०१(२७ %)

घरधुरीहरुलाई निजि धारा, ९६८१ (७२ %)घरधुरीहरु ५ मिनेट भित्रै पानी भर्न-जाने-पर्खने-भर्ने -फर्कने समय अथार्त कलको पानी, २०० (१%) घरधुरीहरुलाई ५ मिनेट भन्दा वढि समयमा पानी उपलब्ध हुने सुविधा छ ।

४.४ पानीको गुणस्तर

हामीले खाने गरेको पानी तीन वटा कारणवाट प्रदुषित हुने गर्दछ । ती हुन रासायनिक कारण, भौतिक कारण र जैविक कारण । तराई क्षेत्रमा प्राय रासायनिक र जैविक दुई वटा प्रदुषणको जोखिमको सम्भावना रहने गर्दछ । पानीको गुणस्तर पानी आपूर्तिको सेवास्तर मापन गर्ने एउटा प्रमुख सूचक हो । यस अवस्थामा पानीको परीक्षण गर्दा पानीमा 'कोलिफर्म (Coliform)' ब्याक्टेरिया र आर्सेनिक उपस्थित छ/छैन-भनेर परीक्षण गरिन्छ, जसले सजिलै पानी 'कोलिफर्म' जीवाणुहरुबाट र आर्सेनिक मुक्त छ कि छैन भनेर देखाउछ । यो जिवाणु र आर्सेनिक खतरनाक हुन्छ र तुरुन्तै पानी जन्य रोगहरुको कारक हुन्छ । पानीको गुणस्तरको एकिन गर्दा प्रयोगशालामा परिक्षण वाट मात्र हुने भएतापनि यस पालिकामा प्रयोग हुने अधिकांश पानीका श्रातहरुको रासायनिक र जैविक परिक्षण गरेको पाइएन। सुरक्षित पानीको व्यवस्थापनका बिषयमा उल्लेख गर्नु पर्दा पानि पिउनु अघि वा हाम्रो दैनिक खाद्य पदार्थमा पानिको प्रयोग गर्नु अघि शुद्धिकरण एक अनिवार्य सर्त हुन आउंछ भने पानी





शुद्धिकरण अघि वा पछि त्यसलाई राखिने भॉडाको अवस्था, छोपेर राख्ने गरेको वा नगरेको साथै समय समयमा गुणस्तर परिक्षण गराउने गरेको वा नगरेको जस्ता कारणहरूले पिउने वा खाने पानीको गुणस्तरको मापन सहजै गर्न सकिन्छ । पानिको स्रोत देखि उपयोग वा उपभोगको स्थल र क्षण सम्म यसमा कहि कतै बाट दुषित हुन नदिने तर्फ विशेष ध्यान दिनु पर्दछ भने पानिलाई उमालेर वा उपयुक्त माध्यम बाट फिल्टर गरेर मात्र प्रयोग गरेमा यसको माध्यमबाट मानिसमा सर्ने वा लाग्ने रोगको प्रकोप न्यून हुन जान्छ मात्र हैन पूर्ण रुपले शुरक्षित समेत हुन सकिन्छ । रामधुनी नगरबासीहरूले पानीको प्रयोग र व्यवस्थापनमा अपनाएको बिधि र प्रकृयाकाबारेमा पूर्ण सरसफाई अन्तरगत अध्ययन गर्दा सर्वेक्षणको क्रममा खानेपानी शुद्धीकरण गरेर उपभोग गर्ने अभ्यासको अध्ययन गर्दा यस क्षेत्रका ५७ प्रतिशत घर परिवारले मात्र शुद्धीकरण गर्ने गरेको पाइएको छ भने ४३ प्रतिशतले घरधुरीले घरेलु पानी शुद्धिकरण गर्ने विधिको प्रयोग नगरी पिउने गरेको छ ।

पानीको गुणस्तरियता एक महत्वपूर्ण विषय हो । यो विषय पूर्ण सरसफाई तथा स्वच्छता र पानी सुरक्षा योजना जस्ता विभिन्न अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम, वैठक र अभियानहरुमा विषयवस्तु समावेश गरी सम्बोधन गर्न सकिन्छ ।

४.५ प्रविधिको आधारमा खानेपानीका चालु योजनाहरु

रामधुनी नगरपालिकामा विगत देखी नै संघ संस्था तथा दातृ निकायहरुवाट खानेपानी योजना सञ्चालन भएको पाइन्छ । यस नगरपालिकामा सर्भे गरिएको वडा नं. १ देखि ९ मा धेरै जसो व्यक्तिगत ट्युवेलवाट पानी खाइरहेका छन । यस क्षेत्रमा हाल १२ वटा खानेपानी योजना रहेको छ ।



४.६ खानेपानी योजनाहरुको सुचारुपन र कार्य क्षमता

खानेपानी योजनाहरुको कार्यक्षमता/सुचारुपन मापन गर्ने विभिन्न आयाम तथा तरिकाहरु छन् । पूर्णरुपमा सुचारुपन वा कार्यक्षमता नहुनुमा बराबरीरुपमा धेरै कारणहरु हुन्छन । ऋतु अनुसार पनि योजनाको अवस्था परिवर्तन हुनसक्छ, वा बाढी/पहिरोले प्रभाव पार्न सक्छ । पानीको मुहानमा हुने समस्याहरु, शुरुमै राम्रो संग योजना डिजाईन नहुनु, वा सामान्यता योजनाले डिजाईन अवधि पार गरिसकेको जस्ता अवस्थामा योजनाको न्यून वा शुन्य कार्यक्षमता हुनसक्छ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिको गैर जिम्मेवारीपन तथा समयमै गर्नुपर्ने काम नगर्नाको कारण योजनाको न्यून कार्यक्षमता हुनसक्छ । उपभोक्ता समितिले सहयोग चाहेको बेलामा कहिँ कतै बाट पनि प्राविधिक सहयोग वा आर्थिक सहयोग वा दुवै प्राप्त गर्न नसकेको अवस्थामा पनि योजनाको सुचारुपनमा नकारात्मक प्रभाव पार्दछ । भाद्र/असोज (अगस्ट/सेप्टेमबर) मा गरिएको यो सर्वेक्षणमा प्रत्येक लाभान्वित घरधुरीहरुको लागि तयार पारिएका प्रश्नावलीहरुको आधारमा सवै घरधुरीहरुबाट उपभोक्ताहरुको



चित्र : नगरपालिका स्तरमा योजनाको कार्यक्षमताको अवस्था

जवाफ लिनुका साथै अवलोकन गरिएको थियो । रामधुनी नगरपालिकामा ३८०१ (२८ प्रतिशत) घरधुरीहरुले पाइपको खाने पानी खाइरहेको, ६२९६ (४७ प्रतशित) घरधुरीले निमार्णधीन आयोजनाहरु सञ्चालनमा आएपछि खानेपानीमा पहुँच वृद्धि हुने र बाँकी ३३८५ (२५ प्रतिशत) घरधुरीले आयोजनाहरुको क्षमता विकास भई पाइपको खानेपानी खाने योजना रहेको छ ।

४.७ खानेपानीको प्रर्याप्तता



खानेपानी योजनाबाट पर्याप्त मात्रामा पानी उपलब्ध नहुनुमा बराबरीरुपमा धेरै कारणहरु हुन्छन । ऋतु अनुसार पनि योजनाको अवस्था परिवर्तन हुनसक्छ, वा भुकम्प, बाढी/पहिरोले प्रभाव पार्न सक्छ । पानीको मुहानमा जलवायु परिवर्तनका कारणले हुने असरहरु, शुरुमै राम्रो संग योजना डिजाईन नहुनु, वा सामान्यता योजनाले डिजाईन अवधि पार गरिसकेको जस्ता अवस्थामा योजनमा पानीको परिमाण न्यून हुनसक्छ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिको गैर जिम्मेवारीपन तथा समयमै गर्नुपर्ने काम नगर्नाको कारण योजनामा पानी पर्याप्त नआउन सक्छ । उपभोक्ता समितिले सहयोग चाहेको बेलामा कहिँ कतै बाट पनि प्राविधिक सहयोग वा आर्थिक सहयोग वा दुवै प्राप्त गर्न नसकेको अवस्थामा पनि योजनामा चाहिदो परिमाणमा पानि नआउन सक्दछ ।

भाद्र/असोज (अगसट/सेप्टेम्बर) मा गरिएको यो सर्वेक्षणमा प्रत्येक लाभान्वित घरधुरीहरुको लागि तयार पारिएको प्रश्नावलीहरुको आधारमा सवै घरधुरीहरुबाट उपभोक्ताहरुको जवाफ लिनुका साथै अवलोकन गरिएको थियो । यस नगरपालिकामा ४५% घरधुरीहरुले पिउन र खाना पकाउन मात्र पुग्ने, १% घरधुरीहरुले पिउन मात्र पुग्ने पानि को सुविधा योजनाहरुबाट पाएका छन् ।जहाँ ५४% घरधुरीहरुले सवै घरायसी प्रयोजनको लागि पुग्ने पानि प्राप्त गरेको देखिन्छ ।

४.८ निर्माणाधिन र सम्पन्न खानेपानी योजनाहरु र सुचारुपनको अवस्था

४.८.१ सम्पन्न खानेपानी योजनाहरु

क्र.सं.	सम्पन्न योजनाको नाम	वार्ड नं.	प्रविधि	घरधुरी	सम्पन्नताको अवस्था	जनसंख्या	योजनाको सुचारूपनको अवस्था
१	झुम्का खानेपानी तथा सरसफाई मूल उपभोक्ता समिति	१,३,५	भूमिगत पानी	२२००	सम्पन्न	९७८५	पूर्ण संचालन
२	कुमारखाट खानेपानी तथा सरसफाई उपभोक्ता समूह	७	भूमिगत पानी	४००	सम्पन्न	१८४६	पूर्ण संचालन
३	पञ्चायन खानेपानी योजना	७	भूमिगत पानी	२००	सम्पन्न	८१४	पूर्ण संचालन
४	कुमारखत खानेपानी योजना	७	भूमिगत पानी	४००	सम्पन्न	१७४४	पूर्ण संचालन
५	बकलौरी खानेपानी सरसफाई समितिक	७	भूमिगत पानी	३०१	सम्पन्न	१५८०	पूर्ण संचालन

६	चौसठी सेरा खानेपानी योजना	७	भूमिगत पानी	३००	सम्पन्न	१५००	पूर्ण संचालन
	जम्मा			**३८०१**		**१७२६९**	

४.८..२ निमांणाधिन योजनाहरु

क स	निर्माणधीन योजनाको नाम	वडा नं	टोल	घरधुरी	जनसंख्या	योजनाको किसिम	अनुमानित लागत
१	बकलौरी खानेपानी सरसफाई समिति ख (शंकरबेली ताल)	६	जमुवा टोल	४००	२३४८	निर्माणाधीन	४१,००,०००।००
२	डुमरिया खानेपानी उपभोक तथा सरसफाई समिति	१	डुमरीया हाँस्पोसा	५००	२४६४२	निर्माणाधीन	८६००००।००
३	शिवनगर खानेपानी योजना	८		१२००	३६९५	निर्माणाधीन	२५००००।००
४	काठघरा पञ्चायन फास्ट ट्र्याक खानेपानी तथा सरसफाई योजना	६,७	कटघरा गाउँ	२०००	८९५५	निर्माणाधीन	५८००००।००
५	डुमराहा खानेपानी योजना	८, ९	मरचैया, सितपुर, बसाहा	१३९६	६९८०	निर्माणाधीन	१०,००,००,०००।००
६	सिंगिया खानेपानी योजना	३	डुमराहा, हाटखोला	८००	४०००	निर्माणाधीन	३,००,००,०००।००
७	बक्लौरी खानेपानी आयोजना (ग)	६	बक्लौरी बजार	११२६	६३२९	निर्माणाधीन	४,००,००,०००।००

५. रामधुनी नगरपालिकाको सरसफाईको अवस्था

५.१ घरधुरी सरसफाइ

मापन गर्न यो सर्वेक्षणमा निम्न बमोजिम दिगो विकास लक्ष्य को सुचकहरु प्रयोग गरिएको छ ।

- **सुरक्षित रुपले व्यवस्थित सरसफाई**
  दिगो विकास लक्ष्यले सुरक्षित रूपले व्यवस्थित सरसफाईलाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवार सँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पति स्थानमै वा सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको रुपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया डबलपिट शौचालयहरूमा मात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोस्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमानै फोहर निकालेर खालि गर्नु पर्दैन ।
- **आधारभुत** : पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु
- **सिमित** : पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको
- **नसुधारिएको** : कच्ची शौचालयहरु भएको
- **खुल्ला दिशा** : खुला रुपमा यत्र तत्र अन्य ठोस फोहोर संग भएको दिशा

प्राथमिकिकरणको हिसावले खाना बनाउन भान्सा घर तथा बास बस्ने स्थान भन्दा मानव जीवनको पहिलो र अनिवार्य आवश्यकता ब्यवस्थित सौचालय र त्यसको सहि सदुपयोग हो । खुला स्थानमा विसर्जन गरिने दिसा पिसावको कारण झाडापखाला, आउ हैजा लगायतका रोगहरूको प्रकोप अत्यन्तै धेरै हुने मात्र हैन कहिलेकाहि महामारिको रुप समेत लिने गर्दछ । तर मानव समदायले विगत देखिन यसलाई प्रथम प्राथमिकतामा राखेको पाईदैन । विकासोन्मुख तथा अल्प विकसित मुलकहरूमा यसको अवस्था झनै विकराल रहदै आएको छ । यस विषयमा रामधुनी नगरपालिकाले घरपरिवार सर्वेक्षण २०७६ मार्फत अध्ययन गर्दा यस नगरको १३४८२ घर परिवार मध्ये ३३३५ (२४.७४ %) घरपरिवार सेफ्टि टेंकी सहितको फ्लस भएका शौचालयको प्रयोग गरिरहेका छन भने ९४६३ (७०.१९ %) घरपरिवारले साधारण शौचालयको प्रयोग गरिरहेको अवस्था छ । रामधुनी नगरपालिकालाई खुला दिसामुक्त क्षेत्रको रुपमा अन्तिम पटक आ.व. २०७३/७४ मा नै घोषणा गरिएका भएता पनि यस सर्वेक्षणल समेत ६२२ (४.६१ %) घरपरिवारमा शौचालय नभएको विवरण प्राप्त भएका छ ।



वडागत रुपमा अध्ययन गरिएका यस सर्वेक्षणमा सवै वडामा शौचालय नभएको घरपरिवार रहेका छन् भने १०० घरपरिवार भन्दा बढी रहेका वडामा वडा नं. ४, ६ र ९ रहेका छन भने त्यसमा पनि सवै भन्दा बढी वडा नं. ९ मा १३९ घरपरिवार रहेका छन । अभिभावकले बालबालिकालाइ कस्तो घरायसी वातावरणमा हुर्कन र विकसित हुन वातावरणको ब्यवस्थापन गर्दछन उनीहरूको आनी बानी र ब्यवहार समेत त्यस अनुरुप विकसित हुंदै जाने गर्दछ मात्र हैन शौचालयको प्रयोग भविश्य समेत त्यसैमा निर्भर रहन्छ । तसर्थ शौचालयको प्रयोगको वर्तमान अवस्था विगतमा हाम्रो अभिभावकहरूले अपनाएको ब्यवहारिक पक्षको प्रतिविम्ब हो । बर्तमान सामाजिक सचेतनाको कारण वर्तमान अवस्थामा केहि सुधार हुंदै गएको भएता पनि शौचालय नभएको घर परिवारले अनिवार्य शौचालय निर्माण गर्ने तथा सत प्रतिसतले शौचालयको पूर्ण सरसफाई, सावुन पानिको पर्याप्त ब्यवस्था र समय समयमा मर्मत सम्भार गर्ने बानिको विकास गराउन थप कृयाशिल हुन पनि आवश्यकता देखिएको छ । शौचालयको ब्यवस्था र प्रयोगको विषयमा घरपरिवार सर्वेक्षण बाट प्राप्त यस नगरका विवरण तालिका नं.७३ मा उल्लेख गरिएका छ ।

परिवारले प्रयोग गर्ने शौचालयको प्रकारको आधारमा घरपरिवार विवरण, २०७६						
वडा नं.	शौचालयको प्रकार					जम्मा
	फ्लस भएका सार्वजनिक ढल	फ्लस भएका सेफ्टि टेंकी	साधारण	शौचालय नभएको	अन्य	
१	१	१०९	१६०६	१३	०	१७२९
२	३	६०२	६८७	६९	०	१३६१
३	१२	६०१	६२४	३४	०	१२७१
४	०	२०२	१०७४	१०९	०	१३८५
५	०	६१३	१३०२	१	०	१९१६
६	५	५५४	९२०	११६	०	१५९५
७	३८	१८७	१५४५	८८	२	१८६०
८	१	१	९५१	५३	०	१००६
९	०	४६६	७५४	१३९	०	१३५९
जम्मा	६०	३३३५	९४६३	६२२	२	१३४८२
%	०.४५	२४.७४	७०.१९	४.६१	०.०१	१००

श्रोत: रामधुनी घरपरिवार सर्वेक्षण, २०७६



साबुन पानीको प्रयोगको अवस्थको आधारमा घरपरिवार			
क.स	साबुन पानीका प्रयोगको अवस्था	घरपरिवार संख्या	%
१	शौचालय गए पछी	१३०४०	९६.७२
२	फोहोर कुरा तथा बिषादी छौएपछी	११६००	८६.०४
३	खाना खानु अघि	९६७०	७१.७३
४	खाना पकाउनु अघि	९१७३	६८.०४
५	बिरामी तथा बच्चको स्याहार गर्नु अघि र पछी	८९१४	६६.१२
६	बच्चाको दिसा धोए पछी	७१७७	५३.२३
७	बच्चालाइ खाना खुवाउनु अघि	६७०३	४९.७२
८	कहिले पनि नधुनी	२६९	२.००

श्रोतः रामधुनी घरपरिवार सर्वेक्षण, २०७६

५.२. पुर्ण सरसफाइ

खुल्ला दिसा मुक्त घोषणा गर्नु नै पूर्ण सरसफाईका लागि प्रवेश विन्दु हो । पूर्ण सरसफाई मार्गदर्शन २०७३ को अनुसार पुर्णसरसफाईका सुचकहरु । फोहोरमैला ब्यवस्थापनमा घरपरिवारको अवस्थाका बारेमा रामधुनी घरपरिवार सर्वेक्षण बाट प्राप्त विवरणका आधारमा कुल घरपरिवार मध्ये ९५.४५ % घरपरिवारले आफनो घर ऑगनको नियमित सरसफाई गर्ने गरेको, ८२.५६ % घरपरिवारको भॉडा माझने स्थानको पानीको सुरक्षित निकास भएको, ६३.५५ % घरपरिवारले आफनो घरको सड्ने र नसडने अलग अलग राख्ने गरेको, ५२.८२ % घरपरिवारले सड्ने फोहोरमैलालाई एकल वा सामुहिक रुपमा मल बनाउने गरेको, ६६.३८ % घरपरिवारले हानिकारक फोहोरमैलालाई अन्य फोहोरमैलाबाट अलग गरी निर्धारित स्थानमा ब्यवस्थापन गर्ने गरेको, ७३.९५ % घरपरिवारले पशुपन्छीलाई छुट्टै गोठ वा टहरा बनाई मलमुत्रको ब्यवस्थापन गर्ने गरेको साथै आफ्नो घरमा पालेका पशुपन्छी बाट निस्कने फोहोरमैलाको ब्यवस्थापनको बिधिकाको हकमा ६२.५१ % ले थुप्रो बनाएर राख्ने गरेको र २९.३१ % ले कम्पोष्ट मल बनाउने गरेको, आफ्नो घर ऑगन बाट निस्कने ठोस फोहोरमैलालाई ५१.२४ % घरपरिवारले कुहिने नकुहिने एउटै खाल्डोमा हालेर तथा ४५.६९ % घरपरिवारले कुहिने नकुहिने अलग अलग खाल्डोमा हालेर ब्यवस्थापन गर्ने गरेको, आफ्नो घरमा भॉडा धोएको पानीको ब्यवस्थापनको हकमा करिव ७२ % घरपरिवारले खाल्डोमा हालेर र १९.९४ % घरपरिवारले करेसा बारीमा लगाएर ब्यवस्थापन गर्ने गरेको, ५२.५७ % घरपरिवारले खाना पकाउनकालागि परम्परागत (दाउरा समेत बाल्ने चुलो र ४०.०७ % ले ग्यॉस चुलोको प्रयोग गर्ने गरेको तथा ७.२५ % ले सुधारिएको चुलो र मात्र १५ घरपरिवार गोवर ग्यॉस वा बायो ग्यॉस चुलोको प्रयोग गरेको पाईएको छ । यसै गरी ७६.९१ % घरपरिवारको घरवरीपरी बाटोमा प्लास्टिक तथा सिसाजन्य बस्तु फालेका अवस्था नभएको तथा करिव ६१ % घरपरिवारले आफ्नो घरमा करेसाबरी, फुलबारी वा अन्य हरियालीको समेत ब्यवस्थापन गर्ने गरेको पाईएको छ । उपरोक्त विवरणका आधारमा रामधुनी नगरपालिकामा बिगतको तुलनामा फोहोरमैला ब्यवस्थापन र स्वास्थ्य सचेतनामा स्थानीयबासीको चासो र सरोकारमा क्रमस सकारात्मकता थपिदै गएको भएता पनि बर्तमान परिवेश र बिश्व बिकासको गति र वातावरण संरक्षणको महत्वका हिसावले यस प्रकारको फोहोरमैलाको अब्यवस्थापन आफैमा एक कहालिलाग्दो र चुनौतिपूर्ण अवस्थाहो । यसले भविश्यमा कठिन परिस्थितिको श्रेजना गर्न सक्ने कुरामा दुई मत छैन । तसर्थ रामधुनी नगरपालिकाले आगामी दिनमा फोहोरमैलाको उपयुक्त ब्यवस्थापनकालागि फोहोरमैला प्रशोधन केन्द्र ब्यवस्थापन सहितको विशेष योजना तर्जुमा गरी कार्यान्वनयमा ल्यउन अनिवार्य देखिएकोछ । रामधुनी नगरपालिकाको वातावरण तथा फोहोरमैला ब्यवस्थापन र सरसफाई सम्बन्धी विवरण तालिका नं. ८८ देखि ९९ सम्ममा उल्लेख गरिएको छ ।

पूर्ण सरसफाईका सूचकहरुको अवस्था	घर परिवार संख्या	प्रतिशत
फोहोर संकलन व्यवस्था	८५६८	६३.५५
शौचालयमा साबुन पानीले हात धुने सुविधा	१२४९७	९२.६९
ग्यॉस चुलो	५४०२	४०.०७
गोवर ग्यॉस चुलो	६	०.०४
बायो ग्यॉस चुलो	९	०.०७
सुधारिएका चुलो	९७७	७.२५
व्यवस्थित जुल्ठेनो	१११३१	८२.५६
भाडा सुकाउने चाङ्ग	९३०७	६९.०३
सफा घर आग्न	१२८६९	९५.४५
जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने	८३१८	६१.६९
सुरक्षित खानाको प्रयोग	१३०५९	९६.८६

५.३. वातावरणीय सरसफाइको अवस्था

यस नगरपालिकाको घरायसी तहको ठोस फोहोर संकलन तथा व्यवस्थापन र विसर्जनको अवस्था सुधारोन्मुख अवस्थामा रहेको छ । हाल ४६ प्रतिशतले घरायसी फोहोर कुहिने र नकुहिने फोहोरमात्र छुट्टा छुट्टै वर्गिकरण गरेर, ४८ प्रतिशतले सवै फोहोर एकै ठाउ संकलन गरेर र वाकि ६ प्रतिशतसंग कुनै सुविधा नै नरहेको पाइएको छ । त्यस्तै विसर्जन गर्ने चलन हेर्दा करिव २९ प्रतिशतले कम्पोष्टमा बनाउने, ६० प्रतिशतले थुप्रो बनाएर राख्ने, ३ प्रतिशतले जथाभावी फाल्ने र ८ प्रतिशतले अन्य (खाडल) मा फाल्ने गरेको देखिन्छ । त्यस्तै संस्थागत र सार्वजनिक व्यवस्थापनको अवस्था हेर्दा सवै भन्दा धेरै स्वास्थ्य संस्थाले, केही मात्रामा विद्यालयहरुले वर्गीकरण गरेर व्यवस्थापन तथा विसर्जन गर्ने गरेको देखिन्छ भने सार्वजनिक स्थलमा भने संकलन, व्यवस्थापन तथा विसर्जनको खास प्रवन्ध नरहेको देखिन्छ । जसको विवरण निम्न अनुसार तालिका तथा चार्टमा प्रस्तुत गरिएको छ ।

ठोस फोहोर संकलन विधि	वडा नम्बर									कुल जम्मा
	१	२	३	४	५	६	७	८	९	
कुहिने र नकुहिने फोहोरमात्र छुट्टा छुट्टै संकलन सुबिधा	१५६१	१०९७	३७०	४२२	५३६	९११	६६८	१९६	३८९	६१५०
सवै किसिमका फोहोर एकै स्थानमा संकलन गर्ने	१२६	२५३	८९०	९३९	१२५२	६३१	७८१	८०८	८४६	६५२६
फोहोर संकलन सुविधा नभएको	४२	११	११	२४	१२८	५३	४११	२	१२४	८०६
कुल जम्मा	**१७२९**	**१३६१**	**१२७१**	**१३८५**	**१९१६**	**१५९५**	**१८६०**	**१००६**	**१३५९**	**१३४८२**

घरायसी ठोस फोहोर विसर्जन विधि	वडा नम्बर									कुल जम्मा
	१	२	३	४	५	६	७	८	९	
कम्पोस्ट बनाउने	३६०	६१०	९६८	२४४	१९	३९७	४३३	२८४	६३३	**३९४८**
जथाभावी फाल्ने	१८	१६	५	३४	१०६	१६	६	९	१३६	**३४६**
थुप्रो वनाएर राख्ने	१०४९	७२८	२९८	११०१	१३९८	११७३	१०४७	६७३	५८८	**८०५५**
अन्य	३०२	७	०	६	३९३	९	३७४	४०	२	**११३३**
कुल जम्मा	**१७२९**	**१३६१**	**१२७१**	**१३८५**	**१९१६**	**१५९५**	**१८६०**	**१००६**	**१३५९**	**१३४८२**





६. रामधुनी नगरपालिकाको विद्यालय, संस्थागत, सार्वजनिक स्थलहरुमा खानेपानी, सरसफाई तथा स्वच्छताको अवस्था

६.१. खानेपानी

मापन गर्न सर्वेक्षणमा निम्न बमोजिम दिगो विकास लक्ष्यका सुचकहरु प्रयोग गरिएको छ ।

- आधारभूत: सुधारिएको स्रोतबाट पिउने पानी उपलब्ध छ (सुधारिएको स्रोत: पाइपबाट पानी, सुधारिएको मूल, वर्षातको पानी संकलन)
- सिमित: यहाँ सुधारिएको स्रोत छ, तर सर्वेक्षणको समयमा पानी उपलब्ध छैन ।
- सेवा विहिन: कुनै पनि स्रोत वा सुधारिएको स्रोत नभएको

खानेपानीको सुविधास्तरका आधारमा विद्यालय, स्वास्थ्य संस्था एवं सार्वजानिक स्थानको अवस्था निम्न अनुसार प्रस्तुत गरिएको छ ।

खानेपानीको पानीको सुविधा स्तर	शैक्षिक संस्था	सार्वजनिक स्थल	स्वास्थ्य संस्था
आधारभूत	१४	०	७
सिमित सुविधा	११	०	२
सेवा विहिन (खानेपानीको सुविधा नभएको) वा सुधारीएको श्रोत नभएको	०	११	०



६.२ सरसफाइ

मापन गर्न यो सर्वेक्षणमा निम्न बमोजिम दिगो विकास लक्ष्य को सुचकहरु प्रयोग गरिएको छ ।

- आधारभुत : पर्याप्त पक्कि चर्पीको सुविधा, महिला पुरुष छुट्टै भएको र प्रयोग गर्न सकिने ।
- सिमित : पर्याप्त पक्कि चर्पीको सुविधा नभएको, महिला पुरुष का लागि छुट्टै कोठा छैन वा सर्भेक्षणको समयमा प्रयोग योग्य छैन ।
- सुविधा छैनः चर्पी छैन वा कच्चा चपी

सार्वजनिक र संस्थागत शौचालयको अवस्था यस क्षेत्रमा कमजोर देखिन्छ । शैक्षिक संस्थाका जम्मा ६७ वटा शौचालयमा महिला पुरुषको लागि अलग्गै शौचालय संरचना उपलव्ध छैन । भएका मध्ये सवै संरचनाहरु प्रयोगयोग्य पनि छैनन । सार्वजनिक शौचालय त नाम मात्रको छ । नियमित प्रयोग गर्न मिल्ने संरचना र सुविधाहरु उपलव्ध छैन । जेनतेन स्वास्थ्य संस्थाका शौचालयहरु सामान्य सञ्चालनमा रहेका छन । जसको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

चर्पीको पहुँचको अवस्था	शैक्षिक संस्था	सार्वजनिक स्थल	स्वास्थ्य संस्था	जम्मा सौचालय
महिला र पुरुषको लागि भिन्नाभिन्नै व्यबस्था	६	१	२	९
सधै प्रयोग गर्ने सकिने	२५	४	१९	४८
प्रयोग गर्न योग्य भौतिक संरचना	४०	६	१९	६५
पानीको उपलब्ध भएको	२५	३	१९	४७
गोपनियता भएको	१९	१	२	२२



सर्वेक्षण गएिको वडा नं. १ देखि ९ सम्मको क्षेत्रमा पर्ने शैक्षिक संस्था, हाटबजार, वस पार्क र स्वास्थ्य संस्थाको सरसफाइ सेवा स्तरको अवस्थाको वर्तमान अवस्थालाई विश्लेषण गरी निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

चर्पीको सुविधास्तर	शैक्षिक संस्था	सार्वजनिक स्थल	स्वास्थ्य संस्था	कुल जम्मा
आधारभूत	४०	५	९	५४
सिमित सुविधा	२७	२१	७	५५
कुल जम्मा	६७	२६	१६	१०९



६.३ स्वच्छता

स्वच्छता मापन गर्न यी स्थानहरुमा हात धुने सुविधा सहितको स्थानलाई अवलोकन गरिएको छ । सुधारिएको खानेपानी तथा सरसफाईबाट पूर्ण रुपमा लाभान्वित हुनका लागि, स्वच्छता अनिवार्य छ । स्वच्छ रहनका लागि धेरै कुराहरु मध्ये साबुन पानीले हात धुने कुरा महत्वपूर्ण रहेको कुरा बैज्ञानिक हिसाबले प्रमाणित छ । यो सर्वेक्षणमा स्वच्छता सुविधा अवलोकन गर्दा निम्न बमोजिमका दिगो विकास लक्ष्यका सुचकहरु प्रयोग गरिएको छ ।

- आधारभूत : पानी तथा साबुन सहित हातधुने सुविधा उपलब्ध भएको ।
- सिमित : पानी सहित हातधुने सुविधा उपलब्ध भएको तर साबुन नभएको ।
- सेवा विहिन : हातधुने सुविधा उपलब्ध नभएको वा हातधुनको लागि पानी नभएको ।

सर्वेक्षण गरिएको क्षेत्रको विद्यालय, सार्वजनिक एवं संस्थागत सौचालयहरुको स्वच्छता सुविधा स्तरको अवस्था निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ । यस अनुसार जम्मा २५ शैक्षिक संस्था, ११ सार्वजनिक स्थल र ९ स्वास्थ्य संस्था रहेका छन् । ती संस्थामा रहेका सुविधाको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ

स्वच्छताको सुविधा स्तर	शैक्षिक संस्था	सार्वजनिक स्थल	स्वास्थ्य संस्था	जम्मा
सेवा विहिन	०	८	०	८
सिमित सुविधा	१६	३	०	१८
आधारभुत	९	०	९	१८



६.४ वातावरणीय सरसफाइको अवस्था

संस्थागत र सार्वजनिक व्यवस्थापनको अवस्था हेर्दा सबै भन्दा धेरै स्वास्थ्य संस्थाले, केही मात्रामा विद्यालयहरुले वर्गीकरण गरेर व्यवस्थापन तथा विसर्जन गर्ने गरेको देखिन्छ भने सार्वजनिक स्थलमा भने संकलन, व्यवस्थापन तथा विसर्जनको खास प्रवन्ध नरहेको देखिन्छ । जसको विवरण निम्न अनुसार तालिका तथा चार्टमा प्रस्तुत गरिएको छ ।

सँस्थाको ठोस फोहोर ब्यबस्थापन (सुबिधा)स्वास्थ्य सँस्थामा सिरिन्जजन्य, संक्रमित र अन्य साथै अन्य सौचालयमा कुहिने, नकुहिने र पुनःप्रयोग गरि ३.३प्रकार	**शैक्षिक संस्था**	**सार्वजनिक स्थल**	**स्वास्थ्य संस्था**	**जम्मा**
कुहिने	०	०	२	२
नकुहिने	२५	०	७	३२
पुनः प्रयोग	२५	०	०	२५
बर्गिकरण गरी संकलन गर्ने	२५	०	९	३४
संकलन गर्ने ब्यबस्था नभएको	०	११	०	११



ठोस फोहोर विसर्जन स्थल	शैक्षिक संस्था	सार्वजनिक स्थल	स्वास्थ्य संस्था	जम्मा
जंगलमा	०	०	०	
जमिनमा गाड्ने वा जलाउने गरिएको	२३	०	४	
नजिकै सार्वजनिक स्थलमा फ्याक्ने गरिएको	०	११	०	
पालिकाको फोहोर व्यबस्थापनमा	२	०	५	



६.५ महिनावारी स्वच्छता व्यवस्थापन अवस्था

विद्यालय, सार्वजनिक एवं स्वास्थ्य सँस्थागत सौचालयहरुको महिनावारी व्यवस्थापन सुविधाको बारेमा तालिका एवं चित्र सहित उल्लेख गर्ने ।

महिनावारी स्वच्छता व्यवस्थापन	शैक्षिक संस्था	सार्वजनिक स्थल	स्वास्थ्य संस्था	जम्मा
महिनावारी भएको बेलामा चर्पी प्रयोग गर्न पाइने	१२	०	६	१८
सेनिटरी प्याड विसर्जन गर्न डस्ट विन भएको	१२	०	६	१८
इन्सिनिरेटरको सुविधा भएको	१२	०	०	१२



७. खानेपानी, सरसफाई तथा स्वच्छता योजना

७.१ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको सोच तथा परिलक्ष्य

नेपालमा वास क्षेत्रका मुद्दाहरू सम्बोधन गर्न एकीकृत तथा अन्तरसम्बन्धित पद्धतिहरूलाइ मान्त्यता दिनु अवश्यक छ । वास क्षेत्रलाइ फराकिलो अर्थमा बुझ्दा संस्था, सङ्गठन, नीति र अभ्यास जसमा खानेपानीका स्रोतहरूको व्यवस्थापन, विविध जनसंख्या र उद्योगहरूका लागि खानेपानी सेवाहरूको प्रवाह समेत समेटिन्छ । सेवामा पहुँच नपुगेकाहरू धेरैजसो दुर्गम र बिकट ठाउँमा रहेका आवादीमा वस्ने र सीमान्तकृत तथा सङ्कटासन्न समुदायहरू नै हुन, अथवा शक्ति, स्रोत र "वास" सेवाहरूलाइ सफलतापूर्वक हासील गर्ने सीपमा कमी भएकाहरू पनि हन् । खानेपानी तथा सरसफाइ सेवाहरूमा आम पहुंच सुनिश्चित गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा जे कारणहरूले छुटेका भए पनि ती जनसंख्याको खानेपानी तथा सरसफाइमा पहुंच हुनु अवश्यक छ ।

मानव विकासको लागि दिगो खानेपानी तथा सरसफाइका सेवाहरू सबैभन्दा शक्तिशाली चालक तत्वहरू हन् । तिनिहरूले अवसरको विस्तार, मर्यादामा वृद्धि र स्वास्थ्य सुधारको गुणात्मक चक्र सिर्जना र वृद्धिमा सहयोग गर्दछन । तसर्थ वास सेवा नपुगेको स्थानमा सेवाको बृद्धि र उपलब्ध सेवा तथा लाभहरूको प्रभावकारी उपयोगिता सुनिश्चित गर्नु नै प्रमुख लक्ष्य रहेको छ ।

दूरदृष्टि (सोच) यस नगरपालिकामा बसोबास गने सबैका लागि जहां र जहिले पनि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्वीकार्य र किफायती खानेपानी तथा सरसफाइ सेवाहरू मार्फत जनस्वास्थ्य र जनताको जीवनस्तरमा सुधार ल्याउने ।

परिलक्ष्य (ध्येय) प्रभावकारी, संवेदनशील, पारदर्शी र जबाफदही "वास" क्षेत्र हने छ । यस सोचलाइ साकार पार्न यस पालिका अन्तर्गत सञ्चालित एकल क्षेत्रगत विकास वास योजना र एकल "वास" कार्यसम्पादन प्रतिवेदनको अनुसरण गरिने छ ।

माथि उल्लेखित दूर दृष्टि र परिलक्ष्य प्राप्त गर्न नगरपालिकाले नेपालको सम्विधान २०७२ ले दिएको अधिकार प्रयोग गरि विभिन्न नीती तथा नियमहरु बनाएर अगाडि बढने छ ।

७.२ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको उद्देश्यहरू

यो वास योजनालाइ विभिन्न विषयगत शीर्षकहरूमा समेटिएको छ । यी विषय शीर्षकहरू यस योजनाका रणनैतिक उद्देश्यहरू हुन् र तिनले थप विस्तृतमा हरेक उद्देश्यका लागि कृयाकलापहरू, लक्ष्यहरू, सूचकहरू तथा लागत अनुमान समेत प्रस्तुत गरेका छन् । यो क्षेत्रगत विकास वास योजना प्रभावकारी, कुशल र दिगो "वास" सेवाहरूको प्रवाह सुनिश्चित गर्ने एक रणनैतिक खाका हो । यस योजनाको प्रमुख उद्देश्य स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाई सेवाबाट बंचित समुदाय तथा क्षेत्रको लागि यस सेवाको सुनिश्चितता र सेवामा स्तरीकरण प्रदान गर्न योजना निर्माण गर्नु हो । स्थानीय तहमा विद्यमान श्रोतहरुको औचित्यपुर्ण तथा समतामूलक वितरण र समस्याको दिगो समाधान सहितको योजना निर्माण नै यस योजनाको प्रमुख अपेक्षित परिणाम हो ।

यस योजना तर्जुमाको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको स्थानिय तह क्षेत्र भित्र यस सेवा सवैलाई समान रुपमा पुऱ्याउने अवधारणामा केन्द्रित हुनु हो । सेवा बाट वञ्चित समुदाय, क्षेत्र र जनसंख्यालाई समुचित सेवा पुऱ्याउनु र कहिल्यै कोही नआईपुगेका ठाउँ / समुदायमा सेवा सहित पुग्ने बाटो बनाउनु हो । यसको अर्थ यस योजना तर्जुमा गर्नु भनेको स्थानिय तहको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रमको पूर्ण सुनिश्चितता प्रदान गर्न मार्ग प्रसस्त गर्नु हो ।

यस योजना तर्जुमाको अर्को आधारभूत सैद्धान्तिक पक्ष हो- सहभागीतामूलक (Participatory) र उर्ध्वगामी (Bottom-up) योजना पहिचान प्रकृया । यसका लागि सेवाप्रदायक संस्था, विज्ञ/जनप्रतिनिधि र सरोकारवालाहरुले समुदायस्तरमै छलफल परामर्श गरी समुदाय, विशेष गरी सिमान्तकृत समुदायको आवाजलाई मुखरीत हुने अवसर प्रदान गर्दछन् । त्यसपछि वार्ड स्तरीय छलफल, परामर्श र गोष्ठीमा पनि वार्ड भित्रका जनसमुदाय र जनप्रतिनिधिहरुले व्यापक अन्तरक्रिया र छलफल पछि आवश्यकता अनुसार योजना पहिचान र प्राथमिकीकरण गर्दछन् । समुदाय र वार्डस्तरीय परामर्श पछि मात्र पालिकास्तरमा छलफल गरिन्छ र प्राथमिकीकरण गरी निर्णय गरिन्छ । तलबाट माथितिर जाने उर्ध्वगामी (Bottom-up) सैद्धान्तिक आधारमा योजना तर्जुमा गरिने भएकोले यो सहभागीतामूलक र उर्ध्वगामी हुन्छ । योजना तर्जुमा प्रकृयामा सवैको अधिकारको सम्मान गरिन्छ र समुदायसंग सहभागीतामूलक पद्धती द्धारा आयोजनाहरुको प्राथमिकिकरण गरिन्छ ।

यसै अनुरुप यस योजनाको उद्देश्यहरु निम्न प्रकार रहेका छन् ।

- खानेपानीका विद्यमान श्रोतहरु तथा मौजुदा खानेपानी तथा सरसफाइ सम्बन्धि संरचना सुविधाहरुको लगत संकलन गरि अभिलेखीकरण गर्ने ।

- स्थानीय तहभित्रका सेवा नपुगेका स्थान र पहुँच वाहिरका समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवाहको सुनिश्चितता सहित अल्पकालीन र दिर्घकालीन रणनैतिक योजना तयार पार्ने ।
- खानेपानी, सरसफाइ तथा स्वच्छतासंग अन्तरसंबन्धित विषयवस्तुहरुसहित यसबाट प्राप्त गर्न सकिने प्रतिफलहरुको परिचालन, प्राथामिकिरण र प्रवर्द्धन योजना तयार गर्ने ।
- स्थानीय तह क्षेत्र भित्रको सुरक्षित खानेपानी सरसफाइ तथा स्वच्छता अवस्थाको आधार रेखा तथ्याङ्क सहितको मापदण्ड तयार गरि उपरोक्त सेवा विस्तार निश्चित समयावधिमा पूर्ण (१००%) गर्न प्रतिवद्धता सहितको अवधारणा तयार पार्ने ।
- यस योजना संग अन्य विषयगत योजनाहरुलाई एकिकृत गर्नको निम्ति स्थानीय तहको संस्थागत सुदृढिकरण कार्य योजना सहित स्थानिय सरकारलाई सहजिकरण गर्ने ।
- यसको वार्षिक योजना तथा वजेट निर्माण गर्न सहजीकरण गर्ने ।
- यस क्षेत्रको व्यवस्थापन सूचना प्रणाली लाई एकरुपता प्रदान गर्ने ।

यस योजनाको विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन् ।

- वास सुशासन र प्रभावकारितामा सुधारका माध्यमबाट "वास" सेवाहरूलाइ सबैको पहुँचमा पुरयाउँदै सेवाको स्तरमा सुधार ल्याउने ।
- विद्यमान क्षेत्रगत मुद्दाहरू एवम भविष्यमा बिकसित हुन सक्ने परिदृष्यहरूको सम्बोधन गर्ने ।
- यस क्षेत्रको प्रभावकारी कार्यक्रम निर्माण एवम सुसङ्गत र सामञ्जस्सीय ढङ्गले कार्यान्वयन गर्नका लागि क्षेत्रगत प्राथमिकता र रणनीति स्पष्ट गर्दै क्रमशः क्षेत्रगत एकत्रीकरण गर्नु ।
- राष्ट्रिय प्राथमिकताहरू, रणनीतिहरू, मानकस्तरहरू एवम कायाविधिहरूका तहमा सम्पूर्ण सरोकारवालाहरू लाइ प्रभावकारी "वास" सेवा प्रवाहको कार्यक्रम निर्माण एवम व्यवस्थापनका लागि मार्गनिर्दशन तथा अभिप्रेररित गर्ने ।
- सबै नागरिकहरू सम्म सुचारु र दिगो "वास" सेवाहरूको पहुँचको सुनिश्चितता गर्न क्षेत्र विकास योजना सङ्ग तादात्म्य हने गरी सक्षमकारी नीति, कानुनी एवम नियमनकारी खाका, सेवा प्रवाहको लागि स्पष्ट संस्थागत संयन्त्र, वित्तीय प्रबन्धहरू, क्षमता अभिवृध्दि, परिष्कृत समन्वय र कायासम्पादन अनुगमन पद्धति लागू गर्नु ।

७.३ खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको समयाअवधि

यो वास योजनाको समयावधि २०७७ देखि २०८७ साल अर्थात (ई २०२१-२०३०) सम्मको हने छ र नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको क्षेत्रगत विकास योजना (Secetor Development Plan) का साथै विश्वब्यापि दिगो विकास लक्ष्यहरूसँग आवध्द छ । यो योजनालाइ तीन चरणमा तत्कालीन, मध्यकालीन र दीर्घकालीन चरणमा विभाजन गरिएको छ। यो एउटा रोलिङ्ग योजना हुनेछ र प्रत्येक तिन वर्षमा अद्यावधिक गरिने छ।

अवधि	लक्ष्यहरु
तत्कालिन चरण (सन् २०२३ सम्म)	• सवै घरधुरीको सरसफाइ आधारभुत वास सेवामा पँहुच • खानेपानि सेवाको स्तरमा सुधार (मध्यम २५% र उच्च १५% जनसंख्या)
मध्य कालिन चरण (सन् २०२४-२०२६ सम्म)	• सरसफाइ सेवाको स्तरमा सुधार (आधारभुत ७५% र सुरक्षित वास सेवामा पँहुच २५ % घरधुरी) • खानेपानि सेवाको स्तरमा सुधार (मध्यम ४०% र उच्च ३०% जनसंख्या) • कार्यक्षमता र दिगोपनामा सुधार
दीर्घ कालिन चरण (सन् २०२७-२०३० सम्म)	• सरसफाइ सेवाको स्तरमा सुधार (आधारभुत ५०% र सुरक्षित वास सेवामा पँहुच ५० % घरधुरी) • खानेपानि सेवाको स्तरमा सुधार (मध्यम ५०% र उच्च ५०% जनसंख्या) • प्रभावकारिता मुल्याङ्कन

समग्रमा १० वर्षे योजनाले मुलुक र यस पालिकाको सन् २०३० को दीर्घकालीन सोच साकार पार्नमा योगदान पुरयाउने छ । यस योजनाको कार्यान्वयनले निम्न उल्लेखित "वास" उपलब्धिहरू द्वारा वास योजनाले लिएका उद्देश्य प्राप्ति गर्न गति दिने छ ।

- पानी जन्य रोगहरूमा कमी आउने छ,
- विद्यालयमा पानी तथा सरसफाइका सुविधाहरूको पहुँच अभिवृध्दिले छात्राहरू विद्यालय बीचमा नै छोड्ने दरमा कमी आउनेछ,
- शिशु तथा बाल रुग्णता र मृत्यु दरमा कमी आउने छ, र
- मानव विकास सूचकाङ्कमा बढोत्तरी हुन छ ।

७.४. खानेपानी, सरसफाई तथा स्वच्छता योजना कार्यान्वयन रणनीति

रामधुनी नगरपालिका द्वारा तय गरिएका खानेपानी, सरसफाई तथा स्वच्छता (वास) सम्वन्धि लक्ष्य पुरा गर्न नगरपालिका क्षेत्रमा भएका सरोकारवालाहरुको छरिएका प्रयासहरुलाई एकीकृत गर्नु नै यस योजनाको प्रमुख रणनिति हुनेछ । तसर्थ नगरपालिका क्षेत्रमा कार्यरत सम्पुर्ण सरोकारवालाहरुले आफ्नो कार्यक्रमको योजना तथा कार्यान्वयनका लागि तपसिलका रणनितिहरु अवलम्वन गरिने छ ।

- **नगरपालिकामा** हाल सम्म पनि सुरक्षित खानेपानीको पहुँच नपुगेका जनसमुदायलाई सुरक्षित खानेपानीको सेवा उपलब्ध गराउने
- **नगरपालिका** ले खानेपानी तथा सरसफाईका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्नका लागि अपुग रकम व्यवस्थापनका लागि अन्य निकायहरु संग समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- स्थानीय सरकारको नेतृत्वमा कार्यक्रम सञ्चालन गरीनेछ ।
- वडाहरुले आफ्नो वार्षिक बजेट तय गर्दा खानेपानी तथा सरसफाईका क्षेत्रमा कम्तिमा पनि विकास खर्चको १० प्रतिशत रकम विनियोजन गर्ने निति कार्यान्वयन गरिने छ । तर योजनाहरुको मागका आधारमा रकम बढि पनि विनियोजन गर्न सकिने छ ।

- विद्यालय, सरकारी कार्यालय तथा संघसंस्था, राजनीतिक दलको कार्यालयमा बालमैत्री, लैंगिक तथा अपांग मैत्री चर्पी निर्माण तथा प्रयोगको सुनिश्चतता गरीनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा अनिवार्य रुपमा यूरिनल सहितका शौचालय निर्माण गरिनेछ । माध्यामिक तहका बिद्यालयहरुमा महिनावारी स्वच्छता सामाग्री र व्यवस्थापन समेतको सुबिधा सुनिश्चित गरिनेछ ।
- सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिने छ ।
- घरयासी चर्पी निर्माणको लागि सम्वन्धित घरपरिवारलाई नै जिम्मेवार बनाईने छ र त्यसको लागि कुनै प्रकारको आर्थिक अनुदान उपलब्ध गराइने छैन भने शारिरिक रुपमा अशक्त, अपाङ्गता भएका व्यक्ति र एकल महिलाहरुका लागि अनुगमन समितिको सिफारिसमा आर्थिक सहयोग उपलब्ध गराउने निति लिईने छ ।
- चर्पी बनाउने आर्थिक हैसियत भएकाले पनि चर्पी बनाउन अटेर गरेमा नगरपालिका बाट उपलब्ध गराउने सिफारिस तथा सहयोगहरु चर्पी नवनाउदासम्मको लागि स्थगन गरिनेछ ।
- सार्वजनिक शौचालय सन्चालनका सम्वन्धमा परम्परागत रुपको सशुल्क विधिमा पुनर्विचार गरि विभिन्न आय आर्जनका गतिविधिहरु संग जोडिने छ जस्तै अगाडि पसल चलाउने र पछाडि सार्वजनिक शौचालय हुने वा गोवार ग्याँसमा जडान गर्ने आदि ।
- समुदायमा गोवरग्याँस, सुधारीएको चुल्हो, करेसाबारी, कम्पोष्ट पिट, जुठेल्नो, चाङ्ग (भाडा सुकाउने ठाउँ), खोर, भकारो आदिको निर्माण तथा प्रयोग, सम्पूर्ण घरपरीवारहरुमा प्रोत्साहित गराउने ।
- प्रत्येक वडाको कार्य योजनामा जलवायु परिवर्तनको प्रभाव, विपत न्यूनीकरण क्रियाकलाप तथा महिनावारी व्यवस्थापन सम्बन्धी मुद्धाहरुलाई पहिचान र सम्बोधन गरिनेछ ।
- सरोकारवाला तथा निकायहरुले नगरपालिका स्तरीय खानेपानी सरसफाइ स्वच्छता रणनीतिसँग मेल हुने गरी आफ्ना कार्य योजना तथा क्रियाकलाप तर्जुमा गर्नु पर्नेछ ।
- जलवायु परिवर्तनका असरहरु कम गर्न जलवाय अनुकुलन योजनालाई विशेष प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।
- योका र्ययोजनाको कार्यान्वयनको नियमित अनुगमन तथा आवश्यक परेमा परिमार्जन गर्ने समेत जिम्मा नगरपालिकाको हुनेछ ।
- नंया निर्माण हुने योजनामा खानेपानी सुरक्षा योजना लागु गरिने छ तथा चालु योजनाहरुमा पनि खानेपानी सुरक्षा योजना वा व्यवस्थित मर्मत योजना बनाइ लागु गरिने छ ।
- कार्ययोजनाले तय गरेका खानेपानी तथा सरसफाईका क्षेत्रको कार्ययोजना अनुसरका योजनाहरु कार्यान्वयनका लागि नगरपालिकामा वास शाखा गठन गरिने छ । उक्त वास यूनिट अन्तर्गत एउटा सूचना केन्द्रको स्थापना गरिनेछ र सो सूचना केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणहरु अध्यावधिक गरिनेछ ।
- बजार र बजार उन्मुख क्षेत्रहरुमा उत्पन्न हुने ठोस तथा तरल फोहोर को Grading तथा व्यबस्थापनका लागी उचित स्थानमा ल्याण्डफिल्ड क्षेत्र को निर्माण गरीनेछ ।
- खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि संरचनागत तथा सचेतनागत क्रियाकलापहरुको क्षमता अभिवृद्धि लागि प्राथमिकता दिइने छ ।
- खानेपानी तथा सरसफाई सेवाको दिगोपनाका लागि निजि संस्थाहरुको संलग्नतालाई समेत प्रोत्साहन र वातावरण तयार गर्न नगरपालिकाले भुमिका खेल्ने छ ।
- नगरपालिकामा कम्तिमा पनि एक स्थानमा खानेपानी गुणस्तर मापन केन्द्र स्थापना गरिने छ ।
- नगरपालिकामा खानेपानी तथा सरसफाई कार्यक्रमका लागि एउटा छुट्टै कोषको स्थापना गरिने छ । जसको संचालन नगरपालिका वास समन्वय समितिले गर्ने छ ।

८. खानेपानी योजना (सुबिधाको निर्माण, विस्तार,स्तरोन्नती)

गुणस्तरीय र पर्याप्त मात्रामा खानेपानीको सहजै उपलब्धता मानिसका मौलिक अधिकार हुन । खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको विकासले व्यक्तिको स्वास्थ्य र स्वस्थ कामहरुमा सकारात्मक असर पार्दछ भने अन्य उत्पादनशील क्षेत्रको विकासमा मद्धत पुऱ्याउँदछ । सुरक्षित खानेपानी र स्वच्छताको राम्रो बानीले क्रमशः पानीजन्य रोगको नियन्त्रण र उक्त रोगको उपचारका लागि लाग्ने खर्चमा समेत कमी ल्याउँदछ । ग्रामीण क्षेत्रमा धेरैजसो रोगहरु दुषित खानेपानी र न्यून सरसफाईको कारणले गर्दा लाग्ने गर्दछन् ।

नेपालको संविधानले पनि खानेपानिलाइ मौलिक हकको रुपमा अंगिकार गरेको हुदा यस पालिकामा बसोबास गने सबैका लागि जहां र जहिले पनि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्वीकार्य र किफायती खानेपानीका सेवाहरू मार्फत जनस्वास्थ्य र जनताको जीवनस्तरमा सुधार ल्याउने यस पालिकाको पहिलो प्राथमिकता रहेको छ । त्यसै अनुरुप विश्वव्यापि दिगो विकास लक्ष्य र नेपाल सरकार, खानेपानि मन्त्रालयले विकास गरेको क्षेत्रगत विकास योजनाको सुचक र सेवा स्तर मापनहसंग आवद्ध रहेर खानेपानि योजनाहरुलाई कार्यान्वयन गरिने छ ।

८.१. क्षेत्रगत विकास योजना अनुसार खानेपानि सेवा स्तरको वर्गिकरण

सेवा स्तर मापनका निम्ति विशेषत खानेपानी क्षेत्रमा मुख्य दुई र सहायक पाँच गरि सात पारामिति (Parameter) तोकिएका छन् । मुख्य दुईमा आवश्यकता (Needs) र गुणस्तर (Water Quality) हुन् भने अन्य पाँचमा सुलभ पहुँच (Accessibility), विश्वसनियता (Reliability), लचकता (Resiliency), सेवाको दृढाङ्गता (Robustness) र वार्षिक सर्भेको आधारमा सेवा सन्तुष्टि (Service Satisfaction) स्तर हो । यी सवै पारामिति सहित खानेपानी क्षेत्रको सेवा स्तरको विस्तृत सूचकांक र सेवाको स्तर बर्गिकरण तलको तालिका (Matrix Table) ले स्पष्ट पार्दछ।

तालिका ८: सेवा स्तरको वर्गिकरण

परिमितिहरु		सेवाको स्तर			
		निम्न	आधारभुत	मध्यम	उच्च
आवश्यकता	परिमाण (एल पि सि डी)	२५-४५	४५-६५	६५-१००	१००-१५०
	स्वच्छता	नभएको	पिउन र खाना बनाउन पुग्ने नुहाउन, धुन अपुग	पिउन र खाना बनाउन नुहाउन, धुन पुग्ने	सबै आवश्यकता पुरा
गुणस्तर		पिउन योग्य	राष्ट्रिय गुणस्तर मापदण्ड पुरा	राष्ट्रिय गुणस्तर मापदण्ड पुरा	राष्ट्रिय गुणस्तर मापदण्ड पुरा
शुलभ पंहुच		२५%भन्दा कमले निजि धारा जडान	२५%भन्दा बढिले निजि धारा जडान गरेको	१००%उपभोक्ताले निजि धारा जडान गरेको	१००%उपभोक्ताले निजि धारा जडान गरेको
विश्वसनियता	वितरण अवधि घण्टा/दिन		८ घण्टा	१२ घण्टा	२४ घण्टा
	निरन्तरता		एक महिनामा १ पटकसम्म सेवा	तिन महिनामा १ पटकसम्म सेवा	बाह्र महिनामा १ पटकसम्म सेवा अवरुद्ध

		अवरुद्ध	अवरुद्ध	
सेवा सुचारुपन		अबरुद्ध सेवा २ दिन भित्र सुचारु हुने	अबरुद्ध सेवा १ दिन भित्र सुचारु	अबरुद्ध सेवा १ दिन भित्र सुचारु
अधिक माग धान्ने क्षमता			अचानक १०% अधिक माग धान्ने	अचानक १०% अधिक माग धान्ने
सेवा सन्तुष्टि स्तर	नगरेको	नगरेको	७५%	९०%

स्थानीय तहले विभिन्न सरोकारवालासंगको छलफल, सरसल्लाह र निर्णय र उपलब्ध श्रोत साधनको विश्लेषण गरि अति आवश्यक आयोजनाहरु सन् २०२३ सम्म त्यसपछि सन् २०२४-२०२६ र २०२७-२०३० कार्यान्वयन गर्ने गरि वर्गिकरण गरेको छ । क्षेत्रगत विकास योजनाले परिभाषित गरेको ५० प्रतिशल जनताले उच्च स्तरको खानेपानी सेवा र बांकी ५० प्रतिशत जनताहरुले मध्यम स्तरको खानेपानी सेवा सन २०३० सम्म प्राप्त हुने गरि योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

८.१. रणनीतिक कार्यहरू

- पहुंच नपुगेको घर वा बस्तीहरूको पहिचान गरी पालिकाभरि नक्सांकन गरिने छ । जिपीएस प्रविधिको उपयोग गरी खानेपानीको सेवा पुगे नपुगेको बस्तीहरूको पहिचान र नक्सा तयार गरिने छ । यो कार्यले सेवा नपुगेको दुर्गम र बिकट भौगोलिक धरातलका साथै सेवाबाट वञ्चित, सङ्कटासन्न समुदाय, शक्तिको कमी, स्रोत साधन र सीपहरूको कमी भएकाको पहिचान गर्न सघाउ पुयारउने छ । सेवाको पहंच नपुगेको जनसंख्याको तथ्याङ्क अनुगमन तथा मूल्याङ्कन बिषयक्षेत्र अन्तर्गत सङ्कलन गरिने छ र क्षेत्रगत अनुगमन तथा मूल्याङ्कन प्रणालीसँग जोडिने छ ।
- अनुगमन तथा मल्याङ्कन क्षत्रलाइ अद्यावधि गर्न बस्तीहरूको तथ्याङ्क जिपीएस प्रणालीद्वारा गरिन छ खानेपानीका स्कीमहरूको अवस्थितिको तथ्याङ्क जिपीएस प्रविधिद्वारा अद्यावधि गरिने छ र सेवाको पहंच पुगेको र नुगेको क्षेत्रहरू छट्याइने छ यसो गदा सेवाको पहुंच नपुगेको बस्तीहरूमा विशेष ध्यान दिइने छ ।
- खानेपानी स्कीमहरूको प्राथमिकीकरण पहंच पुगेको र नपुगेको सूचकाङ्कको अधारमा लगानी गर्नको लागि तयार गरिने छ । लगानी योजनामा पहंच नपुगेको क्षेत्रलाइ प्राथमिकता दिइने छ ।
- खानेपानी तथा सरसफाइ सेवाहरूलाइ समावेशी बनाउन सामाजिक बहिष्करणको विश्वासहरूमा परिवर्तन गरि समान पहंचको सुनिश्चिता गरिने छ । दुर्गम र सामाजिक वहिष्करणमा परेका समुदायहरूलाइ प्राविधिक, संस्थागत, व्यवस्थापकिय र बजेट मार्फत सहयोग दिइने छ र त्यस्तो सहयोग साधरण अवस्थामा भन्दा प्रति व्यक्ति लागत बढि भएका योजनाहरूमा समेत दिइने छ ।
- सेवाहरूमा सुधारको लागि प्रावधानहरू तयार गरिने छन । वर्तमान प्रणालीहरूलाइ सेवाको स्तर अनुसार स्तरोन्नति गरिने छ । नयां आयोजनाहरूमा मध्यम वा उच्च स्तरको सेवाको लागि प्राथमिकता दिइने छ । सेवा प्रणालीहरूमा सार्वजनिक र सामाजिक धारा जडानलाइ निरुत्साहित गरिने छ, हालका प्रणालीहरूलाइ निजी धारा जडान प्रणालीको रूपमा स्तरोन्नति गर्ने र नया अयोजनाहरूमा निजी धारा जडान गरिने छ ।
- खानेपानीको सुविधाहरू सबै विद्यालय, स्वास्थ्य सेवा केन्द्र , सार्वजनिक संस्थाहरू र सार्वजनिक स्थल समेतमा पुरयाइने छ ।
- निर्माण सम्पन्न भइ सकेका र निर्माणाधिनका अलावा प्रस्तावित खानेपानी योजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरिने छ । सुरक्षा योजना कार्यान्वयनका लागि अति आवश्यक खानेपानी गुणस्तर

परीक्षणका लागि नगरपालिका का कर्मचारीहरुलाई पानी गुणस्तर परीक्षण तालिममा सहभागी गराएर नगरपालिका मा नै पानी परिक्षणको व्यवस्था मिलाइने छ ।

८.२. कार्ययोजनाः

क्र.स	कृयाकलाप	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	खानेपानी तथा सरसफाइ आयोजनाहरुको तथ्याँक संकलन तथा अद्यावधिक गर्ने	एमवाससिसि	खा.पा.स.डि.का, फेडवासन, दातृ निकाय,
२	मर्मत संभार कार्यकर्ता लाई तालिम खानेपानी र सरसफाइ सम्बन्धी तालिम	एमवाससिसि	खा.पा.स.डि.का, फेडवासन
३	आयोजनाहरुको निर्माण, मर्मत संभार,विस्तार तथा स्तरोन्नती गर्ने (खानेपानी सुरक्षा योजना समेत लागू गर्ने)	पालिका, खा.पा.स.डि.का, खानेपानी उपभोक्ता समिति, दातृ निकाय	खा.पा.स.डि.का, खानेपानी उपभोक्ता समिति, दातृ निकाय
४	खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई खानेपानी आयोजना व्यवस्थापन, खानेपानी सुरक्षा योजना, पानी सुद्धिकरण सम्बन्धि तालिम प्रदान गर्ने	एमवाससिसि	खा.पा.स.डि.का, फेडवासन, विकास साझेदार
५	नगर, वडा, टोल, विद्यालय स्तरमा पानी शुद्धीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने	एम/वार्ड सिसि,बिद्यालय	नगरपालिका,विकास साझेदार, फेडवासन,रेडक्रस
६	व्यवसायीसँग समन्वय गरि नगरपालिका स्तरमा वायो स्याण्ड फिल्टर उत्पादन तथा बिक्री वितरण गर्न पहल गर्ने	एम वास सिसि	नगरपालिका, विकास साझेदार
७	विश्व पानी दिवस (२२ मार्च) तथा राष्ट्रिय सरसफाइ सप्ताह (५ देखि ११ जुन) बिशेष कार्यक्रम गरी मनाउने	एम/वार्ड वास सिसि,बिद्यालय, खासउस,	नगरपालिका,फेडवासन, विकास साझेदार
८	खानेपानी आयोजनाका लागि जगेडा पार्टपुर्जाहरु स्थानीय बजारमा सहज उपलब्धता गराउने	एम/वार्ड वास सिसि,खासउस	स्थानिय व्यापारी,फेडवासन

अपेक्षित उपलब्धिहरु

उपलब्धी नं. १ सम्पूर्ण नगरपालिका वासीहरुलाई सुरक्षित खानेपानीको महत्व वारेमा जानकारी भै पानीको उपभोगमा सर्तकता अपनाएका हुनेछन्

उपलब्धी नं. २ नगरपालिका मा विभिन्न निकायहरुबाट निर्माण भै सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको नियमित मर्मत संभार तथा गुणस्तर सुधार र सेवा विस्तार भएको हुनेछ ।

उपलब्धी नं. ३ हाल सम्म खानेपानी आायोजनाहरु नपरेका क्षेत्रहरुमा प्राथमिकता दिई नयाँ (लघु) आयोजनाहरु निर्माण भएको हुनेछ ।

उपलब्धी नं. ४ श्रोत संरक्षणका कार्यक्रमहरुलाई जलवायु परिवर्तन एवं जलाधार संरक्षणका क्षेत्रका कार्यक्रमहरु सँग एकिकृत गरी सञ्चालन भएको हुनेछ ।

उपलब्धी नं. ५ निर्माणाधिन तथा अब बन्ने नर्या आयोजनाहरुमा पानी प्रशोधन प्रणाली सहित निजि धारा वितरण गर्ने गरी आवश्यक संरचनाहरु निर्माण भएको हुनेछ ।

उपलब्धी नं. ६ खानेपानी योजना उपभोक्ता समितिहरुको संस्थागत क्षमता अभिबृद्धि भई खानेपानी योजनाको सुचारुपन कायम भएको हुनेछ ।

८.३. खानेपानी योजनाहरुको पहिचान तथा प्राथमिकिकरण

८.३.१. संचालित खानेपानी योजनाहरुको मर्मत सम्भार, पुननिर्माण, स्तरोन्नती

स्तरोन्नति तथा विस्तार गरिने खानेपानी योजनाहरुको विवरण

क स	कृयाकलाप/ योजना	वडा नं	टोल	घरधुरी	मर्मत सम्भार, पुननिर्माण, स्तरोन्नती	योजनाको किसिम	अनुमानित लागत
१	झुम्का खानेपानी तथा सरसफाइ योजना	१	जुरैधामी, डुमरिया, सैनिमैनी	४००	स्तरोन्नती	भूमिगत पानी	३००,००,०००/-
२	झुम्का खानेपानी योजना	३	सिगिंया पूर्व टोल	१५०	स्तरोन्नती	भूमिगत पानी	५१,००,०००/–
३	सिंगिया खानेपानी योजना	३	सिगिंया पश्चिम टोल, बुधनगर,बिच टोल, हाटखोला, पिपरा	९००	स्तरोन्नती	भूमिगत पानी	३००,००,०००/–
४	झुम्का खानेपानी योजना	५	हसनपुर,मुसहरी	१५०	स्तरोन्नती	भूमिगत पानी	१००,००,०००/–

८.३.२. श्रोत संरक्षण

क स	कृयाकलाप/ योजना	वडा नं	टोल	अनुमानित लागत
१	इनार	२	कुमयाही पुर्व टोल	७०,०००
२	इनार	३	सिंगिया पानी टंकी टोल	७०,०००
३	इनार	४	इकाही रामजानकी टोल	७०,०००
४	इनार	६	जमुवा	७०,०००

९.सरसफाई तथा स्वच्छता योजना

९.१. परिकल्पना

रामधुनी नगरपालीका बासीहरुले खानेपानी,सरसफाइ र स्वच्छता सम्बन्धी आवश्यक संरचनाहरुको निमार्ण तथा व्यवस्थापन गरी सरसफाइयुक्त स्वस्थकर आनीबानी अपनाउदै सफा, स्वच्छ हरायलीमय पूर्ण सरसफाइ उन्मुख अबस्थाको विकास गरी सहज, स्वस्थ, समृद्ध र आत्मसम्मानयुक्त जीवन यापन गरिरहेका हुनेछन् ।

९.२. औचित्य

मानव मलमुत्रको सुरक्षित विर्सजनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाइ भनिन्छ । जनस्वास्थ्य र प्रतिष्ठा प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य एवं प्रकृया सरसफाइ हो । साथै जोखिमपूर्ण अवस्था (खाना खानु अघि, खाना खाएपछि, दिसा गरेपछि, विरामीको हेरचाह एवं बच्चाको दिसा,गाईबस्तुको मलमुत्र व्यवस्थापन गरपछि) साबुन पानीले हात धुने र चर्पी निर्माण, प्रयोग तथा यसको मर्मतसंभार मात्र नभइ व्यक्तिगत, घरायसी र वातावरणीयका साथै मानिसको बानी व्यवहार परिवर्तन समेट्दछ ।

हाल सामाजिक अभियानको रुपमा सञ्चालित खुला दिसामुक्त अवस्थाका उपलब्धिहरुलाई दिगो रुप दिंदै सरसफाइका अन्य सुविधाहरुको निर्माण, प्रभावकारी सञ्चालन गरी सफा र स्वच्छता कायम गर्न सार्वजनिक र निजी क्षेत्रको सुदृढ साझेदारीमा ग्रामीण र सहरी क्षेत्रमा सरसफाइ र स्वच्छताको निरन्तरताको लागि प्रभावकारी रुपमा संस्थागत क्रियाशीलता, स्तरीय सेवा प्रवाह, सचेतना अभिबद्धि, व्यापक सामाजिकीकरण, सामुहिक सशक्तिकरण तथा स्व-अनुगमन सम्बन्धी क्रियाकलापहरुको नियमित कार्यान्वयनको आवश्यकता रहेको छ । त्यसैले सरसफाइ र स्वच्छताको दिगोपन कायम गरी तपसिलमा उल्लिखित चुनौतीहरु सम्बोधन गर्न पूर्ण सरसफाइ मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य देखिएको छ।

- सरोकारवालाहरुको सहभागिता र क्रियाशीलतालाई निरन्तरता दिई खुला दिसामुक्त अवस्थाको दिगोपना कायम राख्दै पूर्ण सरसफाइ तर्फ उन्मुख हुन ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, पोषण, वातवारण, महिला, बालबालिका, जलवायु परिवर्तन, विपद् व्यवस्थापन क्षेत्रहरुसंग सम्बन्धित बहु-क्षेत्रगत सरोकारवालाहरुको क्रियाशिलता वृद्धि गरी सम्पूण सरोकारवालाहरुका क्षमता अभिवृद्धि गर्नका साथै जिम्मेवारी तथा जवाफदेहीतालाइ अभिवृद्धि गर्न ।
- खुला दिसामुक्त घोषणा पश्चात देशमा संचालित मौजुदा प्रवर्द्धनात्मक कियाकलापहरुबाट प्राप्त अनुभव र सिकाइहरु समेट्दै कार्य संचालन विधि, प्रक्रिया र सूचकहरुमा एकरुपता ल्याउन तथा प्रक्रियागत कमी कमजारीहरुमा सुधार गर्न ।
- खानेपानी, सरसफाइ र स्वच्छताका सेवाहरु र प्रयोगकता-मैत्री सुविधाहरुको विस्तार तथा स्तर अभिवृद्धि गर्दै उपलब्ध सेवा र सुविधाहरुको दिगो रुपले सम्भव भएसम्म उत्पादनमूलक र आयआर्जनमा समेत ध्यान दिई समुचित उपयोग गर्ने बानी ब्यवहार प्रवर्द्धन गर्न ।
- पूर्ण सरसफाइको अवस्थामा पुग्नका लागि खानेपानीको सुविधा सुनिश्चित गर्न ।
- विद्यालय एवं स्वास्थ्य संस्था लगायत विभिन्न सार्वजनिक निकाय तथा संघसंस्था र सार्वजनिक स्थलमा सरसफाइको उचित व्यवस्थापनमा जोड दिन ।

९.३ नारा

"सबैको लागि र सधैको लागि पूर्ण सरसफाइ"

९.३.१. नगरपालिकाको पूर्ण सरसफाइ सम्बन्धी अन्य नाराहरु

१. हामी अग्निसाइर रामधुनी बासीको रहर, पूर्ण सरसफाइ उन्मुख शहर
२. सुरक्षित खाना शुद्ध खानेपानी, खुशी र स्वस्थ जिन्दगानी
३. स्थानीय सरकारको रहर,सफा र हराभरा रामधुनी शहर
४. पूर्ण सरसफाइ अभियानको लहर, सुन्दर सफा रामधुनी शहर
५. सफा स्वच्छ वातावरण स्वस्थ जिन्दगानी,स्वर्ग बनाई यही धर्ती बाँचौ देवता बनी
६. बाँसगढीबासीको इज्जत र स्वाभीमान, पूर्ण सरसफाइ हाम्रो अभियान
७. सरसफाइ नै सभ्यता हो यही भावना जगाऔं, सबै मिली रामधुनीलाई सफा सुन्दर बनाऔं
८. सफा स्वच्छ समृद्ध बनाउनं बाँसगढी, जिम्मेवार भई काँधमा काँध मिलाउँ अघि बढी
९. सफा हुन सभ्य बन्न चाहिदैन धेरै धन, सबै संभव हुन्छ भए मानिसको ठूलो मन
१०. एक घर एक चर्पी,धारा हात धुने ठाउँ, फोहरबाट मोहर बनाई धर्ती स्वच्छ बनाऔं
११. सफा सुग्घर घरआँगन,सफा बाटोघाटो, पूर्ण सरसफाइ उन्मुख बन्दैछ कृष्णासवरणको माटो
१२. सफा सुन्दर स्वर्गसरी बनाई यही धर्ती, स्वस्थ भई रमाई बाँच्न दिन्छु यही अर्ती
१३. सफा राखौं चर्पी धारा घर टोल सारा, सभ्य समाज बनाउने हाम्रो अभिभारा
१४. फोहर व्यवस्थान गरौं सबै मिलीजुली, सफा सुग्घर घरआँगन हुन्छ झिलिमिली
१५. स्वास्थ्य नै ठूलो धन हो सुधारौं आनीबानी, पिउने गरौं सुरक्षित पानी,बाचौं स्वस्थ जिन्दगानी
१६. शुद्धिकरण गरिएको सुरक्षित पानी, स्वस्थ हुन सधै हामी पिउँ ढुक्क मानी
१७. बस्छन् किटाणु फोहर पानी भरी, प्लेटफर्म बनाऔं धारा वरिपरी
१८. जन्मैदेखि सिक्यौ हामी स्वाभिमानी बन्न, बन्द गरौ सरसफाइमा अरुको भर पर्न
१९. फोहोरमैलाको उचित निकास, बाँसगढीको समग्र विकास
२०. सरसफाइ हो सभ्यता र बिकासको पहिचान, रोग व्याधी हट्छ अनि बढ्छ आत्मसम्मान
२१. रोकिदैन सरसफाइको हाम्रो अभियान, सरसफाइले बढाउँछ अझै हाम्रो शान
२२. बिद्यालय फोहर भए ज्यानै जान्छ हाम्रो, सरसफाइको सुबिधाले पढाई हुन्छ राम्रो
२३. बानी राम्रो सरसफाइको सानै देखी लाग्यो, सफा सुग्घर भए पछि रोग व्याधी भाग्यो
२४. निरोगी र सुखी हुने एउटा अचुक जुक्ति, फोहोरमैला र फोहरी बानीबाट मुक्ति
२५. नदी नाला पोखरीको संरक्षण गरौं, ढल फोहर मिसाउन सबैले बन्द गरौं
२६. नदि नाला धिक्कादैछन् नमिसाऔं ढल, मानिस पशु सबैका लागी अमृतसरी जल
२७. यति कुरा कहिल्यै नबिर्स बाबुनानी, फोहोर छोएपछि हात धुन साबुन र पानी
२८. विद्यालय ज्ञान सीपको भण्डार हो छरौ मिलेर ज्योति, सरसफाइ नै विकास र सभ्यताको आधार हो साथी
२९. कार्यालय हाम्रो प्रतिष्ठा र जीविकाको आधार, सफा सुन्दर पार्न हामी बनौं जिम्मेवार
३०. म एक व्यापारी, ग्राहक मेरा देवता, सुरक्षित खानेकुरा शुद्ध पानी पाइन्छ हजुर यता
३१. हानीकारक किटाणुको जमघट हुनसक्छ हातमा,साबुनपानीले हात धुने गरौ जोखिमपूर्ण अबस्थामा
३२. महिनावारी प्राकृतिक भूमिका हो भन्ने सबैले मानौ,भेदभाव गर्दा कानुनी सजाय भोग्नु पर्छ भन्ने जानौं
३३. भाडाकुँडाको उचित सफाइ र राख्ने सफा ठाउँ,सुकाउने चलन राम्रो सबैलाई यही बताउँ
३४. धाराबाट खेर जाने पानीलाई करेसाबारीमा प्रयोग गरी, दिनहुँ खाने गरौं हरिया ताजा तरकारी
३५. बालबच्चा बृद्धबृद्धाको सरसफाइमा उचित ध्यान दिऔ,रोग ब्याधी र चिन्ताबाट सधै टाढै रहौं

९.४. लक्ष्य र अवधि

यस नगरपालिका वास योजनाले नेपाल सरकार, खानेपानी मन्त्रालयद्वारा तयार पारिएको पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ (Total Sanitation Guideline, 2017) का सिद्धान्त, लक्ष्य तथा रणनितिहरुलाई अंगिकार गरेको छ । त्यसैले यसमा प्रस्ताव गरिएका सरसफाईका कार्यक्रमहरुको कार्यान्वयन नेपाल सरकारको पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ ले परिलक्षित गरेको, अवधि लक्ष्य र सिद्धान्तका साथै दिगो विकास लक्ष्यले परिभाषित गरेका सरसफाइका सुविधास्तरका सुचकहरुलाई समेत तादाम्यता मिलाई सोहि बमोजिम कार्ययोजनाहरु तय गरी कार्यान्वयन गर्दै जाने लक्ष्य लिइएको छ ।

सोहि पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ ले परिभाषित गरेको सन २०३० सम्म **"सबैको लागि र सधैको लागि पूर्ण सरसफाइ"** को अवस्था हासिल गर्नेतर्फ उन्मुख हुन यस नगरपालिका वास गुरुयोजनाले सन २०३० सम्ममा सम्पुर्ण नगरपालिकालाई पुर्ण सरसफाई युक्त नगरपालिकाको स्तरमा पुऱ्याउने लक्ष्य लिएको छ । यसको लागि तपसिलका आवधिक योजनाहरु तय गरिएको छ ।

पहिलो चरणः यस चरणमा सन २०२२ सम्ममा २ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

दोश्रो चरणः यसचरणमा सन २०२५ सम्ममा थप ३ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

तेश्रो चरणः यसचरणमा सन २०३० सम्ममा थप ४ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ । सम्पुर्ण वडामा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणालीको व्यवस्था गरिने लक्ष्य लिइएको छ । सम्पुर्ण विद्यालय, सार्वजनिक स्थान तथा स्वास्थ्य र संघ संस्थाहरुमा महिलामैत्रि, अपाङ्गमैत्रि तथा बालमैत्रि शौचालयहरुको व्यवस्था गरिने छ ।

९.५. उद्देश्यः

मानिसको स्वास्थ्य र दैनिक जीवनयापनसंग सरसफाइ सुविधाको प्रत्यक्ष सम्बन्ध रही आएको छ । सरसफाइ सुविधाको समुचित विकास तथा विस्तारबाट आम मानिसको स्वास्थ्यमा अभिवृद्धि हुन हँदा वातावरणीय सरसफाइ
र स्वच्छताका माध्यमबाट मानव जीवनस्तरमा सधार गर्नका लागि यस रणनिति योजनाले तपसिलका उद्देश्यहरु लिएको छ ।

- खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने ।
- सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने ।
- घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग,मर्मत सम्भार तथा स्तरोन्नती गर्ने ।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा सस्थागत तहमा पानी शुद्धीकरणका प्रवर्द्धन समेत गर्ने ।
- फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सम्भव भएसम्म पुनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।
- पोखरी तथा साना जलाशय र खोला खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।

९.६. रणनीतीक कार्यहरु :

- समुदायहरूलाइ समावेशी, प्रभावकारी तथा दिगो पद्यतिको माध्यमबाट सरसफाइका खुडकिलाहरूमा सुधार गर्नको लागि पूर्ण सरसफाइ मार्गदर्शनलाइ अनुशरण गरि कायान्त्वयन गरिन छ, यसले पूर्ण सरसफाइको प्रतिफल निकाल्नको लागि समुदायलाइ सहयोग गर्ने छ । पूण सरसफाइ मार्गदर्शनले सफा घर, समुदाय, गाउं, नगर र पालिकाको लागि स्पष्ट पद्यति र सूचकाङ्क समावेश गर्ने छ ।
- विभिन्न परिप्रेक्ष्य र भौगोलिक अवस्थिति अनुसार जन-मैत्री पद्यति, प्रविधि तथा बानीव्यवहार परिवर्तन गर्ने सामाग्रीहरूको विकास गरिने छ । यसमा दिगो बानीव्यवहार परिवर्तन गर्न, उत्प्रेरित र वजारीकरण गर्नको लागि सही बानीव्यवहार पररवर्तन गर्ने अनुगमन सूचकाङ्कहरूको पनि विकास गरिने छ ।
- संस्थागत सरसफाइका सेवाहरूको दिगोपनाको सुनिश्चितताको लागि अनुगमन प्रणालीलाइ सुदढ गरी गरिने छ ।
- खुला दिसामुक्त क्षेत्रहरूको प्रमाणीकरणको अध्ययन गरिने छ र सुधारका कार्यहरूको तर्जुमा गरी दिगोपना सुनिश्चित गरिने छ ।
- स्थानीय निकाय र वडाहरूले आ-आफ्नो क्षेत्रको लागि रणनीतिक सरसफाइ योजना विकास गरी खुला दिसामुक्तको भूमिकालाइ विस्तारित गरि सरसफाइका लागि उच्च माग वृध्दि गर्ने छ र पूण सरसफाइ प्राप्तिको लागि सरसफाइमा लगानी गर्ने छन ।
- सबै ठला र मध्यम सहरहरूमा ढल सञ्जालको प्रक्रियावध्द योजना तयार गरिने छ
- दिसाजन्त्य लेदोबाट ग्याँस र उर्जा उत्पादन गर्न प्रोत्साहित गरिन छ ।
- कम आय भएको क्षेत्रहरूमा बिकेन्द्रित फोहोरपानी प्रशोधन प्रणालीहरूको निर्माण गर्न प्रोत्सीहत गरिने छ ।
- सहरी सरसफाइको लागि अन्तर नगर सहयोग कार्यक्रम प्रवर्धनको लागि संभावना खोजीने छ र सवै प्रयासहरूलाइ केन्द्रित गरिने छ ।
- मात्रामाभन्दा गुणस्तरमा ध्यान दिइ दिगो व्यवस्थापनलाइ सुनिश्चित गने मार्ग निर्देशक सिदान्तमा विकेन्द्रित फोहोरपानी प्रशोधन प्रणालीको केन्द्रित गरिने छ ।
- यो प्रणाली कायान्वयनको लागि यी शर्तहरू पुरा भएको हनुपर्ने छ : क) सरकारी वा सामुदावयक जग्गाको उपलब्धता, ख) समुदायले डिजाइन, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भारमा इच्छा दखाएको, ग) केन्द्रिकित ढल प्रणालीको सञ्जालमा पहंच नभएको उपयुक्त समुदायको पहिचान, घ) कोषको उपलब्धता पहिचान सहितको सञ्चालन र ममातसंभार योजनाको विकास भएको, ङ) उपयुक्त डिजाइन मापदण्डहरू स्थापित भएको ।
- वर्षादको भल व्यवस्थापन गुरु योजनाको तयारी र सहरहरूमा बाढीको जोखिमको अधारमा नाली निमार्णलाइ प्राथमिकता दिइने छ ।
- कालो पत्रे सडकसँगै निर्मित वर्षादको भल नालीलाइ सहरी ढल प्रणाली बाट अलग गरिने छ ।
- स्थानीय निकाय, समुदाय र घरहरूको लागि दिसाजन्त्य लेदो व्यवस्थापन, विशेषगरी साना सहरहरूमा पूण सरसफाइ कार्यक्रम अघि बढाउनका लागि, प्राथमिक विकास मुद्दाको रूपमा रहने छ । साना सहरहरूमा दिसाजन्य लेदा व्यवस्थापनको सहयोगको लागि सेप्टिक ट्याङ्कको सजिलो डिजाइन र दिसाजन्य लेदोको प्रशोधन प्रणाली, अपरेसन म्यानुअल र संगठनात्मक र नियामक खाका तयार गरिने छ ।

- उपयुक्त ढङ्गबाट व्यवस्थापन वा प्रशोधन गरिएको खण्डमा मानव दिसा पिसाबले कृषिको लागि महत्वपूर्ण श्रोतको काम गर्दछ । जस्तैः जब दिसा र पिसाबलाइ छुट्टै उपयोग गरिन्छ, यसले प्राङ्गारिक मलको काम गदर्छ । मिश्रित रूपमा वा संयुक्त रूपमा उपयोग गरी उर्जा उत्पादन गर्न सकिन्छ । श्रातमा नै घटाउन, पुनःप्रयोग, रिसाइक्लिङ्गको विकल्पको खोजी गरिन छ ।
- खानेपानीको संरक्षण र फोहोरपानीको व्यवस्थापन अभ्यासमा स्वास्थ्य, स्वच्छता र बानीव्यवहार परिवर्तनका लागि समुदायको सहभागिता र सार्वजनिक शिक्षा दिने जस्ता विषयहरू आन्तरिक अवयव हनेछन ।
- सरसफाइ योजनाको विकास र कार्यान्वयनको लागि संस्थागत व्यवस्थापन र सञ्चालन क्षमता सुदढ गरिनेछ।
- मुख्य मुख्य स्थानहरूमा अनुसन्धान तथा विकास गरी सार्वजनिक चर्पीहरूको निर्माण गरिने छ ।
- पालिकाहरूलाइ प्राविधिक सहयोग गरी बालबालिका, लैङ्गिक र अपाङ्गता भएका व्यक्ति-मैत्री चर्पी निर्माणको लागि मार्गदर्शन तथा मापदण्ड तयार गरिने छ ।
- घना जनसंख्या भएको सहरहरूमा सार्वजनिक चर्पीहरूलाइ दिगो सरसफाइ सेवा प्रवाह गर्न व्यापारिक मोडेलको रूपमा हरिने छ । सहर र वरिपरिका वस्तिहरूमा सरसफाइ सुविधा सुधारिने छ जसको लागि उच्च गुणस्तरको डिजाइन र नुहाउने सुविधा सहितको सार्वजनिक सौचालय निर्माण, अपाङ्गता भएका व्यक्तिहरूको लागि सुधारिएको पहंच र ठोस र तरल फोहर पदार्थको व्यवस्थापन भएको एकिकृत प्रणालीको किास गरिने छ ।
- सञ्चालन मोडेलको लागि अन्तर-अनुदान वा व्यावसायिक सामाजिक जिम्मेदारी मोडेललाइ अगाडि सारिने छ ।
- बसपार्क, मनोरञ्जन स्थलहरू, बजारक्षेत्रहरू जस्ता सार्वजनिक स्थलहरूमा निर्माण गरिने शौचालयहरू बालबालिका, महिला तथा अपाङ्ग मैत्री हुने छन् ।

९.७. कार्यनीतिहरु

पूर्ण सरसफाइ रणनीतिक योजनाले निर्धारण गरे अनुसारका लक्ष्य तथा उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमको कार्यनीतिहरु अवलम्वन गरिनेछ ।

- पूर्ण सरसफाइ रणनीतिक योजना तर्जुमा,स्वीकृत तथा कार्यान्वयनमा नगरपालिका र वडा कार्यालय र सम्बन्धित तहका खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिले जिम्मेवारी बहन गर्ने ।
- स्थानीय तह र सहयोगी संस्थाहरु बीचमा समझदारीपत्रमा हस्ताक्षर गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने ।
- पूर्ण सरसफाइको क्षेत्रमा कार्य गर्ने निकायहरु बीच समन्वय, संयुक्त कार्ययोजना र सहकार्य गर्ने ।
- रणनीतिक योजना कार्यान्वयनका लागि नगरपालिकाबाट बजेट विनियोजन गर्ने, अन्य स्थानीय स्रोत साधनको पहिचान र परिचालन गर्ने,
- तरल तथा ठोस फोहोर व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन आदिमा सार्वजनिक/स्थानीय तह र नीजि क्षेत्र बीच साझेदारी (**Public Private Partnership/PPP**) पद्दति अपनाउने,
- नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा स्वस्थकर आनीबानीको विकास गरि पूर्ण सरसफाइ उन्मुख अबस्था हासिल गर्न सरसफाइ आचारसंहिता लागू गर्ने ।

- नगरपालीका क्षेत्रमा रहेका मानवस्रोत पहिचान गरि अभियानमा परिचालन गर्ने,
- सूचना, सञ्चार, शिक्षा, व्यवहार परिवर्तन सम्बन्धि क्रियाकलापहरु सञ्चालन गरी आम परिचालनको वातावरण सिर्जना गर्ने,
- नगरपालिका तथा वडाहरु र विद्यालयहरुमा सरसफाइ कोष स्थापना तथा वृद्धि र सञ्चालन गर्ने,
- नगरपालीका तथा वडा स्तरमा पूर्ण सरसफाइ तथा खाद्य अनुगमन तथा प्रमाणिकरण संयन्त्र गठन र परिचालन गर्ने,
- आवश्यकतानुसार परामर्श, प्रोत्साहन गर्ने र उल्लेखनीय कार्य गर्नेलाई पुरस्कार, कदर, सम्मान ्गर्ने,
- असहाय तथा अति विपन्न परिवार, विपन्न परिवारका अपांगता भएका मानिसहरुको सरसफाइ सुविधामा पहुँचका लागि विशेष पहलकदमी चाल्ने,
- नियमित बैठक तथा समिक्षा गोष्ठिहरु आयोजना गरि रणनीतिक योजना कार्यान्वयन र उपलब्धीको प्रभावकारीतालाई बढाउने ।

९.८. पूर्ण सरसफाइ उन्मुख समुदाय कार्ययोजना

क्र.स	कृयाकलापहरु	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	पूर्ण सरसफाइ सम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने (पूर्ण सरसफाइ अभियानका कर्मचारीहरु, र छनोट गरिएका प्रतिनिधिहरु - शैक्षिक,स्वास्थ्य, सामाजिक विकास, खानेपानी, मिडिया आदि क्षेत्र)	एम वास सिसि, सहयोगी निकाय	नगरपालिका /वडा, सहयोगी निकाय, विकास साझेदार
२	तालिम प्राप्त जनशक्तिको उपस्थितीमा टोल टोलमा आम भेला गरी पूर्ण सरसफाइको बारेमा सचेतना जगाई समति, अनुगमन समिति गठन गर्ने	वार्ड वास सिसि, सहजकर्ता	नगरपालिका /वडा, सहयोगी निकाय,विकास साझेदार
३	सहभागितात्मक रुपमा आधारभुत तथ्याँक विश्लेषण गरी कार्य योजना तथा लक्ष्य सीमा निर्धारण गर्ने	सम्बन्धित समन्वय समिति,सहजकर्ता	नगरपालिका /वडा, सहयोगी निकाय, विकास साझेदार
४	समुदाय स्तरीय ट्रिगरिंग / मास बैठक गरी पूर्ण सरसफाइ बारेमा तपशिलका बिषयमा जनचेतना जगाई अभियान चलाउने	एम/वार्ड वास सिसि,सहजकर्ता	नगरपालिका,वडा कार्यालय, तालिम प्राप्त मानव संसाधनहरु,विकास साझेदार
५	**चर्पीको समूचित प्रयोग** सम्बन्धी गतिबिधि सञ्चालन गर्ने (प्रयोगकर्तामैत्री, छाना, ढोका, बार, खाडल सम्बन्धी सुधार, सफा गर्ने सामग्री, चप्पल आदिको व्यवस्था, बेबी पट) असुरक्षित चर्पीलाई विस्थापित गरी सुरक्षित चर्पी निर्माण गराउने, दिसाको लेदो व्यवस्थापन, पिसाबलाई मलको रुपमा प्रयोग गर्ने)	समन्वय समिति,महिला स्वास्थ्य स्वयम् सेविका, शिक्षक, बिद्याथी,सहजकर्ता	नगरपालिका,वडा कार्यालय, विकास साझेदार
६	**व्यक्तिगत सरसफाइ** : हात धुने स्टेशन (साबुन सहितको) निर्माण तथा प्रयोग, जोखिमपूर्ण ६ अबस्था र हात धुने तरिका बारेमा ज्ञान र सीप विकास, अन्य व्यक्तिगत सरसफाइ अभियान	समन्वय समिति,महिला स्वास्थ्य स्वयम् सेविका, शिक्षक, बिद्यार्थी,सहजकर्ता	नगरपालिका,वडा कार्यालय, विकास साझेदार
७	महिनावारी हुँदाको सरसफाइ सम्बन्धी सचेतना फैलाउने, कपडाको प्याड बनाउने सीप विकास गर्ने, र	नगर,वार्ड,क्लष्टर, टोल समिति, स्वास्थ्य	नगरपालिका,वडा कार्यालय, विकास साझेदार

	स्थानीय बजारमा सेनेटरी प्याडको सहज उपलब्धता गराउने	चौकी,सहजकर्ता	
८	**सुरक्षित पानीमा पहुँच तथा प्रयोग :** पानीको स्रोत वरिपरिको सफाइ (प्लेटफर्म), निकाशा, पानीको भाडाको सफाइ र छोपेर राख्ने अभ्यास	सम्बन्धित घर,संस्थागत निकाय	नगरपालिका,वडा कार्यालय, विकास साझेदार
९	पानीमा हानिकारक तत्व तथा किटाणु नभएको सुनिश्चितता (गुणस्तर परिक्षण) पानी सुद्धिकरण गर्ने साधन तथा विधिको प्रयोग,	सम्बन्धित घर,संस्थागत निकाय,सहयोगी निकाय	नगरपालिका,वडा कार्यालय, विकास साझेदार, खानेपानी कार्यालय
१०	**सुरक्षित खानाको प्रयोग** : ● खानेकुरा, पानी छोपेर राख्ने, बासी तथा सडेगलेका, म्याद नाघेका खानेकुरा नखाने, ● गाजा,मुला, फलफूल धोएर खाने, ● सफा भान्सा, भाडाकुँडा सफा र्‍याकमा राख्ने	वार्ड,क्लष्टर,टोल वास सिसि, सम्बन्धित घर, सहजकर्ता	नगरपालिका,वडा कार्यालय, विकास साझेदार
११	**घरायसी सरसफाइ** : बडार्ने, लिपपोत गर्ने, ● भाडा माझ्ने जुठेल्नु बनाउने, चाङ्ग बनाउने, ● ठोस फोहोरमैलाको स्रोतमै वर्गीकरण गरी मल बनाउने, पुनः प्रयोग गर्ने, सामग्री बनाउने, बिक्री गर्ने जस्ता अभ्यास बसाउने ● फोहर मलाई तथा डष्टबिनको प्रयोग गर्ने, सुधारिएको चुल्होको प्रयोग, ● गोठ तथा भकारो सुधार, ● सिलौटा सुरक्षित स्थानमा छोपेर राख्ने, ● करेसाबारी एवं फूलबारी निर्माण	वार्ड,क्लष्टर,टोल वास सिसि, सम्बन्धित घर, सहजकर्ता	नगरपालिका,वडा कार्यालय, विकास साझेदार, वन,कृषी, पशुसेवा कार्यालय
१२	सरसफाइ आचारसंहिता वोर्ड टोल टोलमा राख्ने र प्रभावकारी कार्यान्वयन गर्ने गराउने	सम्बन्धित तहका समितिहरु	नपा,वडा, प्रहरी चौकी, विकास साझेदार
१३	टोल सरसफाइ - शूरुमा साप्ताहिक, पछि पाक्षिक) : सार्वजनिक स्थल, पोखरी, ताल, खोला, नदी, ऐतिहासिक तथा धार्मिक स्थल आदि) क्षेत्र	नपा, वडा, टोल, बजार तहका समितिहरु	नपा,वडा, उद्योग वाणिज्य संघ,आदि सरोकारवाला निकाय,विकास साझेदार
१६	पसलेहरुसँग समन्वय गरी खानेपानी र सरसफाइका सामग्रीहरु स्थानीय बजारमा सुपथ मुल्यमा पाइने व्यवस्था मिलाउने	नपा र वडा समन्वय समिति	नगरपालिका /वडा, सहयोगी निकाय विकास साझेदार
१७	घरदैलो कार्यक्रम गरी प्रगती अनुगमन गर्दै आवश्यकतानुसार प्रसंशा, उत्प्रेरणा जगाउने, प्रतिबद्धता लिने	वास समन्वय समिति, अनुगमन समिति, सहजकर्ता	नपा,वडा, सहयोगी निकाय,विकास साझेदार
१८	टोल, वडा, नपा स्तरीय अनुगमन संयन्त्र परिचालन गर्ने	सम्बन्धित समन्वय समिति	नपा,वडा, विकास साझेदार
१९	टोल टोलमा भिडियो प्रर्दशन तथा उत्प्रेरणा, नाटक, गीत नाँच आदि कार्यक्रम गर्ने	सम्बन्धित समन्वय समिति	वार्ड वास सिसि, वडा, विकास साझेदार
२०	मासिक रुपमा टोल भेला गरी प्रगती समिक्षा, अभिमुखीकरण तथा कार्य योजना	टोल तहका समितिहरु	वार्ड वास सिसि, वडा, विकास साझेदार
२१	तथ्याङ्क अद्यावधिक गर्ने	सम्बन्धित समन्वय समिति	नपा,वडा,विकास साझेदार सहयोगी निकाय

२२	स्थानीय परिवेश र भाषा अनुरुप सूचना, शिक्षा र सञ्चार सामग्रीहरुको (होर्डिङ्ग बोर्ड, भित्ते लेखन, पोष्टर) विकास र वितरण	सम्बन्धित समन्वय समिति	नपा,वडा,विकास साझेदार सहयोगी निकाय
२३	खानेपानी,सरसफाइ, स्वच्छता सम्बन्धी दिवस, सप्ताह मनाउने	सम्बन्धित समन्वय समिति	नपा,वडा,विकास साझेदार सहयोगी निकाय
२४	जिल्लाभित्र/ अन्तर वडा /अन्तर टोल अवलोकन भ्रमण गराउने	सम्बन्धित समन्वय समिति	नपा,वडा,विकास साझेदार सहयोगी निकाय
२५	समुदाय तथा टोल स्तरमा सरसफाइ स्रोत केन्द्र स्थापना र सञ्चालन गराउने	सम्बन्धित समन्वय समिति	नपा,वडा,विकास साझेदार सहयोगी निकाय
२५	वडा तथा टोल स्तरमा सरसफाइ कोष स्थापना र सञ्चालन गराउने	वार्ड वाससिसि, टोल समिति	नपा,वडा,विकास साझेदार सहयोगी निकाय
२६	सुरक्षित खाना सम्बन्धी सचेतना, बजारमा खाद्य सुरक्षा अनुगमन	नगरपालिका र वडा कार्यालय	नगरपालिका र वडा कार्यालय
२७	पुरस्कार तथा सम्मान - व्यक्ति, घर, टोल, संस्था)	सम्बन्धित समन्वय समिति	नपा,वडा,विकास साझेदार सहयोगी निकाय
२८	पूर्ण सरसफाइ उन्मुख टोल तथा वडा घोषणा पूर्वको संयुक्त अनुगमन तथा प्रमाणीकरण	सम्बन्धित तथा उपल्लो तहको समन्वय समिति	नपा,वडा,सहयोगी निकाय/सहजीकरण गर्ने निकाय
२९	पूर्ण सरसफाइ उन्मुख घर, टोल, वडा, अनुगमन, प्रमाणीकरण र घोषणा	सम्बन्धित तथा उपल्लो तहको समन्वय समिति	नपा,वडा,सहयोगी निकाय/सहजीकरण गर्ने निकाय
३०	घोषणा पश्चातको समिक्षा तथा दिगोपनाका लागि कार्य योजना तर्जुमा	एम, वार्ड,टोल वास सिसि	नपा,वडा,सहयोगी निकाय/सहजीकरण गर्ने निकाय

९.८.१. अपेक्षित उपलब्धिहरु

उपलब्धि नं. १ : समुदायका सबै घर परिवारमा पक्की शौचालयको स्तरोन्नति गरी पूर्णरुपमा प्रयोग गरेका हुनेछन् ।

उपलब्धि नं.२ : खुल्ला रुपमा फोहोर फाल्ने प्रबृतिको नियन्त्रण र न्युनिकरण भएको हुनेछ । सो प्रयोजनका लागि कम्तिमा एउटा व्यवस्थित ल्याण्डफिल साइटको निर्माण हुनेछ ।

उपलब्धि नं ३ : नगरपालिका भरी सात वटा सार्वजनिक शौचालय निर्माण भइ व्यवस्थित रुपमा संचालनमा आउने छन ।

उपलब्धि नं ४ : समुदायका कम्तिमा ५० प्रतिशत घरपरिवारको शौचालयको मानवजन्य लेदो व्यवस्थापन भएको र बांकी आधा घरपरिवारको स्वयमले नै सुरक्षित व्यवस्थापन भएको हुनेछ ।

उपलब्धि नं ५: समुदायका सम्पुर्ण व्यक्तिहरुले जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धोएका हुने छन् ।

उपलब्धि नं ६ : समुदायका सम्पुर्ण महिलाहरुले महिनावारी स्वच्छताको महत्व जानकारी पाउने छन । ५० प्रतिशतले स्यानिटरी प्याड र बांकी ५० प्रतिशतले पुनःप्रयोग गर्न मिल्ने सफा कपडाको प्रयोग गरेका हुनेछन ।

उपलब्धि नं.७ : वडा सभा र नगर सभावाट प्रत्येक वर्ष यस योजना कार्यान्वयनको लागि बजेट विनियोजन गर्नुका साथै प्रभावकारि नेतृत्वदायि भूमिका निर्वाह गरेका हुनेछन ।

९.९. पूर्ण सरसफाइ युक्त विद्यालय

९.९.१. रणनीतिक कार्यहरू

- विद्यालयको हाताभित्र पर्याप्त "वास" सेवाहरूको व्यवस्थापन गरिने छ ।
- "वास" सेवाहरूको योजना गर्दा बालबालिका, लैङ्गिक र अपाङ्गता भएका व्यक्तिको अवस्थालाई विशेष ध्यान दिई प्रविधिगत रूपमा पर्याप्त पानीको व्यवस्था र छात्र तथा छात्राको लागि छुट्टाछुट्टै चपीहरूको साथै साबुन पानीले हात धुने र महिनावारी स्वच्छता व्यवस्थापन समेतलाइ ध्यान दिइने छ ।
- विद्यालयमा सुरक्षित पानी, सफा चर्पी र स्वच्छता शिक्षाको अभ्यासलाइ प्राथमिकता दिइ हाजिरी दरमा मात्र वृध्दि नभइ बालबालिकामा राम्रो शैक्षिक अभ्यास गर्ने बानीको विकास गराइने छ । विद्यालय सरसफाइको लागि विद्यार्थी संख्याको अधारमा पयाप्त मात्रामा प्यान तथा यूरिनलहरूको व्यवस्था गरिने छ । विद्यालय हातावभित्र फोहोरमैला फ्याक्न खाल्डो अनिवार्य हने छ ।
- पालिकाले ३ ताराको प्रमाणीकरण प्रक्रिया र अनुगमन गने विधि परिभाषित गर्ने छ । प्रमाणीकरण र अनुगमन प्रक्रियालाइ सरल बनाइने छ र थोरै अुगमनका सूचकाङ्क राख्ने छ जसले प्रत्येक ताराको लागि प्रगति मापन गर्ने छ ।

९.९.२. कार्ययोजना

क्र.स	कृयाकलापहरु	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	शिक्षक, बाल क्लब, अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, सरसफाइ फोकल शिक्षकको क्षमता अभिवृद्धि	एसवाससिसि, विद्यालय	नगरपालिका विकास साझेदार
२	प्रयोगकर्ता मैत्री (लैगिक, महिनावारी मैत्री, अपांगतामैत्री) शौचालयनिर्माण, स्तरोन्नती, संचालन तथा व्यवस्थापन	विद्यालय, एसवाससिसि,	नगरपालिका
३	विद्यालयमा सेनेटरी प्याड लगायतका व्यक्तिगत सरसफाइ प्रवर्द्धनको सामग्रीको व्यवस्था (टावेल, नड.कटर, ऐना आदि)	विद्यालय एसवाससिसि,	नगरपालिका विकास साझेदार
४	वालमैत्री सुविधायूक्त पानी धाराको व्यवस्था	एसवाससिसि, विद्यालय	नगरपालिका, नगरपालिका विकास साझेदार
५	वाल वालिका मैत्री सुविधा भएको हात धुने निश्चित स्थान निर्माण	एसवाससिसि, विद्यालय	,नगरपालिका विकास साझेदार
६	विद्यालय सरसफाइ कोष वृद्धि तथा सञ्चालन	एसवाससिसि, विद्यालय	नगरपालिका, नगरपालिका विकास साझेदार
७	पूर्ण सरसफाइ प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन (र्याली, हाजिरी जवाफ, घरदैलो, गीत, नाच, नाटक ई.)	एसवाससिसि, विद्यालय	नगरपालिका, नगरपालिका विकास साझेदार
८	सरसफाइ स्रोत केन्द्र सञ्चालन	एसवाससिसि, विद्यालय	नगरपालिका, नगरपालिका विकास साझेदार
९	विद्यालयमा सरसफाइ सम्बन्धी चेतनामूलक कृयाकलाप सञ्चालन	एसवाससिसि, विद्यालय	नगरपालिका, नगरपालिका विकास साझेदार
१०	विद्यालयद्वारा समुदायमा सरसफाइ सचेतना अभिवृद्धि, अनुगमन तथा अभिप्रेरणा जगाउने	एसवाससिसि, विद्यालय	नगरपालिका,वडा

११	सरसफाइ फोकल शिक्षकबाट सरसफाइ सम्बन्धी कक्षा सञ्चालन	एसवाससिसि, विद्यालय	नगरपालिका,वडा
१२	सरसफाइ आचारसंहिता लागू गर्ने (फेलेक्स वा भित्तेलेखन)	एसवाससिसि, विद्यालय	वडा, नगरपालिका विकास साझेदार
१३	साप्ताहिक तथा बार्षिक कार्ययोजना तयार पारी कार्यान्वयन गर्ने	एसवाससिसि, विद्यालय	नगरपालिका
१४	लैंगिक समावेसी सरसफाई अनुगमन तथा सुपरिवेक्षण योजना तयारी तथा कार्यान्वयन	एसवाससिसि, विद्यालय	नगरपालिका
१५	अन्तर विद्यालय अवलोकन भ्रमण	एसवाससिसि, विद्यालय	नगरपालिका, विकास साझेदार
१६	समिति, बाल क्लबको नियमित बैठक, समिक्षा	एसवाससिसि, विद्यालय	वडा,नगरपालिका, विकास साझेदार
१७	पूर्ण सरसफाइउन्मुख विद्यालय घोषणा पूर्वको अनुगमन	विद्यालय,वार्ड वास सिसि	एम वास सिसि,विकास साझेदार
१८	पूर्ण सरसफाइउन्मुख विद्यालय घोषणा	एसवाससिसि, विद्यालय	वडा, नगरपालिका, विकास साझेदार

९.९.३. अपेक्षित उपलब्धिहरु

उपलब्धि नं.१ सबै सामुदायिक र संस्थागत शिक्षालयमा बाल, अपाङ्ग र लैंगिकमैत्री शौचालय भएका हुनेछन ।

उपलब्धि नं. २ सबै सामुदायिक र संस्थागत विद्यालयहरुमा खानेपानीको ब्यबस्था हुनेछ भने शौचालयहरु नियमित सरसफाइ गरी प्रयोग योग्य हुनेछ ।

उपलब्धि नं. ३ विद्यार्थी, अभिभावक, शिक्षक तथा सरोकारवालाहरुमा वासमा तीन तारे विद्यालयको वारेमा अभिमुखीकरण गरी वासमा तारे विद्यालयका सवै सूचक पुरा गरी सम्पूर्ण बिद्यालयहरु पूर्णसरसफाइ क्षेत्रको रुपमा विकसित भएको हुनेछ ।

९.१०. कार्यालय र स्वास्थ्य संस्थाहरुमा खानेपानी र सरसफाइ

आगामी पांच वर्षमा यस नगरपालिका भरिका सबै सरकारी, गैर सरकारी र निजि क्षेत्रका कार्यालयहरुमा सुरक्षित खानेपानी र स्वच्छ शौचालयको व्यवस्था भएको हुनेछ ।

९.१०.१. रणनीतिक कार्यहरू :

- बालबालिका, लैङ्गिक र अपाङ्गता भएका व्यक्ति-मैत्री "वास" सेवाहरूको पर्याप्तता साथै साबुन पानीले हात धुने र महिनावारी सरसफाइ व्यवस्थापनको प्रावधान सुनिश्चित गरिने छ ।
- सार्वजनिक संस्थाहरूले सुरक्षित, सफा चर्पी र उचित स्वच्छता अभ्यास कायम गर्नुपर्ने छ । संस्थाको हाताभित्र फोहोरमैला व्यवस्थापन गर्ने खाल्डो हनुपर्ने छ ।

९.१०.२. सरकारी तथा गैरसरकारी कार्यालयहरुमा पूर्ण सरसफाइ प्रबर्द्धन कार्ययोजना

क्र.स	कृयाकलाप	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	कर्मचारीहरुको बैठक बसी सरसफाइको अबस्था विश्लेषण गरि कार्य योजना तयार पार्ने, सरसफाइ फोकल पर्सन तोक्ने	सम्बन्धित कार्यालय तथा संघसंस्थाका वास सिसिमा आवद्ध व्यक्तिहरु	एमवाससिसि, विकास साझेदार
२	सरसफाइ कार्य योजना, सरसफाइ आचारसंहिता बनाई कार्यान्वयन गर्ने	सम्बन्धित कार्यालय तथा संघसंस्थाका फोकल पर्सन	एमवाससिसि, विकास साझेदार
३	कार्यालयहरुमा प्रयोगकर्तामैत्री शौचालय निर्माण तथा स्तरोन्नती गर्ने	सम्बन्धित कार्यालय, फोकलपर्सन	एमवाससिसि, विकास साझेदार
४	कार्यालयमा महिलाका लागि कम्तिमा १ महिनावारी शौचालयको व्यवस्था गर्ने	सम्बन्धित कार्यालय, फोकलपर्सन	एमवाससिसि, विकास साझेदार
५	चर्पी सरसफाइ सामग्रीको व्यवस्थापन र प्रयोग गरी चर्पीको सरसफाइ कायम राख्ने	सम्बन्धित कार्यालय, फोकलपर्सन	एमवाससिसि, विकास साझेदार
६	सावुन पानीले हात धुने स्थान र सावुनको उपलब्धता गर्ने	सम्बन्धित कार्यालय, फोकलपर्सन	एमवाससिसि, विकास साझेदार
७	व्यवस्थित् खानेपानीको व्यवस्थापन तथा सुरक्षित पिउनेपानीको व्यवस्था मिलाउने (पानी सुद्धिकरण)	सम्बन्धित कार्यालय, फोकलपर्सन	एमवाससिसि, विकास साझेदार
८	कार्यालयमा पूर्ण सरसफाइ तथा बानी परिवर्तन सम्बन्धी अभिमुखिकरण सञ्चालन गर्ने	सम्बन्धित कार्यालय,	एमवाससिसि, विकास साझेदार
९	फोहोर व्यवस्थापनको लागि जैविक तथा अजैविक फोहोरलाई अलग अलग छुट्याउने तथा व्यवस्थापन गर्ने	सम्बन्धित कार्यालय, फोकलपर्सन	एमवाससिसि, विकास साझेदार
१०	कर्मचारीको व्यक्तिगत सरसफाइ तथा कार्यालय तथा कार्य कक्षको सरसफाइलाई पनि कार्य सम्पादन मूल्यांकनको रुपमा लागु गर्ने	सम्बन्धित कार्यालयका प्रमुख,फोकल पर्सन	एमवाससिसि, विकास साझेदार
११	कार्यालय परिसर, कोठा सफा राख्ने, कोठाहरुमा डष्टबिनको प्रयोग गर्ने	सम्बन्धित कार्यालय,फोकल पर्सन	एमवाससिसि, विकास साझेदार
१२	कार्यालय हाता भित्र फूल तथा बगैचा बनाइ हरियाली कायम गर्नको लागि वृक्षारोपण गर्ने	सम्बन्धित कार्यालय	एमवाससिसि, विकास साझेदार
१३	प्रत्येक कर्मचारी बैठकमा सरसफाइको एजेण्डा माथि छलफल गर्ने	सम्बन्धित कार्यालय, फोकलपर्सन	एमवाससिसि, विकास साझेदार
१४	कार्यालयहरुमा सरसफाइ सम्बन्धि सन्देशहरु राख्ने	सम्बन्धित कार्यालय,फोकल पर्सन	एमवाससिसि, विकास साझेदार
१५	आवश्यकतानुसार भवन तथा कम्पाण्ड रंगरोगन गर्ने	सम्बन्धित कार्यालय	नेपाल सरकार, नगरपालिका
१६	साप्ताहिक तथा अन्य समयमा आयोजना गरिने सरसफाइ अभियानमा सहभागीता जनाउने	सम्बन्धित कार्यालय कर्मचारी सबै	न्गरपालिका, एमवाससिसि,विकास साझेदार
१७	नगर परिषद्, विश्व वातावरण दिवस, राष्ट्रिय सरसफाइ सप्ताहको अवसरमा खानेपानी तथा पूर्ण सरसफाइ प्रवर्द्धनमा उत्कृष्ट कार्य गर्ने व्यक्ति,कार्यालय तथा संघसंस्थालाई पुरस्कारको व्यवस्था गर्ने	सम्बन्धित कार्यालय, एमवाससिसि,	नगरपालिका, विकास साझेदार

१८	कार्यालय सरसफाइ सम्बन्धी अनुगमन तथा मुल्याँकन गरी (बार्षिक २ पटक) प्रतिबेदन सार्वजनिक गर्ने	एमवाससिसि, संयुक्त अनुगमन समूह	नगरपालिका,विकास साझेदार
१९	पूर्ण सरसफाइ उन्मुख अबस्था हासिल भएपछि सम्बन्धित निकायमा अनुगमन तथा प्रमाणीकरणका लागि समन्वय गर्ने	सम्बन्धित कार्यालय प्रमुख,फोकलपर्सन	एम/वार्ड वास सिसि
२०	पूर्ण सरसफाइ उन्मुख कार्यालय घोषणा तथा हरियो स्टीकर टाँस गर्ने	सम्बन्धित कार्यालय र वाससिसि	एम वास सिसि, नगरपालिका, विकास साझेदार

९.१०.३. अपेक्षित उपलब्धिहरु

उपलब्धि नं. १ ५ बर्षभित्र सम्पूर्ण कार्यालयहरुमा प्रयोगकर्तामैत्री शौचालय, खानेपानी र हात धुने स्थानको ब्यवस्था भएको हुनेछ ।

उपलब्धि नं. २ सबै कार्यालयहरुमा आआफ्नो कार्यालयको ब्यवस्थापनका साथै रंगरोगन र बगैचा ब्यवस्थित भएको हुनेछ ।

उपलब्धि नं. ३ सम्पूर्ण कर्मचारीहरुको सरसफाइ सम्बन्धि ब्यवहारमा परिवर्तन आएको हुनेछ ।

९.११. स्वास्थ्य संस्थाहरुमा पूर्ण सरसफाइ प्रबर्द्धन कार्ययोजना

क्र.स	कृयाकलाप	प्रमुख जिम्मेवारी	सहजीकरण तथा सहयोग
१	कर्मचारीहरुको बैठक बसी पूर्ण सरसफाइको बारेमा छलफल गर्ने,सरसफाइ फोकल पर्सन तोक्ने	सम्बन्धित कार्यालय प्रमुख, फोकल पर्सन	एम/वार्ड वाससिसि
२	अबस्था बिश्लेषण गरी कार्य योजना तयार पार्ने	सम्बन्धित कार्यालय तथा फोकल पर्सन	एम/वार्ड वाससिसि, विकास साझेदार
३	सामुदायिक महिला स्वयम् सेविका,स्वस्थ आमा समूहहरुलाई पूर्ण सरसफाइ सम्बन्धी अभिमुखीकरण गर्ने	सम्बन्धित कार्यालय, एम वार्ड वाससिसि	नगरपालिका, विकास साझेदार
४	सरसफाइ आचारसंहिता बनाई कार्यान्वयन गर्ने	सम्बन्धित कार्यालय फोकल पर्सन	एम/वार्ड वाससिसि, विकास साझेदार
५	सामुदायिक महिला स्वयम् सविकाहरुको मासिक बैठकमा सरसफाइ बारे छलफल गर्ने, वडामा परिचालन गर्ने	सम्बन्धित कार्यालय फोकल पर्सन	एम/वार्ड वाससिसि, विकास साझेदार
६	आवश्यकतानुसार शौचालयहरुलाई स्तरोन्नती गरि प्रयोगकर्तामैत्री बनाउने (बाल,लैंगिक, अपांगता, सुत्केरी,बिरामी, महिनावारीमैत्री)	सम्बन्धित कार्यालय, फोकलपर्सन,वार्ड वास सिसि	नगरपालिका, विकास साझेदार
७	शौचालय प्रयोगपछि हात धुनका लागि प्रयोगकर्तामैत्री हात धुने स्टेशन निर्माण तथा सावुन र पानीको व्यवस्थापन गर्ने	सम्बन्धित कार्यालय, फोकलपर्सन,वार्ड वास सिसि	नगरपालिका, विकास साझेदार
८	फोहोर व्यवस्थापनको लागि जैविक तथा अजैविक फोहोरलाई अलग अलग छुट्याउने तथा व्यवस्थापन गर्ने	सम्बन्धित कार्यालय, फोकलपर्सन	

९	जोखिमयुक्त फोहोरहरुको उचित संकलन र विर्सजन (स्वास्थ्य मापदण्ड बमोजिम)	सम्बन्धित कार्यालय, फोकलपर्सन	नगरपालिका, विकास साझेदार
१०	इन्सिरेटर निर्माण तथा व्यवस्थापन (नभएका आवश्यकमा)	सम्बन्धित कार्यालय, फोकलपर्सन	नगरपालिका,विकास साझेदार
११	व्यवस्थित् तथा प्रयोगकर्तामैत्री सुरक्षित खानेपानी को सेवा उपलब्ध गराउने (पानी सुद्धिकरण, बाल तथा अपांगमैत्री)	सम्बन्धित कार्यालय, फोकलपर्सन	नगरपालिका,विकास साझेदार
१२	कार्यालय परिसर, कोठा सफा राख्ने, कोठाहरुमा डष्टबिनको प्रयोग गर्ने	सम्बन्धित कार्यालय,फोकल पर्सन	नगरपालिका,विकास साझेदार
१३	कार्यालय हाता भित्र फूल तथा बगैचा बनाइ हरियाली कायम गर्नको लागि वृक्षारोपण गर्ने	सम्बन्धित कार्यालय	नगरपालिका,विकास साझेदार
१४	कार्यालयहरुमा सरसफाइ सम्बन्धी सन्देशहरु राख्ने	सम्बन्धित कार्यालय,फोकल पर्सन	एम/वडा वाससिसि, विकास साझेदार
१५	खानेपानी,सरसफाइ,स्वच्छता सम्बन्धी दिवसहरु मनाउने	सम्बन्धित कार्यालय	नगरपालिका,विकास साझेदार
१६	पूर्ण सरसफाइ उन्मुख अवस्था हासिल भएपछि सम्बन्धित निकायमा अनुगमन तथा प्रमाणीकरणका लागि समन्वय गर्ने	सम्बन्धित कार्यालय	एम/वार्ड वाससिसि
१७	पूर्ण सरसफाइ उन्मुख स्वास्थ्य संस्था घोषणा गर्ने	सम्बन्धित कार्यालय र वार्ड वाससिसि	विकास साझेदार

९.१२. ठोस तथा तरल फोहोर व्यवस्थापन कार्ययोजना

ठोस फोहोर व्यवस्थापनका सम्वन्धमा नगरपालिका मा तत्कालका लागि केहि प्रवर्धनात्मक कार्यक्रमहरु मात्र प्रस्ताव गरिए पनि शहरोन्मुख नगरपालिका भएकोले ठोस फोहोर व्यवस्थापनका लागि पनि तपसिलका कार्यक्रमहरु प्रस्ताव गरिएका छन । समुदायबाट निस्कने फोहोरहरुलाई स्वयम समुदायले नै फोहोरको बर्गिकरण गरी कम्पोष्ट बनाउने, पुन प्रयोग गर्ने र घर घरमा फोहोर खाडल बनाइ व्यवस्थित गर्न अभियानका रुपमा स्थानिय संघ संस्था आमा समुहहरुलाई अगुवाई गर्न लगाइने छ । नगरपालिका स्तरिय वास समन्व्य समितिको अनुगमन समितिको सिफारिसमा सफा र स्वच्छ टोल हरुलाई नगरपालिका को वास कोषबाट वार्षिक रुपमा पुरस्कृत गर्ने कार्यक्रम पनि राखिनेछ ।

क्र.स	क्याकलापहरु	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	बजार स्तरीय खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गर्ने वा बजार व्यवस्थापन समितिलाई नै बजार क्षेत्रमा पूर्ण सरसफाइ प्रवर्द्धनमा जिम्मेवारी तोक्ने	एम/वार्ड वास सिसि	उद्योग वाणिज्य संघ, नगरपालिका, विकास साझेदार
२	बजार भेला गरि कार्य योजना तयार पार्ने र कार्यान्वयन गर्ने	बजार समिति, एम/वार्ड वास सिसि	उद्योग वाणिज्य संघ, नगरपालिका, विकास साझेदार
३	ठाउँ ठाउँमा शिक्षा, सूचना, सावधान मूलक बोर्डहरु राख्ने (घर पसल, होटल आदिसँग साझेदारिता तथा सौजन्यमा)	बजार समिति, एम/वार्ड वास सिसि	उद्योग वाणिज्य संघ, नगरपालिका, विकास साझेदार
४	घरायसी तहमा फोहोरलाई स्रोत मै वर्गीकरण गरि डष्टबिन, बोरामा राख्ने, मल बनाउने, वा ल्याण्डफिल साइटमा पठाउने	बजार समिति, बजारबासी,टोल	नगरपालिका /सहयोगी निकाय

५	फोहोर मैला व्यवस्थापन सम्बन्धी बजार स्तरीय आचारसंहिता निर्माण तथा कार्यान्वयन गराउने	बजार समिति, एम/वार्ड वास सिसि	नगरपालिका /सहयोगी निकाय
६	साप्ताहिक रुपमा सार्वजनिक स्थलको सरसफाइ गर्ने (राजमार्ग,सडक, धार्मिक तथा ऐतिहासिक स्थलहरु, ताल,पोखरी,खोला आदि)	बजार समिति, एम/वार्ड/टोल वास सिसिसि	नपा, बजार व्य स, टोल विकास समिति
७	फूलबारी निर्माण, करेसाबारी निर्माण, कौशी खेती सम्बन्धी अभियान चलाउने	नपा/वडा समन्वय समिति,बजार,टोल समिति	कृषि कार्यालय/सहयोगी निकाय
८	सार्वजनिक शौचालय निर्माण तथा स्तरोन्नती र व्यवस्थापन सम्बन्धी कार्य गर्ने	बजार समिति, सा.शौ.सं.स., एम/वार्ड/टोल वास सिसि	नगरपालिका, उद्योग संघ, विकास साझेदार
९	व्यवस्थित र सुरक्षित खानेपानी निर्माण तथा व्यवस्थापन, पानी शुद्धीकरण विधि सम्बन्धी कार्यमूलक तथा सचेतनामूक गतिबिधिहरु सञ्चालन गर्ने	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, विकास साझेदार
१०	ढल निर्माण तथा व्यवस्थापन गर्ने (आवश्यक स्थानमा)	एम/वार्ड वास सिसि	नगरपालिका, विकास साझेदार
११	सेनेटरी ल्याण्डफिल साइट निर्माण तथा सञ्चालन गर्ने (नगरपालिकामा कम्तिमा १)	एम/वार्ड वास सिसि	नगरपालिका, विकास साझेदार
१२	प्लाष्टिकको झोलामुक्त सफा शहर अभियान चलाउने	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, विकास साझेदार,उद्योग वा.सं
१३	आवश्यक स्थानहरुमा बधशालाहरु निर्माण गर्ने	व्यवसायी आफै, उ.वा.सं, ब.व्य.स.	नगरपालिका, कृषि तथा पशुसेवा कार्यालय
१४	पार्क निर्माण तथा व्यवस्थापन गर्ने (नपामा कम्तीमा ३ स्थानमा)	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, वडा,सरोकारवाला
१५	खानेपानी र सरसफाइका सामग्रीहरुको सहज उपलब्धताका लागि पसल तथा सप्लायरसँग समन्वय गर्ने	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, उद्योग संघ, विकास साझेदार
१६	खानेपानी र सरसफाइका सामग्रीहरुको सहज उपलब्धता स्थानीय स्तरमा गराउने	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, उद्योग संघ, विकास साझेदार
१७	सार्वजनीक स्थल, खेलकुद स्थल र वस पार्कमा शौचालय एवं पानीको व्यवस्था मिलाउने	सम्बन्धित वाससिसि, बव्यस, वडा, नपा, खासउस,	विकास साझेदार, उवासंघ
१८	समय समयमा रोचक सचेतनामूलक, प्रचार प्रसारात्मक कृयाकलापहरु सञ्चालन गर्ने	एम/वार्ड वास सिसि, ब.व्य.स.	विकास साझेदार, उवासंघ, नपा, वडा
१९	सार्वजनिक शौचालयनिर्माण तथा सञ्चालन सम्बन्धि र फोहोर व्यवस्थापन सम्बन्धि नीति तयार पारी कार्यान्वयन गर्ने	सम्बन्धित वाससिसि, बव्यस, उवासंघ	विकास साझेदार
२०	पूर्ण सरसफाइ उन्मुख बजार विकासका लागि उत्प्रेरणा, पुरस्कार, सम्मान	सम्बन्धित वाससिसि, बव्यस, उ.वा.स	नगरपालिका,विकास साझेदार

९.१३. सुरक्षित खानाको प्रयोग सम्बन्धी व्यवहार प्रवर्द्धन र खाद्य सुरक्षा कार्ययोजना

क्र.स	कृयाकलापहरु	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	टोल टोलमा सुरक्षित एवं पोषणयुक्त खाना सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने	एम/वार्ड वास सिसि	स्वास्थ्य संस्था, पोषण कार्यक्रम,विकास साझेदार
२	सफा र व्यवस्थित भान्सा अभियान सञ्चालन गर्ने (धुवारहित चुल्होको प्रयोगसम्बन्धी उत्प्रेरणा जगाउने, भाडा राख्ने र्‍याकको व्यवस्था गर्न लगाउने, पर्याप्त उज्यालोपन,भाडाको सफाइ)	एम/वार्ड वास सिसि	स्वास्थ्य संस्था, पोषण कार्यक्रम,विकास साझेदार
३	घरदैलो गरि चिया खाजा पसल,रेष्टुरा,होटल आदिमा पकाइएका खानेकुरालाई सुरक्षित तवरले राख्न जालीको व्यवस्था गर्न लगाउने	एम/वार्ड वास सिसि, होटल व्यवसायी संघ	नगरपालिका, स्वास्थ्य संस्था, विकास साझेदार
४	खाद्य सुरक्षा कार्य दल गठन तथा चौमासिक रुपमा परिचालन गर्ने, प्रतिवेदन सार्वजनिक गर्ने	एम/ वार्ड वास सिसि	नगरपालिका, उद्योग व्यवसायी संघ
५	विद्यालय तथा कार्यालयमा जंक फूड निशेधित क्षेत्रको रुपमा विकास गर्न आवश्यक सचेतना तथा आचारसंहिताको निर्माण र कार्यान्वयन गर्ने	एम/ वार्ड वास सिसि, विद्यालय,सम्बन्धित कार्यालय	नगरपालिका, उद्योग व्यवसायी संघ

९.१४. शहरी क्षेत्रमा पूर्ण सरसफाइ प्रर्वद्धन र सरसफाइ सामग्रीको बजारीकरण कार्ययोजना

क्र.स	कृयाकलापहरु	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	बजार स्तरीय खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गर्ने वा बजार व्यवस्थापन समितिलाई नै बजार क्षेत्रमा पूर्ण सरसफाइ प्रवर्द्धनमा जिम्मेवारी तोक्ने	एम/वार्ड वास सिसि	उद्योग वाणिज्य संघ, नगरपालिका, विकास साझेदार
२	बजार भेला गरि कार्य योजना तयार पार्ने र कार्यान्वयन गर्ने	बजार समिति, एम/वार्ड वास सिसि	उद्योग वाणिज्य संघ, नगरपालिका, विकास साझेदार
३	ठाउँ ठाउँमा शिक्षा, सूचना, सावधान मूलक बोर्डहरु राख्ने (घर पसल, होटल आदिसँग साझेदारिता तथा सौजन्यमा)	बजार समिति, एम/वार्ड वास सिसि	उद्योग वाणिज्य संघ, नगरपालिका, विकास साझेदार
४	घरायसी तहमा फोहोरलाई स्रोत मै वर्गीकरण गरि डष्टबिन, बोरामा राख्ने, मल बनाउने, वा ल्याण्डफिल साइटमा पठाउने	बजार समिति, बजारबासी,टोल	नगरपालिका /सहयोगी निकाय
५	फोहोर मैला व्यवस्थापन सम्बन्धी बजार स्तरीय आचारसंहिता निर्माण तथा कार्यान्वयन गराउने	बजार समिति, एम/ वार्ड वास सिसि	नगरपालिका /सहयोगी निकाय
६	साप्ताहिक रुपमा सार्वजनिक स्थलको सरसफाइ गर्ने (राजमार्ग,सडक, धार्मिक तथा ऐतिहासिक स्थलहरु, ताल,पोखरी,खोला आदि)	बजार समिति, एम/वार्ड/टोल वास सिसिसि	नपा, बजार व्य स, टोल विकास समिति
७	फूलबारी निर्माण, करेसाबारी निर्माण, कौशी खेती सम्बन्धी अभियान चलाउने	नपा/वडा समन्वय समिति,बजार,टोल समिति	कृषि कार्यालय/सहयोगी निकाय

८	सार्वजनिक शौचालय निर्माण तथा स्तरोन्नती र व्यवस्थापन सम्बन्धी कार्य गर्ने	बजार समिति, सा.शौ.सं.स., एम/वार्ड/टोल वास सिसि	नगरपालिका, उद्योग संघ, विकास साझेदार
९	व्यवस्थित र सुरक्षित खानेपानी निर्माण तथा व्यवस्थापन, पानी शुद्धीकरण विधि सम्बन्धी कार्यमूलक तथा सचेतनामूक गतिबिधिहरु सञ्चालन गर्ने	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, विकास साझेदार
१०	ढल निर्माण तथा व्यवस्थापन गर्ने (आवश्यक स्थानमा)	एम/वार्ड वास सिसि	नगरपालिका, विकास साझेदार
११	सेनेटरी ल्याण्डफिल साइट निर्माण तथा सञ्चालन गर्ने (नगरपालिकामा कम्तिमा १)	एम/वार्ड वास सिसि	नगरपालिका, विकास साझेदार
१२	प्लाष्टिकको झोलामुक्त सफा शहर अभियान चलाउने	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, विकास साझेदार,उद्योग वा.सं
१३	आवश्यक स्थानहरुमा बधशालाहरु निर्माण गर्ने	व्यवसायी आफै, उ.वा.सं, ब.व्य.स.	नगरपालिका, कृषि तथा पशुसेवा कार्यालय
१४	पार्क निर्माण तथा व्यवस्थापन गर्ने (नपामा कम्तीमा ३ स्थानमा)	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, वडा,सरोकारवाला
१५	खानेपानी र सरसफाइका सामग्रीहरुको सहज उपलब्धताका लागि पसल तथा सप्लायरसँग समन्वय गर्ने	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, उद्योग संघ, विकास साझेदार
१६	खानेपानी र सरसफाइका सामग्रीहरुको सहज उपलब्धता स्थानीय स्तरमा गराउने	एम/वार्ड वास सिसि, ब.व्य.स.	नगरपालिका, उद्योग संघ, विकास साझेदार
१७	सार्वजनीक स्थल, खेलकुद स्थल र वस पार्कमा शौचालय एवं पानीको व्यवस्था मिलाउने	सम्बन्धित वाससिसि, बव्यस, वडा, नपा, खासउस,	विकास साझेदार, उवासंघ
१८	समय समयमा रोचक सचेतनामूलक, प्रचार प्रसारात्मक कृयाकलापहरु सञ्चालन गर्ने	एम/वार्ड वास सिसि, ब.व्य.स.	विकास साझेदार, उवासंघ, नपा, वडा
१९	सार्वजनिक शौचालयनिर्माण तथा सञ्चालन सम्बन्धि र फोहोर व्यवस्थापन सम्बन्धि नीति तयार पारी कार्यान्वयन गर्ने	सम्बन्धित वाससिसि, बव्यस, उवासंघ	विकास साझेदार
२०	पूर्ण सरसफाइ उन्मुख बजार विकासका लागि उत्प्रेरणा, पुरस्कार, सम्मान	सम्बन्धित वाससिसि, बव्यस, उ.वा.स	नगरपालिका,विकास साझेदार

९.१५. सरसफाई योजनाहरुको पहिचान तथा निर्माण योजना

९.१५.१. घरयासी शौचालय निर्माण तथा स्तरोन्नति

घरयासी शौचालयहरु निर्माण तथा स्तरोन्नतिका लागि अनुगमन समिति बनाएर अनुगमन गरि चर्पी नभएका घरहरुलाई निश्चित समय दिएर बनाउन लगाइने छ र चर्पी नबनाउने घरहरुलाइ रणनितिमा उल्लेख भए बमोजिम कार्वाहीको प्रकृया अगाडी बढाइने छ ।

नयाँ निर्माण तथा स्तरोन्नति गरिने शौचालयहरुको विवरण

वडा नं.	शौचालय नभएका घर	जम्मा संख्या	अनुमानित लागत
१	१३	१३	६५०००
२	६९	६९	२०००००
३	३४	३४	२०५०००
४	१०९	१०९	४७२५००
५	१	१	५०००
६	११६	११६	५७५०००
७	८८	८८	४०००००
८	५३	५३	२५००००
९	१३९	१३९	६२५०००
जम्मा	**६६२**	**६६२**	

९.१५.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति

सार्वजनिक तथा संस्थागत शौचालय निर्माण, संचालन तथा मर्मतका लागि सम्वन्धित संस्थाहरुलाई जिम्मेवार बनाइने छ । धेरै जसो स्थानमा शौचालयहरु भएको तथा संचालनको अवस्था खराव रहेको र संरचनाहरु बाल मैत्रि, अपाङ्ग मैत्रि तथा महिला मैत्रि नभएको अवस्थामा मर्मत सम्भार तथा स्तरोन्नतिका अलावा सार्वजनिक शौचालयहरुको हकमा भने मर्मत सम्भारको ग्यारेन्टि पछि मात्र निर्माण गरिने छ ।

संस्थागत शौचालय निर्माण तथा मर्मत विवरण

क स	कृयाकलाप/ योजना	वडा नं	*नयाँ निर्माण तथा मर्मत*	टोल	अनुमानित लागत
क)	**सार्वजनिक शौचालय**				
१					
२					
ख)	**विद्यालय सरसफाई (सामुदायीक)**				
१	अपाङ्गमैत्री शौचालय सुविधा थप (११ वटा विद्यालय)				१६,५०,०००/-
२	महिनावारी स्वच्छता सुविधा थप मावि र उच्च मा वि (५ वटा विद्यालयमा)				५,००,०००/-
ग)	**स्वास्थ्य संस्था सरसफाई**				
१	स्वास्थ्य संस्था शौचालय मर्मत तथा रंग रोगन (४ वटा)				८,००,०००/-
२	अपाङ्गमैत्री शौचालय सुविधा थप (६ वटा स्वास्थ्य संस्था)				६,००,०००/-
	महिनावारी स्वच्छता सुविधा (६ वटा स्वास्थ्य संस्था)				६,००,०००/-
घ)	**सार्वजनिक संस्था सरसफाई**				
१	वडा कार्यालयहरु सरसफाई सेवा				५,००,०००/-
२	पशु सेवा , कृषि सेवा कार्यालय				१,००,०००/-
	जम्मा				४७,५०,०००/-

९.१६. पूर्ण सरसफाइ उन्मुख क्षेत्रका सूचक, घोषणा र प्रमाणिकरण प्रक्रिया

नेपालको पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसार पूर्ण सरसफाइ अभियान अर्न्तगत सफा र स्वच्छ चरण एवं पूर्ण सरसफाइ उन्मुख चरणको स्व घोषणा वा प्रमाणीकरणका लागि अनुगमन गर्दा तपशिलका सूचकहरुलाई आधार मानी उक्त क्षत्रको अबस्थाको लेखाजोखा, घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अबलम्बन गरिने छ ।

९.१६.१. सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरु

तल दिइएका ७ वटा मुख्य सूचकहरु अध्ययन गरी सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र भनी स्व-घोषणा वा प्रमाणीकरण सकिने छ ।

१. योजना तर्जुमा तथा व्यवस्थापन

- समन्वय समिति सक्रिय रहेका,
- वास योजना तर्जमा भएको
- क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएका,

२. चर्पीको समुचित प्रयोग

- प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएका,
- साबुन पानी सहितको सुरक्षित, सफा चपी भएका,
- खुला ठाँउमा दिसा नभेटिएका,
- संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएका,

३. व्यक्तिगत सरसफाइ

- प्रत्येक घरले उपयक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएका,
- घर, विद्यालय संघसस्थ र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र सावुन पानी) भएका,
- घर, विद्यालय, स्वास्थ्य सस्थ, कायालयहरुमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,
- व्यक्तिगत सरसफाइमा ध्यान पऱ्याएका (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)

४. सुरक्षित पानीमा पहुँच तथा प्रयोग

- आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएका,
- खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेका,
- घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएका,

५. सुरक्षित खानाको प्रयोग

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेका र बासी तथा सडेगलेको खाना नखान/नबेच्न गरेका
- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेका,
- फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- सुरक्षित खानाका अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेका,

६. घरायसी एवं संस्थागत सरसफाइ

- घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेका,
- विद्यालय, संघसंस्था र सार्वजनिक शौचालयहरुमा मासिक धर्म/महिनावारीमा प्रयोग गरिएका स्यानीटर प्याड वा अन्य साधनहरुका सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिन र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एव विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएका,
- अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेका,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेका,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुन उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको,

७. वातावरणीय सरसफाइ

- गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएका,
- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहार (मानव मलमुत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएका (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक ट्यांकमा जोडिएको)
- मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको
- नगर वा नगरोन्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) का उचित व्यवस्थापन भएको,
- नगर र नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएका,
- व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली) का योजना तर्जुमा भएका,

९.१६.२. पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरु

- प्रयोगकता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएका,
- नेपाल गुणस्तर मापदण्ड अनुसारका पिउन पानीमा सबैका पहुँच भएका,
- ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएका
- नगर र नगरोन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएका,
- ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइटको निर्माण गरी संचालनमा रहेका,
- नगर र नगरोन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्त्पादन, पुन:प्रयोग र रिसाइकल गर्ने व्यवस्था भएका,
- आकासेपानी संकलन र उपयोग गरेका,

- नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेका,
- बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएका,

९.१६.३. घोषणा प्रक्रिया

कुनै टोल, वडा द्वारा पूर्ण सरसफाइका सफा र स्वच्छ चरणको सूचक पूरा गरेपछि सम्बन्धित समन्वय समिति वा कार्यदलले उक्त क्षेत्रको अनुगमन गरी सफा र स्वच्छ क्षेत्रका उल्लिखित सूचकहरु पूरा भएको अवस्थामा आफ्नो क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रका रुपमा स्व-घोषणा गर्ने छ ।

९.१६.४. प्रमाणीकरण प्रक्रिया

सफा र स्वच्छ क्षेत्र घोषणा गरिएपछि त्यस क्षेत्रलाई एक तह माथिको समन्वय समितिबाट अनुगमन गराई सफा र स्वच्छ क्षेत्रका रुपमा प्रमाणीकरण गरिने छ । एक तह माथिको समन्वय समितिको प्रमाणीकरण पश्चात वडा कार्यालयले आफ्नो कार्यालयमा उल्लेखित ढाँचा अनुसारको स्टीकर टाँस्ने छ । एक तह मुनिको समन्वय समितिबाट प्रमाणीकरणका लागि अनुरोध गरेमा एक तह माथिको समन्वय समितिले अनुगमन तथा अवलोकन गरी प्रमाणीकरण गर्नेछ । कुनै पनि टोल, वडामा सत्रचालित पूर्ण सरसफाइ अभियानका कियाकलापहरुको स्व-अनुगमन तथा अनुगमन गर्दा माथि उल्लिखित सफा र स्व्चछ क्षेत्रका सम्बन्धित सूचकह?लाई आधार मानी सफा र स्वच्छ अवस्था कायम भए वा नभएको सुनिश्चितता गरिने छ । सबै टोलहरु सफा र स्वच्छ क्षेत्र कायम भएपटि वडा क्षेत्रलाई सोही प्रकिया अनुरुप सफा र स्वच्छ क्षेत्र स्व-घोषणा तथा अनुमोदन एवं प्रमाणीकरण पनि गर्न सकिने छ । पूर्ण सरसफाइ उन्मुख अवस्थाको सुनिश्चितता गर्नको लागि सरसफाइ मार्गदर्शनले निर्दिष्ट गरेका सूचकहरु साथै यस रणनीतिक योजनाका विभिन्न विषय क्षेत्रमा निर्धारित सूचकहरु समेतलाई समेटेर एकीकृत चेकलिष्ट तयार गरी सो को आधारमा सहभागितात्मक अनुगमन पद्धति अगाडि बढाइनेछ । समग्रमा देहाय बमोजिमको अनुगमन सन्यंत्र तथा पद्धतिको आधारमा अनुगमनको कार्य अगाडि बढाइनेछ ।

९.१६.५. सफा र स्वच्छ क्षेत्र घोषणा र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा पश्चात स्टीकरको नमुना

क) सफा र स्वच्छ क्षेत्र घोषणा गरे पश्चात चाँदी/निला रङ्गको घरको अग्रभागको छानो माथि नेपालको राष्ट्रिय झण्डा र घरको छानाको दुवै किनारामा तारा र घरको अग्रभागमा पानीको धाराको टुटी, साबुन पानीले हात धुने स्थान, प्यान र फोहोर फ्याक्ने खाडलको नमुना आदि राखी घरमा टाँस्ने स्टीकरको नमुना हुने छ ।

ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गरे पश्चात सुनौला/हरिया रङ्गको घरको अग्रभागको छानो माथि नेपालको राष्ट्रिय झण्डा र घरको छानाको दुवै किनारामा तारा र घरको अग्रभागमा पानीको धाराको टुटी, साबुन पानीले हात धुने स्थान, प्यान र फोहोर फ्याक्ने खाडलको सहितको घरमा टाँस्न स्टीकरको नमुना हुने छ ।

९.१६.६. निरीक्षण, अनुगमन, मल्याङ्कन र प्रतिवेदन

कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गणात्मक उपलब्धि र दिगोपनका लागि निरन्तर निरीक्षण, अनुगमन, मल्याङ्कन र प्रतिवेदन तैयारी गर्ने कायलाइ संस्थागत गरिन छ । कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि घरायसी तथा संस्थागत तहमा निरीक्षण गरिनेछ । अनगमनका नीतिगत पक्ष, कार्यान्वयन विधि, बाधाअवरोध, चुनौती, अवसर, काय कशलता, प्रभावकारिता तथा प्राविधिक पक्ष लगायतका

विषयहरुमा केन्द्रित रहने छ । पूर्ण सरसफाइ प्रवर्द्धनका लागि तपसिल बमोजिमका अनुगमन पद्धतिहरु अवलम्वन गरिने छन् :

९.१६.६.१. स्वअनुगमन

सरसफाइ अभियानका गाउँ तहदेखि केन्दसम्म आफूले गरेका कामहरु र कार्यक्रमका उपलब्धिहरुलाई कार्यान्वयनकर्ता संस्था स्वयंले गर्ने गरी सम्बन्धित सरोकारवालाहरुको सहभागितामा वार्षिक स्व-अनुगमन गरिने छ ।

१०. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना

१०.१. विपद जोखिम व्यवस्थापन

यस नगरपालिका मा विविध प्रकारका विपदहरु विद्यमान रहेका छन । बाढी, आगलागी, खडेरी, भुकम्प आदि विपदहरु बारम्वार दोहोरि राख्ने विपदहरु हुन । बाढी भुकम्प जस्ता ठुला बाढीका बेलामा खानेपानी र सरसफाईको क्षेत्रमा ठुलो असर गर्ने गरेका र व्यवस्थित गर्न नसकेमा विपदले भन्दा पनि त्यस पछिको असरले ज्यान जोखिममा परेका प्रशस्त उदाहरणहरु छन । त्यसैले बिपदका बेलामा पर्न आउने समस्यालाई ध्यानमा राखि पुर्व तयारी सहितको विपद व्यवस्थापन योजना बनाई राख्नु अनिवार्य देखिएको छ । खानेपानी र सरसफाइ विपद व्यवस्थापन जोखिम न्युनिकरणका लागि उल्लेखित कायक्रर्महरु विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा नगरपालिकामा संचालन गरिने छ ।

- ठुला र व्यवस्थित खानेपानी योजनाबाट प्रत्येक समुदायमा कम्तिमा एक वटा उच्च प्लेटफर्म भएको करिब १०० मिटर गहिराईको हाते पम्प बनाउने र आपतकालिन बाढीको अवस्थामा त्यो हातेपम्प प्रयोग गर्न प्रोत्साहन गर्ने
- सार्वजनिक र संस्थागत शौचालयहरु पनि बाढि आउने अधिकतम सतह भन्दा माथि सम्म उठाएर निर्माण गर्ने
- नगरपालिका तथा वडा स्तरीय समिति तथा उपसमितिहरुलाई आपतकालिन समयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गर्नु पर्ने पूर्व तयारी बिषयमा तालिम उपलब्ध गराइ समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गराइने छ ।
- विभिन्न क्लस्टरहरुसँग वास क्लस्टरको समन्वय गराउने ।
- विपद् सम्बन्धी तयार भएको रणनीतिक कार्य योजनालाई अद्यावधिक गर्ने ।
- नगरपालिका स्तरबाट जोखिमको नक्सांकन गर्ने
- पियूष, वाटरगार्ड जस्ता क्लोरिनेसन गर्ने औषधिको भण्डारण मजबुत राख्ने ।
- तुरुन्त तयार गर्न सकिने डिजाइनको चर्पी निर्माण गर्ने सामग्रीहरुको भण्डारण गर्ने ।
- पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।
- सहजकर्ता/स्वयंसेवकहरु तलिम दिइ विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त परिचालन गर्ने ।
- मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।
- आपत्कालिन अवस्थाको लागि शीघ्र उद्धारका कार्य पद्धतिको विकास र अवलम्बन गर्ने ।

- आपतकालिन अवस्थाको लागि तय गरिएका खुला स्थानहरुको पहिचान र जानकारी सम्पुर्ण समुदायमा गराउने
- समुदायहरुलाई जोखिम प्रतिरोधि संरचनाहरु निर्माणमा सहजिकरण गने
- नगरपालिकामा जगेडा कोष व्यवस्थापन गर्ने ।
- सूचना व्यवस्थापन ब्यवस्थित गर्ने ।
- विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।

१०.२. जलवायु परिवर्तन अनुकुलन

राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अनुसन्धानले नेपाल विश्वमा नै जलवायु परिवर्तनको असरको उच्च जोखिममा रहेको बताइरहेका बेला विशेष गरी नगरपालिकाका सन्दर्भमा चुरे क्षेत्रको वन विनास र खोलाहरुको गिट्टी बालुवाको अत्याधिक दोहन नै विपद तथा जलवायु परिवर्तनको कारक बनेको छ । हामी एक्लैको प्रयासले जलावायु परिवर्तनको असरलाई रोक्न सक्दैनौं । तसर्थ हामीले परिवर्तनलाई आत्मसात गर्दै तयारी अवस्थामा रहनुको विकल्प छैन । तसर्थ निम्न उल्लेखित कार्यहरु संचालन गरी जलवायु परिवर्तनका असरहरुको अनुकुलन गरिनेछ ।

क्र.स	कृयाकलाप	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	नगरमा जलवायू परिवर्तन र विपद न्यूनिकरण सम्बन्धि अभिमुखिकरण तालीम सञ्चालन	सम्बन्धित वाससिसि, स्थानीय तह	विकास साझेदार
२	नगरमा जलवायू परिवर्तन र विपद न्यूनिकरण सम्बन्धि तालीम प्राप्त मानव संसाधनको रोष्टर तयार गर्ने	डिवाससिसि, सचिवालय	विकास साझेदार
३	जलवायु अनुकुलन योजना तयारी तथा कार्यान्वयन - नपा र वडा तहमा)	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
४	विपत न्यूनिकरण तथा व्यवस्थापन योजना तयारी तथा कार्यान्वयन (नपा र वडा तहमा)	सम्बन्धित वाससिसि, स्थानीय तह तथा आम जनसमुदाय	विकास साझेदार
५	जलबायू परिवर्तनका असर तथा जोखिम न्यूनीकरण गरी निर्माण तथा मर्मत सुधार गरि खानेपानी आयोजना सञ्चालन	सम्बन्धित वाससिसि, स्थानीय तह तथा आम जनसमुदाय	विकास साझेदार
६	जलबायू परिवर्तनका असर तथा जोखिम न्यूनीकरण गरी बाटोघाटो लगायतका संरचना निर्माण गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह तथा आम जनसमुदाय	विकास साझेदार
७	घरभित्रको धुवाँ रहित वडा र नपा घोषणा गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह, आम जनसमुदाय	विकास साझेदार
८	जलवायु परिवर्तनको जोखिम न्यूनिकरण सम्बन्धि कार्य गर्ने निकायहरु बीचमा सञ्जाल, नियमित बैठक र समिक्षा	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
९	विपत तथा प्रकोपको सम्वोधनको लागि क्लोरिन झोल, सरसफाइ सामग्रीको भण्डारण गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
१०	आपतकालिन खानेपानी र सरसफाई सम्बन्धी कोष स्थापना गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार

११	खानेपानी तथा सरसफाइ आयोजनाको स्रोत संरक्षणको लागि वृक्षारोपण गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह, आम जनसमुदाय	विकास साझेदार
१२	भुसंरक्षण, तठबन्धन, नदिखोला छेउमा वृक्षारोपण	सम्बन्धित वाससिसि, स्थानीय तह, आम जनसमुदाय	विकास साझेदार

११. क्षमता विकास योजना

११.१ पालिका स्तर क्षमता अभिबृद्धि योजना

खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी क्षमता अभिवृद्धि मूलत दिगो रुपमा बानी व्यवहार विकास र योजनाहरुको निर्माण, मर्मत सम्भार र दिगोपना कायम गर्ने कार्यमा केन्द्रित रहने छ । तथापि, उक्त क्षमता अभिवृद्धि मार्फत खानेपानि र सरसफाइलाई आयआर्जन, जीविकोपार्जन, पर्यावरणीय सन्तुलन र विपद् व्यवस्थापन आदि पक्षहरु सम्बोधन गर्ने साधनको रुपमा समेत प्रवर्द्धन गरिने छ । खानेपानी सरसफाइ तथा स्वच्छता अभियान सम्बन्धी क्षमता अभिवृद्धि गदा केन्द्र, क्षेत्र, जिल्ला, न.पा. एवं गा.पा.मा आवश्यकता अनुसार प्रशिक्षण,अभिमुखीकरण र गोष्ठी संचालन गरिन छ । साथै केन्द्र, क्षेत्र, जिल्ला, गा.पा. एवं न.पा. तहका विभिन्न सराकारवालाहरुलाइ लक्षित गरी आवश्यकता अनुसार प्रशिक्षक प्रशिक्षण, गोष्ठी, तालिम, अभिमुखीकरण आदि समावेश गरी पूर्ण सरसफाइ म्यानुअल तयारी गरिन छ । यसैगरी मानव मलमुत्रीय फोहोर व्यवस्थापन, फोहोरपानी प्रशोधनका लागि आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएका, ठोस फोहोरमैला व्यवस्थापन, सरसफाइ सुरक्षा योजना लगायत आवश्यक विषयहरुका तालिम म्यानुअल समेत तयार गरिने छ ।

क.स	क्रियाकलापहरु	प्रमुख जिम्मेवारी	सहयोग तथा सहजीकरण
१	एमवाससिसिका पदाधिकारी र नगरपालिकाका विषयगत इकाइका फोकल पर्सनका लागि पूर्ण सरसफाइ सम्बन्धी अभिमुखीकरण तालिम (२ दिन)	एम वास सिसि	एमवाससिसि /नगरपालिका /विकास साझेदार
२	आधारभूत तथ्याँक संकलन तथा अद्यावधीकरण	एम, वार्ड वास सिसि	नपा, वा.का, विकास साझेदार
३	नगरपालीकाको वास योजना तर्जुमा कार्यशाला - शुरुमा २ दिन, अन्तिमरुप दिन १ दिन गरि ३ दिन)	एम वास सिसि	नगरपालिका /विकास साझेदार (वाटर एड /बेस)
४	नगरपालिकाको वास योजना छपाई तथा सार्वजनीकरण	एम वास सिसि	नगरपालिका, वाटर एड/बेस
५	एमबास सिसिको नियमित मासिक बैठक	एम वास सिसि	नगरपालिका /विकास साझेदार
६	नगरपालिका स्तरमा वास योजनाको कार्यान्वयन, उपलब्धी तथा भावी योजना तर्जुमाका लागि अर्ध बार्षिक तथा बार्षिक समिक्षा गोष्ठी	एम वास सिसि	नगरपालिका /विकास साझेदार
७	वडा स्तरीय खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु गठन, कार्य दल र अनुगमन समिति गठन र परिचालन	एम/वार्ड वास सिसि	नपा/वा.का. वार्ड वास सिसि
८	वार्ड वास सिसिका पदाधिकारी र सरोकारवालाहरुको लागि लागि पूर्ण सरसफाइ सम्बन्धी अभिमुखीकरण तालिम (२ दिन)	एम/वार्ड वास सिसि	नगरपालिका /विकास साझेदार

९	वडाको वास योजना /पूर्ण सरसफाइ रणनैतिक योजना तर्जुमा कार्यशाला (पहिले १ दिन, अन्तिम रुप	वार्ड वास सिसि	एम वास सिसि, नगरपालिका /विकास साझेदार
१०	वार्ड वास सिसिको नियमित मासिक बैठक सञ्चालन	वार्ड वास सिसि	एम वास सिसि, विकास साझेदार
११	वडाहरुको वास योजना छपाई तथा सार्वजनीकरण	वार्ड वास सिसि	एम वास सिसि, नगरपालिका /विकास साझेदार
१२	सरसफाइ आचारसंहिता कार्यान्वयन गराउने	एम/वार्ड वाससिसि	नगरपालिका /वडा कार्यालयहरु /विकास साझेदार, सुरक्षा निकाय
१३	सरसफाइ कार्डको व्यवस्था र लागू गर्ने	एम/वार्ड वाससिसि	नगरपालिका /वडा कार्यालयहरु /विकास साझेदार
१४	नगरपालिका स्तर तथा वडा कार्यालयहरुमा सरसफाइ कोषको स्थापना, सुदृढिकरण, परिचालन	एम/वार्ड वाससिसि	नगरपालिका /वडाहरु/विकास साझेदार
१५	नगरपालिका तहमा खानेपानी तथा सरसफाइ स्रोत केन्द्र स्थापना तथा सुदृढिकरण	एम वास सिसि	नगरपालिका / विकास साझेदार
१६	वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण	एमरवडा वाससिसी, जिजस्वाका	नगरपालिका /वडाहरु/विकास साझेदार
१७	नगरपालिका तहमा खानेपानी,सरसफाइ सम्बन्धी दिवस तथा सप्ताह मनाउने	एमवाससिसि,	नगरपालिका /वडाहरु/विकास साझेदार
१८	नगरपालिकाबाट वडा स्तरमा समय समयमा गरिने संयुक्त अनुगमन - उपलब्धीको मापन गर्न, उत्प्रेरणा जगाउन)	एमवाससिसि, संयुक्त अनुगमन टोली	नगरपालिका /विकास साझेदार
१९	घोषणा पूर्वको अनुगमन : प्रमाणीकरण तथा स्वीकृतीका लागि नगरपालिकाबाट वडा स्तरबाट अनुरोध भए पछि गरिने संयुक्त अनुगमन	एमवाससिसि, संयुक्त अनुगमन टोली	नगरपालिका /वडाहरु/विकास साझेदार
२०	सरकारी तथा गैरसरकारी निकाय, दातृ संस्था, एवं जिल्ला र नगरमा अवस्थित बहु क्षेत्रगत सरोकारवालाहरुसँग समन्वय, बैठक	एम वास सिसि	नगरपालिका, वडाहरु
२१	अनुगमन गर्ने (वास योजनाको प्रभावकारी कार्यान्वयन, उपलब्धीको मापन तथा कार्य योजना पुनरावलोकनका लागि)	एम वार्ड वास सिसि, अनुगमन टोली	नगरपालिका /वडाहरु/विकास साझेदार
२२	नगर वडा स्तरमा पूर्ण सरसफाइ बारेमा सचेतना जगाउन तथा अभियानलाई निरन्तरता दिन आवश्यक पहिचान गरिएका मानव स्रोतहरुको पूर्ण सरसफाइ सम्बन्धी क्षमता विकास गर्ने	एम/वार्ड वाससिसि	नगरपालिका /वडाहरु/विकास साझेदार
२३	अर्ध बार्षिक /बार्षिक पूर्ण सरसफाइ बुलेटिन प्रकाशन गर्ने	एम वास सिसि	नगरपालिका /वडाहरु/विकास साझेदार

११.२. समुदाय स्तर क्षमता अभिबृद्धि योजना

समुदायस्तरमा तालिमहरु केहि छानिएका व्यक्तिहरु मात्र संलग्न हुने औपचारिक र खर्चिला कार्यक्रमहरु भन्दा अभियानका रुपमा सबै समुदायहरुलाई समेटने कार्यक्रमहरु गरिने छ । तथापि केहि क्षमता विकासका

कियाकलापहरु नगर सभाको निर्णय र प्राथमिकताको आधारमा वडाहरुको सिफरिस र नगरपालिका वास समन्वय समिति र नगर कार्यपालिकाको निर्णय बमोजिम वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याइने छ ।

- पम्प अपरेटर तालिम ।
- वायोस्याण्ड फिल्टर निर्माण तालिम
- मर्मत सम्भार कार्यकर्ता तालिम ।
- प्लम्विङ्ग तालिम
- उपभोक्ता समिति व्यवस्थापन तथ लेखा तालिम ।
- खानेपानी सुरक्षा योजना तालिम ।
- करेशावारी व्यवस्थापन तालिम
- लैगिंक समानता तथा समाजकि समावेसिकरण तालिम ।
- पूर्ण सरसफाई, सरसफाई तथा स्वच्छता
- वडा तथा नगरपालिका तहमा क्षमता विकास का तालिम तथा अभिमुखीकरणहरु
- जलवायु परिवर्तन अनुकुलन तथा प्रकोप जोखिम न्यूनीकरण तालिम आदि ।

१२. पुरक विषय सवाल र सम्वोधन योजना

यस नगरपालिका मा खानेपानी, सरसफाई र स्वच्छताका सवालमा तल उल्लेखित पुरक विषय वा सवालहरु विद्यमान रहेका छन जसलाई सम्वोधन गर्ने योजना यो वास योजनामा परिकल्पना गरिएको छ ।

१२.१ लैगिंक तथा समावेसिकरण मुल प्रवाहिकरण

नेपाल बहुभाषिक, बहुजातिय र भौगोलिक विविधता भएको राज्य हो । समाजमा व्याप्त अन्ध विश्वास र रुढिवादीका अलावा निम्न शैक्षिक स्तरका कारण पनि समाजमा असमानता हरु विद्यमान रहेका छन । जसका कारणबाट समाजमा रहेका बिभिन्न श्रोतहरुको असमान वितरण तथा उपयोगे हुने गरेको छ । यस वास योजनामा खानेपानी तथा सरसफाईका सेवाको न्यायोचित वितरण तथा उपभोग गर्ने सवालमा समेत बिचार पुऱ्याएर योजना छनौट तथा कार्यान्वयन र मर्मत सन्चालन प्रकृया र निति निर्माण तहमा पछाडि पारिएका समुदायहरुको संलग्नताको प्रत्याभुति गरिने छ । योजनाको प्राथमिकिकरणको पहिलो बुदाँमा नै पछाडि पारिएका र हाल सम्म उपभोगको अधिकारबाट वन्चित समुदायलाई प्राथमिकतामा राख्ने उल्लेख गरेर जातिय, धार्मिक र अति गरिबीको कारणले बन्चितिमा परेका समुदायहरुमा पहिलो चरणमा नै कार्यक्रमहरु प्रस्ताव गरी कार्यान्वयनमा जाने परिकल्पना गरिएको छ ।

संविधानमा नै व्यवस्था भए बमोजिम महिलालाई नीति निर्माण तहमा आवद्ध गराउनका लागि विभिन्न समितिहरुको पदाधिकारीमा अनिवार्य संलग्नताको नितिका अलावा महिला मैत्रि वास सेवा निर्माणमा पनि बिशेष ध्यान दिईने छ ।

क्र.स	कृयाकलाप	प्रमुख जिम्मेवारी	सहजीकरण सहयोग
१	नगरमा पूर्ण सरसफाइ बुस्नर लगायतका सूचना, शिक्षा तथा सञ्चारमुलक सामग्रीहरु तयार पार्ने (पोष्टर, गीत, अडियो, भिडियो सडक नाटक आदि)	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
२	ठाउँ ठाउँमा पूर्ण सरसफाइ सम्बन्धी होर्डिङ्ग बोर्डहरु राख्ने, घर तथा कार्यालयमा आनीबानी परिवर्तन सम्बन्धी फेलेक्स	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार

	पोष्टर राख्ने		
३	Communication Strategy plan तयार पारी संलग्न निकायहरु बीचमा समन्वय र सहकार्य गरी एकै किसिमका व्यवहार परिवर्तन सम्बन्धी सामग्री (फेलेक्स, पोष्टर आदि) प्रयोग गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
४	नगर तथा वडा स्तरीय समन्वय समितिहरु, तालिम गोष्ठिहरुमा पछाडि पारिएका वर्गहरुको सहभागिता वृद्धि गर्न अन्तरक्रिया तथा अभिमुखिकरण गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
५	पछाडि पारिएका वर्गहरुलाई लक्षित गरी आनीबानी परिवर्तन र सहभागिता वृद्धि सम्बन्धमा अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
६	खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा ३३ प्रतिशत र मुख्य पदमा कम्तीमा १ महिलाको प्रतिनिधित्वका लागि उपभोक्ता समितिहरुलाई उत्प्रेरणा जगाउने	सम्बन्धित वाससिसि, स्थानीय तह, खासउस	विकास साझेदार
७	खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुमा महिला प्रतिनिधित्व वृद्धि गराउने (वडा वाससिसीमा ३३ प्रतिशत, अन्यमा सकेसम्म)	सम्बन्धित वाससिसि, स्थानीय तह, खासउस	विकास साझेदार
८	नपा तथा वडा तहमा सञ्चालन गरिने जुनसुकै तालिम,गोष्ठीमा आनीबानी परिवर्तन, सामाजिक समावेशीकरणलाई समावेश गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
९	सचेतना मूलक खोज मूलक कार्यक्रम प्रसारण तथा प्रकाशन गर्ने एवं प्रमाणमा आधारित पैरवी तथा सञ्चार प्याकेजको प्रयोग गर्ने	सम्बन्धित वाससिसि, स्थानीय तह,	विकास साझेदार
१०	खानेपानी उपभोक्ता समितिमा महिला तथा पछि पारिएका वर्गको समानुपातिक र अर्थपूर्ण प्रतिनिधित्व गराउने	सम्बन्धित वाससिसि, स्थानीय तह, खासउस	विकास साझेदार

१२.२ प्रयोगकर्ता मैत्री संरचना निर्माण योजना

यस वास योजना कार्यान्वयनको शिलशिलामा निर्माण हुने सम्पुर्ण खानेपानी तथा शौचालयका संरचनाहरु प्रयोगकर्ता मैत्री हुनेछन ।

महिला मैत्री वास सेवा	• युरिनल सहितको महिला पुरुषका लागि बेग्ला बेग्लै शौचालय • पुरुषको युरिनल करिब ३ फिटको उचाइमा भने महिलाको भुंइमा टायल लगाएको हुनु पर्ने • महिला युरिनलको तरल पदार्थ राम्रो संग बग्ने गरि भिरालोपन मिलाएको हुनुपर्ने • शौचालयको ढोका खुला हुंदा पनि चर्पी कोठा र युरिनल बाहिरबाट नदेखिने गरि डिजायन गरिएको हुनु पर्छ • चर्पीको प्रत्येक कोठामा स्यानिटरि प्याड राख्नको लागि ढकन भएको बाल्टिन अनिवार्य राखिएको हुनु पर्नेछ

	• शौचालयको कोठामा पर्याप्त ठाउँ राखिएको हुनु पर्छ
बालमैत्री वास सेवा	• बिभिन्न उमेर समुहका बच्चाहरुका लागि चुकल, हात धुने बेसिन र धाराको साइजमा विविधता हुनुपर्ने • शौचालयका भित्तहरुमा बिभिन्न रंगिन सन्देसमुलक चित्रहरु कोरिएको हुनु पर्छ
अपाङ्गमैत्री वास सेवा	• कोठाको साइज सामान्य भन्दा ठुलो हुनु पर्ने जसले गर्दा ह्विल चेयर सजिलै घुमाउन सकियोस • शौचालय जाने बाटो र वरण्डामा पनि ह्विल चेयर सजिलै जाने खालको फराकिलो बनाउनु पर्ने • भित्रि कोठाको भित्ताहरुमा ह्याण्डलहरु राखिएको हुनु पर्दछ जसको कारणले शारिरक अशक्तता भएका व्यत्तिले सहजताक साथ चर्पी प्रयोग गर्न सकुन • दृष्टि विहिनहरुका लागि विशेष चिन्ह भएको वाटो निर्माण गर्नु पर्ने
अन्य	• ढोकाको साइज सबै साइजका व्यक्तिलाई मध्यनजर गरि बनाउन पर्ने • ढोका बाहिर नै हातधुने बेसिन राखिनु पर्ने • ढोका जहिलेपनि भित्र तिर खोलिन पर्ने र ह्याण्डल दाहिने हात तिर पारिनु पर्ने • हात धोएको पानी युरिनल भएर बग्ने बनाउनु पर्ने

१३. अनुगमन मुल्याङ्कन र वास योजना पुनरावलोकन

१३.१. योजना कार्यन्वयन अवधारणा

नगरपालिकाको वास योजनालाई नगर परिषदमा अनुमोदनका लागि पेश गरिनेछ । नगर परिषदबाट पास भएपछि छपाई गरी एक औपचारिक कार्यक्रमबाट सार्वजनीकरण गरिने छ । वास योजनाको कार्यान्वयन पक्षलाई थप प्रभावकारी तथा लक्ष्य केन्द्रित बनाउन अर्धबार्षिक तथा बार्षिक समीक्षा गोष्ठीको आयोजना गरिने छ । वास योजनामा प्रक्षेपण गरिएको अनुमानित बजेट र नगरपालीका स्तरमा हाल उपलब्ध तथा उपलब्ध हुन सक्ने बजेट बीचको असन्तुलन लाई हटाउन नेपाल सरकारसँग थप बजेट तथा कार्यक्रम माग गर्ने, दातृ निकायहरुसँग समन्वय गरिने छ ।

यो यस योजना नगरपालिका वाट औपरिचारिक रुपमा पारित भएपछि यस योजनाले निर्धारण गरेको उद्देश्य हासिल गर्ने दायित्व स्वत: स्थानीय तहको हुनेछ । वैधानि रुपमा यस योजनाको कार्यान्वयनको जिम्मेवारी नगरपालिका को अध्यक्षको अध्यक्षतामा गठन हुने नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिती (Rural Municipality level Water Sanitation and Hygiene Coordination Committee-RM-WASH-CC) को हुनेछ । नगरपालिका स्तरमा समन्वय, श्रोत पहिचान, परिचालन, अनुगमनको मूख्य जिम्मेवारि यस समन्वय समितीको भएपनि यसको सहयोगी हातको रुपमा प्रत्येक वडाका वडा अध्यक्षको अध्यक्षतामा गठन हुने वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिती (Ward level Water Sanitation and Hygiene Coordination Committee-W-WASH-CC) ले वडा भरिको यस सम्वन्धि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र समन्वय सहकार्यको भुमिका निर्वाह गर्नेछ । त्यसै गरी वडाले टोल स्तरमा पनि टोल स्तरीय समन्वय समिती गठन गरी परिचालन गर्नेछ । यसरी यो योजना कार्यान्वयनको औपचारिक रुपमा समुदायदेखि नगरपालिका तहसम्मको संरचना तयार हुनेछ ।

यो योजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक तथा मानवीय श्रोत जुटाउनको लागि वडा र नगरपालिका ले नियमित रुपमा वार्षिक बजेटमा यस सम्वन्धि कार्यक्रम समावेश गर्दै जानेछन । वास योजनामा प्रक्षेपण गरिएको

अनुमानित बजेट र नगरपालीका स्तरमा हाल उपलब्ध तथा उपलब्ध हुन सक्ने बजेट बीचको असन्तुलन लाई हटाउन नेपाल सरकारसँग थप बजेट तथा कार्यक्रम माग गर्ने, दातृ निकायहरुसँग समन्वय गरिने छ ।भौतिक श्रोत जुटाउनको लागि घरपरिवारले पनि यथासक्य सहभागिता जनाउनेछन । स्थानीय तहलाई कार्य क्षेत्र वनाइ कार्यक्रम सञ्चालन गर्न आउने विभिन्न गैर सरकारी तथा दातृ निकायहरुले यस सम्वन्धि कृयाकलापमा खर्च गर्ने बजेट यस योजनामा उल्लेखित कृयाकलापमा खर्च गर्ने द्विपक्षीय समझदारि गरिनेछ र सोहि अनुरुप एकद्वार प्रणालीवाट कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.२. अनुगमन योजना

१३.२.१. अनुगमन ढाँचा तथा पद्धति

नगरपालिका र वडा तहमा अनुगमन प्रणाली स्थापना गरिनेछ । नगरपालिका तहका वाश क्रियाकलापहरुको आवधिक अनुगमन गर्ने जिम्मेवारी नगरपालिका स्तरीय समन्वय समिति अन्तर्गतको मुख्य कार्यदलको हुनेछ । वडा र समुदाय तहमा पनि अनुगमन कार्यदल गठन गरिनेछ । जसमा वडाका सदस्य सहित राजनीतिक दलका सदस्य,नागरिक समाज, शिक्षा, स्वास्थ्य एवं संचार क्षेत्रबाट आवश्यक प्रतिनिधि समावेश गरी गठन गरिनेछ । विभिन्न तहका समन्वय समिति अन्तगर्त गठित अनुगमन दल योजनामा समावेश क्रियाकलापहरुको लेखाजोखा तथा अवलोकलन गर्नेछ । यसका लागि उद्धेश्य, प्रकृया, प्रभाव सम्बन्धी सुचकहरु विकास गरिनेछ । स्थानीय उपभोक्ता समिति, उपभोक्ता, कार्यक्रम संचालन गर्ने निकाय नागरिक समाज आदिको उपस्थितिमा अनुगमनका क्रियाकलापहरु गरिनेछ ।

१३.२.२. सूचक

खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमका आधारभूत सुचकहरु विकास गरिनेछ । यस्ता सुचकहरु विकास गर्दा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी नीति , नियम ,मार्गदर्शन र सम्बन्धित योजनाको उदेश्य र कार्यपद्धति लगायतका संरचनालाई ध्यान दिइनेछ ।

१३.२.३. अनुगमनको तह

अनुगमनको तह यसप्रकार हुनेछ

- समुदाय स्तर
- वडा स्तर
- नगरपालिका स्तर

१३.२.४. अनुगमन विधी

- पालिका तथा वडा वास समन्वय समति
- स्वअनुगमन, सहभागितामुलकसंयुक्त अनुगमन
- सुरुवाती मध्यावधि तथा अन्तिमअनुगमन
- चरणबद्ध अनुगमन

१४. योजना परिमार्जन

नगरपालिकामा गुरुयोजना परिमार्जन गर्नका लागि नगरपालिका वास समन्वय समितिको सिफारिसमा प्रत्येक २ वर्षमा अद्यावधिक वा परिमार्जन गरेर गाँउ/नगर सभाबाट पारित गरिनेछ ।

१५. वास योजना स्विकृति र अवधि

वास योजना स्थानीयतहले स्वीकृत गरेर पालिका सभाबाट पारित गरेको मिति देखि लागु भै सन् २०३० को अन्त सम्म हुनेछ।

१६. नगरपालिकाको एकीकृत कार्य योजना

क. नं	क्षेत्र	कार्यक्रमहरु	प्रकार	कार्यक्षेत्र	घरधुरी	जनसंख्या	अनुमानित लागत	संभावित श्रोतहरु	योजना अवधि			जिम्मेवारी
									०७७।०७८	०७८।०७९	०७९।०८०	
१	खानेपानी	खानेपानी योजना मर्मत संभार तथा स्तरोन्नती	जडान	वडा नं.१ देखि ९ सम्म	३३८५	१६९२५	२,००,००,०००.		५०,००,०००	५०,००,०००	१००,००,०००	पालिका
		हैण्ड पम्प मुल सुधार तथा संरक्षण योजना	मरम्मत	वडा नं.१ देखि ९ सम्म	२५०	१५००	२०.००,०००.		५,००,०००	५,००,०००	१०,००,०००	पालिका
		खानेपानी सुरक्षा योजना, खानेपानी गुणस्तर जाँच	तलिम र सामाग्री	उ. समिति र पालिका कार्यालय	५००	३०००	१०,००,०००.		२,००,०००	३,००,०००	५,००,०००	पालिका
२	सरसफाइ र स्वच्छता	सार्वजनिक तथा संस्थागत शौचालय	निर्माण	पालिका	???	???	७०,००,०००.		१५,००,०००	२५,००,०००	३०,००,०००	पालिका
		ठोस फोहोर व्यवस्थापन	निर्माण	पालिका	????	????	२०,००,०००.		५,००,०००	५,००,०००	१०,००,०००	पालिका
		बिद्यालय सरसफाइतथा स्वच्छता व्यवस्थापन	निर्माण	बिद्यालय	???	???	२५,००,०००.		७,५०,०००	७,५०,०००	१०,००,०००	पालिका
		पूर्ण सरसफाइ उन्मुख अभियान सन्चालन	सचेतना	MWASH CC	????	????	१०,००,०००.		२,००,०००	३,००,०००	५,००,०००	पालिका
		जलबायु परिवर्तन सचेतनातथा जोखिम प्रतिरोपधी संरचना निर्माण सचेतना	तलिम	MWASH CC	???	???	५,००,०००.		२,००,०००	२,००,०००	१,००,०००	पालिका
		जोखिम व्यवस्थापन सचेतना तथा जोखिम प्रतिरोपधी संरचना निर्माण सचेतना	तलिम	MWASH CC	????	????	१०,००,०००.		२,००,०००	३,००,०००	५,००,०००	पालिका
		सूचना प्रणाली स्थापना तथा व्यवस्थापन	तलिम र सामाग्री		???	???	१०,००,०००.		५,००,०००	३,००,०००	२,००,०००	पालिका

३	**व्यवस्थापन र**	अनुगमन तथा यस योजना परिमार्जन मुल्याकंन	अनुगमन		????	**????**	५,००,०००.		२,००,०००	२,००,०००	१,००,०००	पालिका
	अनुगमन योजना				५,१५,००,०००		१,६७,५५०,०००	१,७८,५०,०००	१,६९,३००,०००	१,०८,५०,०००	१७९०००००	
जम्मा लागत					?????	?????	?????	?????	?????	?????	?????	

१७. अनुसूचीहरु :

अनुसूची १ : सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

क्र.स	सरोकारवालाहरु	कार्य क्षेत्र
१	व्यक्ति	चर्पीको समुचित प्रयोग, सरसफाइ, मर्मत सम्भार, व्यक्तिगत सरसफाइ गर्ने स्वस्थकर बानी व्यवहार अवलम्बन गर्ने घर आँगनको सरसफाइ गर्ने सरसफाइ प्रति सचेत नागरिकको रुपमा सार्वजनिक दायित्व निर्वाह गर्ने
२	घर परिवार	चर्पीको निमार्ण, समुचित प्रयोग, सरसफाइ र मर्मत सम्भार गर्ने सरसफाइ सम्बन्धी सामाजिकीकरण गर्ने पानी र खानाको स्वच्छता कायम राख्ने घर आँगन र वरिपरिको सरसफाइ र बगैचा व्यवस्थापन गर्ने स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकीलाई अभिप्रेरणा गर्ने घरधुरीबाट निस्किने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने सफा र स्वच्छ घर प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने
३	विद्यालय, विश्व विद्यालय, महाविद्यालय तथा अनुसन्धान संस्थाहरु	सरसफाइका विषयवस्तुलाई पाठ्यपुस्तकमा समावेश गर्ने पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने विद्यार्थी बाल क्लव गठन तथा सक्रियता गराउने बाल-मैत्री, लैगिंक-मैत्री चर्पी यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग, सरसफाइ तथा मर्मत सम्भार गर्ने पानीको स्वच्छता कायम राख्ने वरिपरिको सरसफाइ कायम राख्ने स्वच्छकर बानी व्यवहार विकासका लागि विद्यार्थी र समुदायलाई अभिप्रेरणा गर्ने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने विपद्को समयमा वास सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने समुदाय तथा अध्ययनकर्ताहरुका लागि सरसफाइ सिकाइ केन्द्रका रुपमा विकास हुने अनुसन्धान र विकासका क्रियाकलापहरु संचालन गर्ने सफा र स्वच्छ विद्यालय तथा कलेज प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने
४	टोल तथा क्लष्टर	टोल तथा क्लष्टर स्तरमा वास समन्वय समिति गठन तथा सक्रियता गराउने पूर्ण सरसफाइ सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्यवन गर्ने प्रयोगकर्ता-मैत्री सरसफाइ सुविधाको स्तरोन्नती र मर्मत सम्भार गर्ने खानेपानीको मुहान संरक्षण, पानीको शुद्धीकरण र स्वच्छता कायम राख्ने गाँउ टोल र वरिपरिको सरसफाइ कायम राख्ने सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन, सरसफाइ र मर्मत सम्भार गर्ने स्वच्छकर बानी व्यवहार विकासका लागि घरधुरी र नागरिक समुदायलाई अभिप्रेरणा गर्ने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने वृक्षारोपण, हरियाली पार्क, बगैचा, चौताराको निर्माण र संरक्षण गर्ने सफा र स्वच्छ टोल विकास गरी नमुनाको रुपमा प्रस्तुत हुने
५	उपभोक्ता समिति (खानेपानी तथा सरसफाइ	लक्षित समूह, संगठन समुदायलाई सगठित, सूसुचित र सक्रिय बनाउने नीति नियम, आचार संहिता तर्जुमा गर्ने र गराउने स्थानीय स्रोत साधन परिचालन गर्ने अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउने

	बजार व्यवस्थापन समिति वन व्यवस्थापन समिति)	विपद्को समयमा वास सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने सरोकारवालाहरु तथा समन्वय समितिसँग समन्वय गर्ने सुविधाहरुको मर्मत, सरसफाइ र व्यवस्थापनमा सहयोग पुऱ्याउने
६	पशुवधशाला संचालक	उचित स्थानमा वधशाला निर्माण गर्ने वधशालाको सरसफाइ र त्यहाँबाट निस्केको फोहोर व्यवस्थापन गर्ने मासुको स्वच्छता कायम राख्ने
७	सरकारी, गै.स.स. र निजी कार्यालय लगायत सबैं	प्रयोगकर्ता-मैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग तथा मर्मत सम्भार गर्ने पानीको स्वच्छता कायम राख्ने वरिपरिको सरसफाइ कायम राख्ने स्वच्छकर बानी व्यवहार विकासका लागि कर्मचारी र सेवाग्राहीलाई अभिप्रेरणा गर्ने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने सफा र स्वच्छ कार्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने
८	महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कार्यकर्ता	प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने सामुदायिक सशक्तिकरण र सक्रियतामा वृद्धि गर्ने अभिमुखीकरण र ट्रिगरिङ्ग गर्ने अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउर्ने सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने सफा र स्वच्छ आनीवानी प्रदर्शन गरी नमुनाका रुपमा प्रस्तुत हुनुपर्ने अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने
९	शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघ	जीवन उपयोगी ज्ञान, सीप, अभ्यास र सचेतना विस्तार गर्ने विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तिकरण र सक्रियता वृद्धि गर्ने अभिमुखीकरण र तालिम सञ्चालन गर्ने अवस्था विश्लेषण, सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्ने विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने
१०	विद्यार्थी, बाल क्लब	विद्यालय सेवा क्षेत्रभित्र सरसफाइ क्यालेन्डर बनाइ कार्यक्रम संचालन गर्ने सरसफाइका सुविधाहरु एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाइ गर्ने तथ्याक संकलन, सचेतनामूलक कायर्क्रम संचालनमा सहभागी हुने अविभावकहरुलाई सरसफाइ प्रवर्द्धन गर्न अभिप्रेरित गर्ने अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमुनाको रुपमा प्रस्तुत हुने
११	स्थानीय क्लब र समूह	प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि गर्न सहयोग पुऱ्याउने अभिमुखीकरण र ट्रिगरिङ्ग गर्न सहयोग पुऱ्याउने अवस्था विश्लेषण, तथ्याक संकलन गर्न सहयोग पुऱ्याउने

		सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्न सहयोग पुऱ्याउने विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने
१२	वित्तीय संस्था तथा सहकारी	सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने सहुलियत व्याँज दरमा ऋण प्रदान गर्ने सामग्रीहरुको बजारीकरण र वितरण गर्ने
१३	संचारकर्मी तथा नागरिक समाज	सन्देशमूलक सामग्रीहरुको प्रचारप्रसार गर्ने अध्ययन, अवलोकन र सफल कथाहरुको प्रचारप्रसार गर्ने अनुगमन र पैरवी गर्ने
१४	निजी क्षेत्रका व्यवसायी र मठ मन्दिर संचालक आदि	सरसफाइ सामग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने कार्यस्थल र सेवाको सरसफाइ र स्वच्छता कायम गर्ने सरसफाइ तथा स्वच्छता अभियानमा कर्मचारी, संगठन र निकायहरुलाई परिचालन गर्ने

अनुसूचि २. नीति निर्माण तथा समन्वय तह :

क.स.	**सरोकारवालाहरु**	कार्य क्षेत्र
१.	नगरपालिका	रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्न सहयोग पुऱ्याउने नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने
२.	सरकारी कार्यालयहरु मन्त्रालय, विभाग, क्षेत्रीय तथा जिल्ला तहका कार्यालयहरु	नीति र रणनीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने
३.	निर्देशन तथा समन्वय समिति	प्रदेशगत समन्वय तथा स्रोत साधन पहिचान गर्ने सरसफाइका मुद्दाहरुलाई स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा पैरवी गर्ने सभा सम्मेलन, गोष्ठी आदि सञ्चालन गर्ने रणनीतिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने नेतृत्व, समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने अनुसन्धान र विकासका क्रियाकलापमा सहयोगपुऱ्याउने अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने
४.	विकास साझेदार संस्था	क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनमा सरकार र समन्वय समितिलाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने अनुसन्धान र विकासका कार्यहरु सञ्चालन गर्ने
५.	राजनीतिक दल र दलका भातृ संगठनहरु	सरसफाइलाई राष्ट्रिय विकासको महत्वपूर्ण मूलधारका रुपमा स्थापित गर्ने सरसफाइका लागि प्रयाप्त बजेट व्यवस्थापन गर्ने जनशक्ति परिचालन गर्ने

अनुसूचि ३. खानेपानी,सरसफाइ र स्वच्छताका अन्तरनिहित विषयहरु

क्र.सं.	अन्तर्सम्बन्धित विषयहरु	सम्बोधन गर्ने उपायहरु
१	सामाजिक समावेशीकरण	• हरेक तहका समन्वय समिति तथा कार्यदलहरुमा समुदायका सबै वर्ग र समूहको प्रतिनिधित्व सहित कम्तिमा पनि ३३% महिलाको सहभागिता सुनिश्चित गर्ने । • लैंगिक तथा सामाजिक वर्ग, समूहका संवेदनशील तथ्यांक तैयारी गर्ने । • क्षमता अभिवृद्धिका क्रियाकलाप संचालन गर्दा अनिवार्यतः लैंगिक सन्तुलन कायम गरी सहभागीहरुको चयन गर्ने । • पूर्ण सरसफाइ जनचेतनामूलक सामग्री विकास गर्दा लैंगिक पक्ष र समावेशितामा ध्यान दिने । • लैगिक, अपांग, बाल, वृद्ध सम्वेदनशील सुविधाहरु प्रवर्द्धन गर्ने । • आयआर्जन र जीविकोपार्जनमुखी सरसफाइका क्रियाकलापहरु प्रवर्द्धन गर्ने
२	पोषण (जन-स्वास्थ्यको कार्यक्रमहरुसंग बढी सम्बन्धित)	• सरसफाइ र पोषणको अन्तरसम्बन्ध झल्किने गरी शैक्षिक एवं जनचेतनामूलक सामग्री विकास तथा प्रचार प्रसार गर्ने । • गरिबी निवारण र पोषणसँग सम्बन्धित कार्यक्रम संचालन गर्दा चर्पी निर्माण र प्रयोग एवं साबुन पानीले हात धुने क्रियाकलापको सुनिश्चितता गर्ने । • सुर्क्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु संचालन गर्दा चर्पी प्रयोग र साबुन पानीले हात धुने क्रियाकलापहरुलाई प्राथमिकता दिने । • स्वास्थ्य मन्त्रालयद्वारा संचालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसँग खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलाप तथा सुविधाहरु प्रवर्द्धन गर्ने । •
३	मासिक धर्म स्वच्छता (महिनावारी स्वच्छता ,जनस्वास्थ्य र शिक्षासंग प्रत्यक्ष सम्बन्धित)	• विद्यालय, सार्वजनिक भवन र सरकारी तथा गै.स.स. कार्यालयहरुमा अनिवार्यतः चर्पीको साथमा महिनावारीसंग सम्बन्धित पक्षहरु (जस्तै स्यानीटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामग्रीहरु सफा गर्ने, फेर्ने, फ्याल्न र जलाउन मिल्ने सुविधाहरु) समेतको व्यवस्था गर्ने । • सरसफाइ सम्बन्धी विद्यालय र समुदाय स्तरीय क्रियाकलापहरु संचालन गर्दा महिनावारी स्वच्छताका विषयहरु समावेश गर्ने । • महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामग्री, स्यानीटरी प्याडको निर्माण, विकास तथा प्रचारप्रसार गर्ने ।
४	जलवायु परिवर्तन (वातावरण, विज्ञान र प्रविधि, अनुसन्धान, जलश्रोत, जनस्वास्थ्य आदिसंग बढी सम्बन्धित)	• जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना गर्ने । • जलवायु परिवर्तनले खानेपानी तथा सरसफाइ क्षेत्रमा परेको असरहरुको वैज्ञानिक तथ्यहरु व्यवस्थित गर्न त्यसका आधारमा सुधारका योजनाहरु तर्जुमा गर्ने । • विद्यालय तथा विश्व विद्यालय तहका पाठ्यपुस्तकहरुमा जलवायु परिवर्तन सम्बन्धी विषयहरु समावेश गर्ने । • वर्षात्को पानी संकलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको विस्तार गरी जलवायु परिवर्तनको जोखिम न्यूनिकरण गर्ने । • जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमा प्रयोग भइ रहेका सामग्रीहरुको न्यून रुपमा प्रयोग गर्न जनचेतनामूलक क्रियाकलाप संचालन गर्ने । • जलवायु परिवर्तनको सवाललाई खानेपानी संस्थाको क्षेत्रको नीतिभित्र समावेश गर्न दीर्घकालीन र दिगो व्यवस्थापनको कार्यक्रम संचालन गर्ने । • अनुगमनका क्षेत्रगत सूचकहरु तयार गर्दा जलवायु परिवर्तनका सवाल/मुद्दाहरु

		समावेश गर्ने । • जलवायु परिवर्तनको असर न्यूनिकरणसँग सान्दर्भिक पद्धति, प्रविधि, मौलिक ज्ञान तथा सीप, क्षमता अभिवृद्धि, सूचना प्रणाली, वैकल्पिक उपायहरु आदि सम्बन्धी विषयहरुमा अनुसन्धान र विकास गर्ने ।
५	आपत्कालिन पूर्व तैयारी (गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय आवाससंग सम्बन्धित)	• आपत्कालीन अवस्थामा जोखिम आँकलन र खानेपानी, सरसफाइ, तथा स्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्ने विभिन्न तहका समन्वय समितिहरुको क्षमता र सीप अभिवृद्धि गर्ने • विभिन्न क्लस्टरहरुसँग वास क्लस्टरको समन्वय गर्ने । • विपद् सम्बन्धी योजना सहित सेवा सुविधाको मानक तथा नर्म्स र सहयोगका प्याकेज समेटी रणनीतिक कार्य योजना तयार गर्ने • जोखिमको नक्सांकन गर्ने • आपत्कालिन सरसफाइ कोष स्थापना गर्ने । • क्लोरिन र औषधिको भण्डारण मजबुत राख्ने । • चर्पी निर्माण गर्ने सामग्रीको यथेष्ठ भण्डारण गर्ने । • पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने । • विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहजकर्ता/स्वयंसेवकहरु परिचालन गर्ने । • मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने । • आपत्कालिन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्धतिको विकास र अवलम्बन गर्ने । • हरेक जिल्लामा जगेडा कोष व्यवस्थापन गर्ने । • स्वयंसेवकको व्यापक परिचालन गर्ने । • सूचना व्यवस्थापन सुदृढ गर्ने । • विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने । • हरेक तहका समन्वय समितिहरुलाई बजेट व्यवस्थापन, समन्वय, मानव संसाधन परिचालन, कोष व्यवस्थापन, सूचना व्यवस्थापन र अनुगमनका कार्यमा जिम्मेवार बनाउने ।
६	बानी व्यहोरा विकास तथा परिवर्तन	• मौजुदा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यहोराको विश्लेषण गर्ने । • लक्षित समूहको लेखाजोखा र क्षमता अभिवृद्धि गर्ने • अपेक्षित बानी व्यहोराको पहिचान गर्ने । • बानी व्यहोरा विकास तथा परिवर्तनमा बाधा पुऱ्याउने र सहयोग गर्ने पक्षहरुको खोजी गर्ने । • लक्षित समूहले रुचाउने सन्देश पहिचान गर्ने । • सामग्री र माध्यमहरुको चयन गर्ने । • संचार तथा तालिम आवश्यकता पहिचान गर्ने । • प्रमाणमा आधारित पैरवी तथा संचार प्याकेजहरुको प्रयोग गर्ने । • अपेक्षित बानी व्यहोरा हासिल हुन सके नसकेको अनुगमन र मूल्यांकन गर्ने ।

अनुसूचि ४. अनुगमनका सूचकहरु र प्रमाणीकरणका आधारहरु

सूचकहरु	प्रमाणीकरणका आधार तथा औजार
योजना तर्जुमा र व्यवस्थापन	
समन्वय समिति सक्रिय रहेको, वास योजना तर्जुमा भएको, क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको,	समन्वय समितिको बैठक नियमित बस्छ बस्दैन सोध्ने बैठकको माइन्यूट अवलोकन गर्ने वास योजना तर्जुमा भए नभएको सोध्ने र एकीन गरी अवलोकन गर्ने तालिमहरु सञ्चालन भए नभएको सोध्ने र तालिम प्रतिवेदन हेर्ने
समुचित तरिकाले चर्पीको प्रयोग	
प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको, साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको, खुला ठाँउमा दिसा नभेटिएको, संघसंस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको,	घर, संघसंस्था निकाय र आवश्यकता अनुसार सार्वजनिक शौचालय बने नबनेको स्याम्पिलिङ्गका आधारमा अवलोकन तथा सोधपुछ गर्ने चर्पी सावुन पानी सहित सफा छ छैन अवलोकन गर्ने संघ सस्था एवं सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री छन् छैनन् अवलोकन गर्ने
व्यक्तिगत सरसफाइ	
प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएको, घर, विद्यालय संघसस्थ र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र सावुन पानी) भएका, घर, विद्यालय, स्वास्थ्य सस्था, कार्यालयहरुमा सावुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको, व्यक्तिगत सरसफाइमा ध्यान पुराएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत)	घर,व्यक्ति,संघसंस्थाका व्यक्तिहरुको स्वच्छता अवलोकन गर्ने तथा ज्ञान सम्बन्धी सोधपुछ गर्ने साबुन पानीसहितको हातधुने स्थान छ छैन अवलोकन गर्ने
सुरक्षित पानीमा पहुँच तथा प्रयोग	
आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको, खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको, घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको,	खानेपानीको पहुँच पुगेको छ छैन सोधपुछ गर्ने तथा अवलोकन गर्ने घर, संघसंस्था, विद्यालयमा घरायसी खानेपानी शुद्धीकरणका विधिहरु : उमालेर, क्लोरिन, फिल्टर, सोडिस विधिहरु मध्ये कुनै एक विधि अवलम्बन गरी खानेपानीको प्रयोग गरिएको छ, छैन, अवलोकन गर्ने, अभ्यासका सम्बन्धमा सोधपुछ गर्ने, खानेपानी राख्ने, भाँडा सफा छ छैन, पानी छोपेर राखेको छ छैन अवलोकन गर्ने
सुरक्षित खाना प्रयोग सम्बन्धी व्यवहार	
• घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने	• खाना पकाउने, खाने भाँडा सफा छ छैन अवलोकन गर्ने,सोध्ने

गरेको गरेको ● खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको, ● फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको, ● सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको,	● खाना सफा छ छैन क्यान्टिन, होस्टेलका विद्यार्थी र होटल र रेस्टुराका ग्राहकलाई एवं परिवारका सदस्यलाई सोध्ने ● होटेल, क्यान्टिन, रेस्टुरा लगायतको खानाको शुद्धता अवलोकन गर्ने टिम सक्रिय छ छैन सोध्ने, अनुगमन प्रतिवेदन अवलोकन गर्ने
घर, विद्यालय संघसस्था, सरसफाइ	
● घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको, ● विद्यालय, संघसस्था र सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको, ● घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको, ● अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको, ● उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको, ● भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको,	● घर, विद्यालय एवं संघसस्थाको भित्र बाहिर सरसफाइ अवलोकन गर्ने ● फोहोरको वर्गीकरण एवं पुन प्रयोग गरेको छ छैन अवलोकन गर्ने ● घरायसी तहमा भाडा माझ्ने जुठ्यान, भाँडा सुकाउने च्याङ्ग, कपडा सुकाउने डोरी छ छैन अवलोकन गर्ने । ● घर एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको निस्कासन स्थल अवलोकन गर्ने ● अस्पताल, उद्योग, कलकारखानाको अवलोकन गर्ने ● भान्सा कोठा सफा छ छैन, धुँवा रहित चुल्हो प्रयोगमा छ छैन सोध्ने र अवलोकन गर्ने ● गाई बस्तुको गोठ खोर, व्यवस्थान अवलोकन गर्ने
वातावरणीय सरसफाइ	
● गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुमा सफाइको लागि सरसफाइ समिति गठन भएको, ● घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको ● नगर र नगरोन्मुख क्षेत्रमा ठोस फाहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको,	● ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार स्थानीय प्रविधि संचालनमा छ छैन अवलोकन गर्ने ● नगर र नगरोन्मुख क्षेत्रमा ठोस फाहोरमैलाको व्यवस्थानको लागि योजना तर्जुमा भएको छ छैन सोध्ने र अवलोकन गर्ने । ● ढल प्रणालीको योजना अवलोकन गर्ने ● वधशाला सफा र स्वच्छ रहेको । ● खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरुमा सवैको पहुँच पुगेको छ छैन? राम्ररी संचालनमा रहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने ● प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन, संचालनमा छ छैन अवलोकन गर्ने

• व्यवस्थित ढल प्रणालीको योजना तर्जुमा भएको, • नगर र नगरोन्मुख क्षेत्रमा बधशालाहरुको निर्माण, वधशालाको सरसफाइ र त्यसबाट निस्कने फोहोरको व्यवस्थापनमा जोड	• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित संचालनमा भएको छ छैन अवलोकन गर्ने • नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने • बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने । • ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने
पूर्ण सरसफाइ उन्मुख क्षेत्र	
• प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको, • नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको, • ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको • नगर र नगरोन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको, • ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइडको निर्माण गरी संचालनमा रहेको, • नगर र नगरोन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्त्पादन, पुनःप्रयोग र रिसाइकल गर्ने व्यवस्था भएको, • आकासेपानी संकलन र उपयोग गरेको, • नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको, • बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको,	• खानेपानी,सरसफाइ र स्वच्छताका सुविधाहरुमा सवैको पहुँच पुगेको छ छैन? राम्ररी संचालनमा रहेका छन् छैन् अवलोकन गर्ने, सोध्ने • प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन, संचालनमा छ छैन अवलोकन गर्ने • स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित संचालनमा भएको छ छैन अवलोकन गर्ने • नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने • बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने । • ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने

अनुसूचि : ५ अनुगमन फारामहरु

५.१ घरायसी तहमा प्रयोग गरिने अनुगमन फाराम

क्रसं	सूचकहरु	अंकभार (१००)	छ/छैन सर्भेक्षण गरेको घर नम्बर				
क) चर्पीको प्रयोग		**२५**					
१	सबैले सधैं सुरक्षित चर्पीमा दिसापिसाब गर्ने गरेको ।	५					
२	चर्पीको नियमित सरसफाइका लागि ब्रस र सफा गर्ने वस्तुको उपलब्ध भएको ।	३					
३	चर्पी प्रयोगपछि हात धुनका लागि साबुन पानीको सहज व्यवस्था भएको ।	५					
४	चर्पीको प्यान र त्यस वरिपरि दिसा नदेखिएको ।	५					
५	दिसा संकलन ट्यांकी वरपर दिसाजन्य लेदो बाहिर नदेखिएको ।	५					
६	चर्पी प्रयोगकर्ता (बालबालिका, अपाङ्गता, लैगिंक,अशक्तता) मैत्री भएको ।	२					
ख) व्यक्तिगत सरसफाइ		**३०**					
	साबुन पानीले हात धुने बानीको विकास						
१	चर्पीको प्रयोग गरिसकेपछि, बच्चाको दिसा धोईसकेपछि साबुन पानीले हात धुने बानी भएको ।	५					
२	खाना बनाउनु एवं पस्कनु, खानु र खुवाउनुअघि साबुन पानीले हात धुने गरेको ।	५					
३	फोहोर वस्तु र/वा विषादी छोएपछि साबुन पानीले हात धुने गरेको ।	५					
४	बिरामी स्याहार गरेपछि साबुन पानीले हात धुने गरेको ।	२					
	महिनावारी स्वच्छता						
५	महिनावारी स्वच्छता सम्बन्धि ज्ञान र चेतना भएको ।	२					
६	स्यानेटरी प्याडको उपयुक्त (जलाउने वा साबुन पानीले धोएर घाममा सुकाउने) व्यवस्थापन गर्ने गरेको ।	४					
७	रजस्वलाको बेला नियमित नुहाउने गरेको ।	२					
	अन्य व्यक्तिगत सरसफाइ :						
८	नियमित रुपमा नुहाउने, दाँत माझ्ने, नङ्ग काट्ने, सफा कपडा लगाउने गरेको ।	५					
ग) न्यूनतम आवश्यक र सुरक्षित पानीमा पहुँच तथा प्रयोग		**२०**					
१	पानीको सुरक्षित भण्डारण अथवा प्रयोग गर्ने भाँडा सफा तथा छोपेर राखेको ।	६					
२	पानी शुद्धिकरणका विधिहरु (उमाल्ने, फिल्टर गर्ने, क्लोरिन प्रयोग गर्ने, सोडिस गर्ने) को ज्ञान तथा प्रयोग ।	६					
३	छोपेको इनार, प्लेटफर्म सहितको हेण्डपम्प, सुरक्षित मुहान, खानेपानी सुरक्षा योजना लागु भएको खानेपानी प्रणालीको पानी प्रयोग गर्ने गरेको ।	४					
४	कम्तीमा राष्ट्रिय मापदण्डले तोके बमोजिम न्यूनतम पानीको मात्रा उपलब्धता रहेको ।	४					
घ) सुरक्षित खानाको प्रयोग		**१५**					

१	खानेकुराको सुरक्षित भण्डारण (खानेकुराहरु सधैं छोपेर राख्ने, उपयुक्त तापक्रममा संरक्षण गर्ने) गरेको ।	४					
२	पकाउने भाँडा र भान्साकोठा सफा रहेको ।	२					
३	सुरक्षित खानेकुराहरु (राम्ररी पाकेको, काँचै खाने खानेकुरालाई सुरक्षित पानीले राम्ररी धोएको, बासी नभएको, नसडेको, नगलेको, झिंगा नभन्केको) मात्रै खाने गरेको तथा सो सम्बन्धि ज्ञान र चेतना भएको ।	४					
४	पकाएको खानालाई पुनः प्रयोग गर्नु परेमा राम्ररी तताएर खाने गरेको ।	१					
५	पोषणयुक्त खाद्यवस्तु र खानेकुराको प्रयोग गर्ने गरेको तथा सो सम्बन्धि ज्ञान र चेतना भएको ।	२					
६	पशुपंक्षीको पहुँचबाट सुरक्षित राख्न मसला पिस्ने सिलौटालाई छोप्ने र/वा उँचो स्थानमा राखेको ।	२					
ङ) सफा स्वच्छ घरआँगन		**१०**					
१	घरआँगनको सधै सफाई गर्ने गरेको ।	१					
२	घरबाट निस्किने फोहरमैलालाई वर्गिकरण (कुहिने, नकुहिने) गरी व्यवस्थापन गर्ने गरेको ।	२					
३	घरबाट निस्किने फोहरपानीको उचित व्यवस्थापन गर्ने गरेको ।	१					
४	सुधारिएको चुल्हो, बायो ग्याँस/एल.पी ग्याँस चुल्हो, विद्युतीय चुल्हो आदिको प्रयोग गर्ने गरेको ।	२					
५	भान्सा कोठामा क्रस भेन्टीलेशनको व्यवस्था भएको ।	१					
६	जुठेल्नो, चाङ र किचन ज्याकको व्यवस्था भएको ।	२					
७	पशुपंक्षीका लागि छुट्टै गोठ र खोरको व्यवस्था भएको ।	१					

५.२ स्वास्थ्य संस्थामा प्रयोग गरिने अनुगमन फाराम

स्वास्थ्य संस्थाहरुको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी अनुगमन फारम

संस्थाको नाम			स्वास्थ्य संस्थाको प्रकार	
पालिकाको नाम		टोल		वडा नं

क्षेत्र	सूचकहरु		निरिक्षण मिति सुचकगत स्थिति	निरिक्षण मिति सुचकगत स्थिति	निरिक्षण मिति सुचकगत स्थिति
चर्पी संख्या तथा सरसफाइको अवस्था	चर्पी छ वा छैन				
	छ भने प्यान संख्या	पूरुषको लागि			
		महिला को लागि			
		महिला पूरुष दुबै को लागि			
	महिला र पूरुषका लागि छुट्टै चर्पी छ वा छैन				
	महिला चर्पीमा स्यानीटरी प्याड फाल्न मिल्ने व्यवस्था छ वा छैन				
	प्रयोग भएको छ वा छैन				
	चर्पि सफा छन वा छैनन्				
	सरसफाइ सामग्री छ वा छैन				
	चर्पीमा पानीको उपलब्धता (छ वा छैन)				
साबुन पानीले हात धुने सुविधाको व्यवस्था	समुह हातधुने सुविधा निश्चित स्थान (छ वा छैन)				
	पानीको उपलब्धता (छ वा छैन)				
	साबुनको उपलब्धता (छ वा छैन)				
	जोखिमपुर्ण समयमा साबुन पानीले हात धुने बानी छ वा छैन				
संस्थामा खानेपानीको अवस्था	संस्था हाता भित्र खानेपानीको व्यवस्था छ वा छैन				
	खानेपानीको शुद्धिकरण (१ फिल्टर, २ कोलोरिन प्रयोग, ३ सोडयस, वा ४ अन्य विधि)				
	खानेपानी निर्माण भएको तर बिग्रिएको छ भने मर्मत गर्नु पर्ने के हो ।				
	खानेपानीको सम्भावना के छ ?	हाल सम्म पनि खानेपानीको व्यवस्था वा धारा निर्माण नभएको			
		पानीको श्रोतको पहिचान भएको छ वा छैन			
		संस्था देखी पानीको मुहान सम्मको अनुमानीत दुरी (मीटर)			
		पानीको श्रोत नभएको भए बैकल्पीक श्रोत के होला?			
वातावरणिय सरसफाइ	वार्डहरुमा फोहरको सेग्रिगेसन गर्ने गरिएको छ वा छैन				
	ठोस फोहरको सुरक्षित संकलन तथा व्यवस्थापन छ वा छैन				
	तरल फोहरको सुरक्षित संकलन तथा व्यवस्थापन छ वा				

	छैन				
	प्लासेन्टा पिट ब्यवस्था भएको वा नभएको				
	फोहर जलाउन इन्सीनेटरको ब्यवस्था भएको वा नभएको				
	कार्यालय हाता भित्र खूला दिसा देखिएको छ वा छैन				
संस्थागत विवरण	सरसफाइ फोकल कर्मचारी तोकिएको छ वा छैन				
	खानेपानी तथा सरसफाई सुधार कार्य योजना रहेको				
	सरसफाई आचारसंहिता छ वा छैन				
	सरसफाई कार्यक्रम तथा अभियान संचालन छ वा छैन				
अपांगता मैत्री वाताबरण	फरक शारिरीक क्षमता भएका संख्या	कर्मचारी संख्या			
		सेवाग्राही संख्या			
	शौचालयमा र्‍याम/रेलिगंको ब्यवस्था छ				
	सेवा क्षेत्र खूला दिसामुक्त घोषणा भएका				
	सेवा क्षेत्रको जोखिम नक्सांकन				

५.३ कार्यालय तहमा प्रयोग गरिने अनुगमन फाराम

कार्यालय तथा संस्थाहरुको WASH सम्बन्धी अनुगमन फारम

कार्यालय वा संस्थाको नाम			संस्थाको प्रकार	
पालिका		टोल		वडा नं

कर्मचारी संख्या:		म :		पू :	

क्षेत्र		सूचकहरु	निरिक्षण मिति सुचकगत स्थिति	निरिक्षण मिति सुचकगत स्थिति	निरिक्षण मिति सुचकगत स्थिति
चर्पी संख्या तथा सरसफाइ अवस्था	चर्पी छ वा छैन				
	छ भने प्यान संख्या	पूरुषको लागि			
		महिला को लागि			
		महिला पूरुष दुबै को लागि			
	यूरिनल संख्या				
	महिला र पूरुषका लागि छुट्टै चर्पी छ वा छैन				
	महिला चर्पीमा स्यानीटरी प्याड फाल्न मिल्ने व्यवस्था छ वा छैन				
	प्रयोग भएको छ वा छैन				
	चर्पि सफा छ वा छैन				
	सरसफाइ सामग्री छ वा छैन				
	चर्पीमा पानीको उपलब्धता (छ वा छैन)				
साबुन पानीले हात धुने सुविधाको व्यवस्था	समुह हातधुने सुविधा निश्चित स्थान (छ वा छैन)				
	पानीको उपलब्धता (छ वा छैन)				
	छ भने पानी आउने धारा संख्या				
	साबुनको उपलब्धता (छ वा छैन)				
	जोखिमपुर्ण समयमा साबुन पानीले हात धुने बानी छ वा छैन				
संस्था वा कार्यालय मा खानेपानीको अवस्था	कार्यालयमा खानेपानीको व्यवस्था छ वा छैन				
	खानेपानीको व्यवस्था छ भने शुद्धिकरण गरिएको छ वा छैन				
	खानेपानीको शुद्धिकरण (१ फिल्टर, २ कोलोरिन प्रयोग, ३ सोडयस, वा ४ अन्य विधि) कसरी भएको छ				
वातावरणिय सरसफाइ	ठोस फोहरको उचित संकलन तथा व्यवस्थापन भएको छ वा छैन				
	तरल फोहरको उचित संकलन तथा व्यवस्थापन भएको छ वा छैन				
	कार्यालय परिसर र कोठाहरु सफा रहेको छ वा छैन				
	कार्यालय परिसरमा फूल बृक्ष तथा फूलबारी छ वा छैन				
	कार्यालय हाता भित्र खूला दिसा देखिएको छ वा छैन				
संस्थागत विवरण	सरसफाइ तथा स्वच्छता फोकल व्यक्ति छ वा छैन				

	सरसफाई सुधार कार्य योजना निर्माण छ वा छैन				
	मर्मत संभार तथा व्यवस्थापन स्थिति राम्रो छ वा छैन				
	सरसफाई आचारसंहिता छ वा छैन				
	सरसफाई सम्बन्धी कार्यक्रम तथा बजेट छ वा छैन				
अपांगता मैत्री वातावरण	फरक शारिरीक क्षमता भएका संख्या	कर्मचारी संख्या			
		सेवाग्राही संख्या			
	शौचालयमा र्‍याम/रेलिगंको व्यवस्था छ वा छैन				
	कार्यालय अपांगतामेत्री सुविधायुक्त छ वा छैन				

५.४ होटल, रेष्टुरा,चिया पसलहरु प्रयोग गरिने अनुगमन फाराम

क्रसं	सूचकहरु	अंकभार (१००)	छ/छैन होटल रेष्टुरा चियाखाजा पसलको नाम				
क) चर्पीको प्रयोग		**२०**					
१	पर्याप्त मात्रामा सुरक्षित शौचालय भएको	४					
२	शौचालयमा सफा गर्ने सामग्रीहरु र पानी राख्ने र झिक्ने भाडो भएको	३					
३	चर्पी प्रयोगपछि हात धुनका लागि साबुन पानीको सहज व्यवस्था भएको ।	३					
४	चर्पीको प्यान र त्यस वरिपरि दिसा नदेखिएको, प्यान सफा रहेको	३					
५	दिसा संकलन ट्यांकी वरपर दिसाजन्य लेदो बाहिर नदेखिएको ।	३					
६	चर्पी प्रयोगकर्ता (बालबालिका, अपाङ्गता, लैगिंक,अशक्तता),महिनावारी मैत्री भएको ।	४					
ख) व्यक्तिगत सरसफाइ		**२५**					
१	हात धुने स्टेशन (वहु धारा, बेसिनहरु, टुटी भएको भाडो) भएको, साबुन, तौलिया सहितको	५					
२	चर्पीको प्रयोग गरिसकेपछि, बच्चाको दिसा धोईसकेपछि साबुन पानीले हात धुने बानी भएको ।	३					
३	खाना बनाउनु एवं पस्कनु, खानु र खुवाउनु अघि साबुन पानीले हात धुने गरेको ।	३					
४	फोहोर वस्तु छोएपछि साबुन पानीले हात धुने गरेको ।	२					
५	महिनावारी स्वच्छता सम्बन्धि ज्ञान र सुरक्षित अभ्यास भएको ।	३					
६	स्यानेटरी प्याडको उपयुक्त व्यवस्थापन गर्ने गरेको ।	४					
७	नियमित रुपमा नुहाउने, दाँत माझ्ने, नङ्ग काट्ने, सफा कपडा लगाउने गरेको	५					
ग) सुरक्षित पानीमा पहुँच तथा प्रयोग		**१५**					
१	शुद्ध पानीको सुरक्षित भण्डारण वा प्रयोग गर्ने भाँडा सफा तथा छोपेर राखेको ।	४					
२	पानी शुद्धिकरण विधिहरु (उमाल्ने, फिल्टर गर्ने, क्लोरिन प्रयोग गर्ने, सोडिस गर्ने) को प्रयोग गरि सेवाग्राहीलाई समेत शुद्ध पानी दिने गरेको	५					
३	छोपेको इनार, प्लेटफर्म सहितको हेण्डपम्प, सुरक्षित मुहान, खानेपानी सुरक्षा योजना लागु भएको खानेपानी प्रणालीको पानी प्रयोग गर्ने गरेको ।	३					

४	कम्तीमा राष्ट्रिय मापदण्डले तोके बमोजिम न्यूनतम पानीको मात्रा उपलब्धता रहेको (४५ लि.प्रति व्यक्ति प्रति दिन)	३					
घ) सुरक्षित खानाको प्रयोग		**२०**					
१	खानेकुराको सुरक्षित भण्डारण (खानेकुराहरु सधैं छोपेर राख्ने, उपयुक्त तापक्रममा संरक्षण गर्ने) गरेको ।	५					
२	भान्साकोठा सफा रहेको, पकाउने तथा खाजा खाना खाने भाँडा उचित तरिकाले सरसफाइ गर्ने गरेको ।	५					
३	सुरक्षित खानेकुराहरु (राम्ररी पाकेको, काँचै खाने खानेकुरालाई सुरक्षित पानीले राम्ररी धोएको, बासी नभएको, नसडेको, नगलेको, झिंगा नभन्केको) खाने तथा बेच्ने गरेको	५					
४	खानेकुरालाई झिंगा किरा, धुलो आदिबाट बचाउन आवश्यक पहल गरेको - जालीले छोपेका, भान्सामा जाली लगाएको ...)	५					
ङ) सफा स्वच्छ होटल रेष्टुरा...		**२०**					
१	भवन भित्र र बाहिरको सधै सफाई गर्ने गरेको ।	३					
२	घरबाट निस्किने फोहरमैलालाई वर्गिकरण (कुहिने, नकुहिने) गरी व्यवस्थापन गर्ने गरेको ।	३					
३	घरबाट निस्किने फोहरपानीको उचित व्यवस्थापन गर्ने गरेको ।	३					
४	सुधारिएको चुल्हो, बायो ग्याँस/एल.पी ग्याँस चुल्हो, विद्युतीय चुल्हो आदिको प्रयोग गर्ने गरेको ।	३					
५	भान्सा कोठामा क्रस भेन्टीलेशनको व्यवस्था भएको ।	२					
६	जुठेल्नो, चाङ (आवश्यकतानुसार(र किचन ञ्याकको व्यवस्था भएको ।	३					
७	फूल बिरुवा रोपेर आर्कषक हरियाली वातावरण बनाइएको	३					

अनुसूचि ६. M-WASH-CC को पदाधिकारीहरुको विवरण

क्र.स.	नाम थर,	समितिमा पद	आबद्धता	सम्पर्क नम्बर
१.	श्री जय प्रकाश चौधरी	अध्यक्ष	नगर प्रमुख, रामधुनी नपा	९८५२०६२५००
२.	श्री सबिना चौधरी	उपाध्यक्ष	नगर उपप्रमुख, रामधुनी नपा	९८५२०६२६००
३.	श्री ओमकार प्रसाद न्यौपाने	सचिव	रामधुनी न.पा.	९८५२०७५१११
४.	श्री महेश चौधरी	सदस्य	रामधुनी नपा	९८५२०५६५७५
५.	श्री राम नारायण चौधरी	सदस्य	रामधुनी नपा	९८४२२८२५७७
६.	श्री राजकुमार चौधरी	सदस्य	रामधुनी नपा	९८०७०३६०७२
७.	श्री मनिष चौधरी	सदस्य	रामधुनी नपा	९८४२०३६३४५
८.	श्री डेगराव फुयाल	सदस्य	रामधुनी नपा	९८५२०५७९३३
९.	श्री हेमनारायण चौधरी	सदस्य	रामधुनी नपा	९८५२०५९५५८
१०.	श्री केशव गौतम	सदस्य	रामधुनी नपा	९८५२०६०१०५
११.	श्री रुद्र वस्नेत	सदस्य	रामधुनी नपा	९८४२३०७५५०
१२.	श्री घनश्याम चौधरी	सदस्य	रामधुनी नपा	९८५२०५७५७७
१३.	श्री सुजित राय	सदस्य	रामधुनी नपा	९८५२०३६५०१

१४.	श्री टीकाराम चौधरी	सदस्य	रामधुनी नपा	९८४२०३७४१७
१५.	श्री दुर्गा सापकोटा	सदस्य	रामधुनी नपा	९८४२०२८०२३
१६.	हर्षलाल चौधरी	सदस्य	रामधुनी नपा	९८५२०४९६७७
१७.	राजकुमार गेलाल	सदस्य	रामधुनी नपा	९८४२०३६९६३
१८.	नगेन्द्र पौडेल	सदस्य	रामधुनी नपा	९८५२०४१२०२
१९.	धनिकलाल मेहता	सदस्य	रामधुनी नपा	९८४२०९२३९५
२०.	केशीलाल चौधरी	सदस्य	रामधुनी नपा	९८४२०२५१०६
२१.	चन्दन ठाकुर	सदस्य	रामधुनी नपा	९८१०४७१३५५
२२.	मनिषा पाण्डे	सदस्य	रामधुनी नपा	९८२५३३२१५५
२३.	इश्वर घिमिरे	सदस्य	रामधुनी नपा	
२४.	दुर्गा प्रसाद फुयाल	सदस्य	रामधुनी नपा	
२५.	सामुदायिक समाज विकास केन्द्र	सदस्य	रामधुनी नपा	९८५२०५४५०४
२६.	सामुदायिक विकास समाज	सदस्य	रामधुनी नपा	०२१-४६११०७
२७.	शर्मिला वि.क.	सदस्य		९८००९३६०२६

कार्य समिति

क्र.स.	नाम थर,	समितिमा पद	आबद्धता	सम्पर्क नम्बर
१	श्री केशव गौतम	संयोजक	रामधुनी नपा	९८५२०६०१०५
२	शर्मिला वि.क.	सदस्य	रामधुनी नपा	९८००९३६०२६
३	राजकुमार गेलाल	सदस्य	रामधुनी नपा	९८४२०३६९६३
४	नगेन्द्र पौडेल	सदस्य	रामधुनी नपा	९८५२०४१२०२
५	हर्षलाल चौधरी	सदस्य	रामधुनी नपा	९८५२०४९६७७
६	इश्वर घिमिरे	सदस्य	रामधुनी नपा	
७	दुर्गा प्रसाद फुयाल	सदस्य	रामधुनी नपा	

अनुसूचि ७ : रामधुनी नगरपालिकामा अवस्थित सामुदायिक बिद्यालयहरुको सम्पर्क विवरण

क्र.स.	विद्यालय	तह	प्र.अ.	फोन नं.	वडा नं.
१	भासी मा. वि. सिनुवारी	१-१२	दशरथ दास	९८४२०५८९९४	१
२	सरस्वती आधाभूत विद्यालय, सैनिमैनि	१-८	सिताराम चौधरी	९८४२२३९९४२	१
३	शिवनगर माध्यमिक विद्यालय, शिवनगर	१-१०	फागुलाल चौधरी	९८४२०५८१३८	२
४	रामजानकी आधारभूत विद्यालय, शिवनगर	१-५	बद्रिनारायण चौधरी	९८६२१५६१३०	२
५	राजेश्वरी आधारभूत, धमौरी	१-५	हरिलाल मेहता	९८११३५९०९७	२
६	शंकर आधारभूत विद्यालय, कुमियाही	१-५	कलावती चौधरी	९८१५३६६६२९	२

७	जनता मा.वि. सिंगिया	१-१२	धनिकलाल मेहता	९८४२०९२३९५	३
८	पंचायत मा. वि. पिप्राहा	१-१०	लक्ष्मी पौडेल	९८५२०४४४३४	३
९	जनजागृती आधारभूत विद्यालय पिप्राहा	१-५	यादबहादुर कार्की	९८४२०५८२३९	३
१०	रामधुनी माध्यमिक विद्यालय लालपुर	१-१२	पूर्णलाल चौधरी	९८१९३३६३५२	४
११	रामजानकी आधारभूत विद्यालय इक्राइ	१-५	गोपालराज चौलागाई	९८०४३४७७१७	४
१२	बि.पि.स. आ. वि. रामपुरा	१-५	भोलानाथ भट्टराई	९८१९०२२७९२	४
१३	आर्दश माध्यमिक विद्यालय, बक्लौरी	१-१२	शारदा कार्की	९८४२१४८३९०	६
१४	जन आधारभूत विद्यालय, बक्लौरी	१-८	सत्यनारायण चौधरी	९८१४३२२०८१	६
१५	पंचायत आधारभूत विद्यालय, इचौल	१-८	अनन्तराम चौधरी	९८४२०५७४८१	६
१६	तेह्र बा. वि. आधारभूत वि., बक्लौरी	१-८	सुनिल तिम्सिना	९८४२२३५६६३	६
१७	सरस्वती आ. वि, मैनी	१-५	शिवनारायण चौधरी	९८४२०५७५८१	६
१८	पंचायत मा. वि., कुमरखत	१-१०	योगेन्द्र निरौला	९८४२३१४४१५	७
१९	पंचायत मा. वि. चौसट्ठिबिगा	१-१०	भिष्मराज महत	९८४२०६६३०९	७
२०	पंचायत आ. वि.,बक्लौरी	१-५	लेखनाथ सुवेदी	९८६२०११६११	७
२१	ठुमेलमेहर आधाभूत विद्यालय डुम्राहा	१-५	बाबुराम थापा	९८४२४३८१४२	८
२२	शेरा आधारभूत विद्यालय, डुम्राहा	१-५	हेमबहादुर विष्ट	९८४२०८३९५५	८
२३	चन्द्रकमल मा.वि. डुम्राहा	१-१२	हरि नारायण चौधरी	९८१५३७१०३८	९
२४	शनिश्चरे मा. वि. डुम्राहा	१-१०	निरन्जन दास	९८४२०३६४४८	९
२५	स्लामिनोरी मदर्सा तित्रिबन, रामधुनी	१-५	रामदेव साह	९८०४०६७८०५	२

अनुसूचि ८. स्वास्थ्य चौकी र केन्द्रहरुको विवरण

क्र.स.	स्वास्थ्य संस्थाको नाम	ठेगाना	प्रमुखको नाम	कार्यालयको फोन नं	मोबाइल नं
१	भासी स्वास्थ्य चौकी	रामधुनी न.पा. १	चकेन्द्र थापा		
२	शरी स्वास्थ्य चौकी कुमहीई	रामधुनी न.पा. २	प्रियांका चौधरी		
३	स्वास्थ्य चौकी सिंगिया	रामधुनी न.पा. ३	सन्तोष चौधरी		
४	शरी स्वास्थ्य केन्द्र लालपुर	रामधुनी न.पा.४	निरुपा कोइराला		
५	स्वास्थ्य चौकी बक्लौरी	रामधुनी न.पा.६	हरिदेव ठाकुर		
६	आधारभूत स्वास्थ्य केन्द्र कुमरखट	रामधुनी न.पा. ७	मालती चौधरी		
७	स्वास्थ्य चौकी डुम्राहा	रामधुनी न.पा.८	बेदनारायण राय		
८	आधारभूत स्वास्थ्य केन्द्र मर्चैया	रामधुनी न.पा.९	सरोज चौधरी		
९	आधारभूत स्वास्थ्य केन्द्र हस्नपुर	रामधुनी न.पा.५	रुकमडी चौधरी		

अनुसूचि ९. रामधुनी नगरपालीकाको पूर्ण सरसफाइ आचारसंहिता

"पूर्ण सरसफाइ अभियानमा सबै अघि बढी, सफा स्वच्छ हराभरा बनाऔं रामधुनी"

रामधुनी नगरपालिकाको सरसफाइ आचारसंहिता,२०७७

सुरक्षित खानेपानी र सरसफाइ हरेक नागरिकको मौलिक हक अधिकार भएकोप्रति गर्व गर्दै सामूहिक प्रयाशमा नै सामाजिक तथा आर्थिक विकास गर्न संभव हुने भएकाले नगरपालिकाको समग्र विकासको आधार पूर्ण सरसफाइ अभियानमा हामी सम्पूर्ण नगरबासी तथा सरोकारवालाहरुले आफ्नो कर्तव्य तथा दायित्व निर्वाह गर्नु पर्ने जिम्मेवारी आएको छ । हाम्रो सुनसरी जिल्ला खुल्ला दिसामुक्त जिल्लाको रुपमा घोषणा गर्न सफल भएकोप्रति गर्व गर्दै सन २०३० सम्ममा सुनसरीलाई पूर्ण सरसफाइ उन्मुख बनाउने जिल्लाको लक्ष्यप्रति सम्मान व्यक्त गर्दै रामधुनी नगरपालिकालाई बि.स.२०८० माघ मसान्तभित्र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्ने लक्ष्य हाशिल गर्न सम्पूर्ण जनसमुदायहरुमा सरसफाइ सम्बन्धी बानी ब्यवहारलाई संस्कारको रुपमा विकास गर्न निम्न लिखित नियमहरु पालना गर्न गराउन जानकारी गराईन्छ ।

नगरपालिका वासीहरुका लागि :

- नयाँ बन्ने घरमा सवैले अनिवार्य सुरक्षित शौचालय निर्माण गर्नुपर्नेछ । आवश्यकतानुसार चर्पीको मर्मतसंभार,स्तरोन्नती गर्ने,चर्पीमा मात्रै दिसापिसाव गर्ने, चर्पी सधै सफा राख्ने,बच्चाको दिसा चर्पीमा विर्सजन गर्ने गर्नु पर्नेछ । खुला ठाउँमा दिसापिसाब गर्न पाईने छैन ।

- व्यक्तिगत सरसफाइ कायम गर्नु, दिसापिसाब तथा फोहोरमैला छोएपछि, खाना पकाउनु, खानु र खुवाउनु अघि सधै साबुनपानीले हात धुने र बच्चाहरुलाई पनि सिकाइ यसलाई संस्कारको रुपमा विकास गर्नु सवैको दायित्व हुनेछ ।

- किशोरी तथा महिलाहरु महिनावारी हुनुलाई गर्वको रुपमा लिई व्यक्तिगत सरसफाइ, प्याडको समूचित प्रयोग र व्यवस्थापन सम्बन्धी स्वस्थकर अभ्यास गर्नु सम्बन्धित पक्षको दायित्व हुनेछ ।

- खानेपानीको स्रोतको सरसफाइ, पानी शुद्धीकरण तथा सुरक्षित भण्डारण र प्रयोग गर्ने सवैको कर्तब्य र दायित्व हुनेछ ।

- सफा ताजा पोषणयुक्त खानेकुराहरु राम्ररी धोएर, पकाएर खानु वा खुवाउनु सबैको कर्तव्य र दायित्व हुनेछ ।

- प्लास्टिक जन्य फोहोरहरु (प्लास्टिकको झोला, बिस्कुट, चाउचाउ, सीसा, रबर, कपडा, घासपात, चकलेटका खोलहरु आदि) लगायत अन्य आफ्नो घरवाट निस्कने फोहरहरुको आफैले ब्यवस्थापन गर्नु पर्नेछ, जथाभावी फाल्न पाइने छैन ।

- आ-आफ्नो घर वरिपरिका सार्वजनिक स्थलहरु मठ, मन्दिर, थनुवा, पार्क, धारा, चौतारो, गुम्वा,धाम र वाटोघाटो आदिलाई नियमित सफा राख्न सवैले सहयोग र सहभागिता जनाउनु पर्नेछ ।

कार्यालय र संघसंस्थाहरुका लागि :

- सम्पूर्ण सरकारी, गैरसरकारी कार्यालयहरुले आफ्नो कार्यालय परिसरको फोहोरमैला व्यवस्थापन, सेवाग्राहीका लागि सुरक्षित पिउने पानी र शौचालय प्रयोगको सुविधा उपलब्ध गराउनु पर्नेछ ।
- साथै शौचालयमा पर्याप्त पानी, हात धुने साबुन, तौलियाको उपलब्धता र नियमित सरसफाइ भएको हुनु पर्नेछ भने महिला शौचालयमा प्याड फाल्ने डष्टबिन राखेको हुनु पर्नेछ ।

- पूर्ण सरसफाइ अभियानसँग सम्बन्धित सरोकारवाला निकायहरुले कार्यालयमा सन्देशमूलक सामग्रीहरु सबैले देखिने गरी राख्नु पर्ने छ ।

घरधनी, जग्गाधनी, उद्योगपति, ब्यबसायी र ब्यापारीका लागि

- विभिन्न उद्देश्य र प्रयोजनकालागि भाडामा दिने घर धनी, जग्गाधनी, उद्योग ब्यवसायिहरु तथा ब्यापारीहरुले ग्राहक, सेवाग्राही कामदार संख्याको अनुपातमा आवश्यकता अनुसार आफ्नो जग्गामा शौचालय सुविधा उपलब्ध गराउनु पर्दछ ।

- सडक छेउ किनारामा व्यापार व्यवसाय गरी बस्ने व्यक्तिहरुले ग्राहकको संख्या अनुसार आवश्यक शौचालयको निर्माण आफैले गर्नु पर्नेछ ।

- भाडामा दिएको घर, कलकारखाना, उद्योग, व्यापार व्यवसायबाट निस्केको सबै प्रकारका प्रदुषण जन्य र मानव स्वास्थ्यमा प्रतिकुल असर गर्ने फोहोर मैलाहरुको उचित व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित व्यक्ति, संस्था र व्यवसायीको नै हुनेछ ।

- जिल्ला भित्र र बाहिरका छोटो तथा लामो दूरीमा चल्ने नीजी तथा सार्वजनिक सवारी साधनहरुले जंगल वा खुल्ला क्षेत्रमा गाडी रोकी दिसापिसाब गराउन निषेध गरिएकोले होटलको शौचालय, पेट्रोल पम्पको शौचालय तथा सार्वजनिक शौचालयमा मात्र दिसापिसाब गराउनु पर्नेछ ।

बिद्यालयका लागिः

- प्रत्येक विद्यालयले आफ्ना विद्यालयका सबै विद्यार्थीहरुको लागि उपर्यूक्त लैंङ्गिक मैत्री र प्रर्याप्त मात्रामा पानीको ब्यबस्था सहितको शौचालयको ब्यबस्था गर्नु पर्नेछ । विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको ब्यवस्था गर्नुपर्दछ।

- विद्यालयवाट निस्कने सबै प्रकारका फोहोरहरुको उचित व्यवस्थापन विद्यालय स्वयंले गर्नु पर्नेछ ।

- विद्यालयले आफ्नो सेवाक्षेत्रका घर तथा समुदायहरुको नियमित अनुगमन् गरि सधै खुला दिसामुक्त वातावरण कायम राख्न सहयोग गर्नु पर्नेछ ।

- विद्यालयको अतिरिक्त क्रियाकलापहरुमा सरसफाइ प्रवर्द्धन अभियानलाई प्राथमिकतामा राख्नुपर्नेछ ।

समुदायमा आधारित संघ संस्थाहरु

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह, बड्घरहरुले सरसफाइ सम्बन्धी सचेतना फैलाउने काम निरन्तर गरिरहने ।

- खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति,बचत तथा ऋण सहकारी आदिले सरसफाइ सम्बन्धी कार्यक्रमहरुमा सक्दो सहयोग गर्ने ।

- आमा समूह र स्थानिय क्लबहरु लगायत अन्य संगठनहरुले नियमित कार्यक्रमहरुमा सरसफाइको समीक्षा गर्ने ।

- राजनितिक दलहरुले सरसफाइलाई प्राथमिकतामा राखेर कार्यकर्ताहरुलाई पनि प्रोत्साहित गर्ने ।

- संचारकर्मीहरुले संचार माध्यमहरुमा सरसफाइलाई विशेष प्राथमिकतामा राखेर सन्देश प्रभाव गर्ने ।

- सरसफाइ ट्रिगरर, च्याम्पियन र कमाण्डरहरुले आफ्नो उत्प्रेरकको भूमीका निरन्तर निर्वाह गर्ने ।

अनुसूचि १० . रामधुनी नगरपालीकाको पूर्ण सरसफाइ प्रतिबद्धता,२०७७

रामधुनी नगरपालिका पूर्ण सरसफाइ उन्मुख क्षेत्र बनाउने महान अभियानमा जुटेका हामी नगरपालिका स्तरीय खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति, सरकारी निकाय, राजनीतिक दल, गैर सरकारी संघसंस्था र विकास साझेदारहरु सुरक्षित खानेपानी र सरसफाइ सम्पूर्ण नागरिकको न्यूनतम आवश्यकता र मौलिक अधिकार भएको तथ्यलाई स्मरण गर्दै, राज्यले तय गरेको सन् २०३० भित्र पूर्ण सरसफाइ उन्मुख अबस्थामा देशलाई पुऱ्याउने राष्ट्रिय लक्ष्यलाई मनन् गर्दै, खुल्ला दिसामुक्त जिल्लावासी भएकोप्रति गर्व गर्दै सुनसरी जिल्लालाई पूर्ण सरसफाइ उन्मुख नमुना जिल्ला बनाउने लक्ष्यलाई हृदयगंम गर्दै **बि.स.२०७७ माघ मसान्तभित्र** रामधुनी नगरपालिकालाई पूर्ण सरसफाइ उन्मुख बनाउने दृढ संकल्पका साथ **"पूर्ण सरसफाइ अभियानमा सबै अघि बढी,सफा स्वच्छ हराभरा बनाऔ हाम्रो** रामधुनी**"** भन्ने मूल नारालाई आत्मसात् गर्दै सफा स्वच्छ, स्वस्थ, समृद्ध नगरपालिका निर्माणका लागि तपसिलमा उल्लेखित विषयहरु कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरी रामधुनी पूर्ण सरसफाइ घोषणा पत्र २०७७ जारी गर्दछौं ।

१. खानेपानी,सरसफाइ तथा स्वच्छता योजनाले अगिंकार गरेको निती बमोजिम सबै वडाहरुमा २०७७ फाल्गुण भित्र वास योजना तयार गरी कार्यान्वयनमा लैजाने छौं ।
२. पूर्ण सरसफाइ अभियानमा आफ्नो कार्ययोजना कार्यान्वयनका लागि नगरपालिका तथा वडाहरुले प्राथमिकताका साथ जग स्रोतका रुपमा आफ्नै बजेट बिनियोजन गरि अन्य तहमा संभावित अन्य आर्थिक, भौतिक र मानवीय स्रोतलाइ व्यापक परिचालन गर्ने छौं ।
३. घर,बिद्यालय,कार्यालय,होटल, टोल र नगरलाइ सफा र स्वच्छ/पूर्ण सरसफाइ उन्मुख घोषणा गर्दै, वडा र नगरपालिका लाई पूर्ण सरसफाइ उन्मुख घोषणा गर्ने छौं ।
४. ठोस तथा तरल फोहोरमैलाको उचित व्यवस्थापनका लागि श्रोतमै फोहोर कम गर्ने, पुनः प्रयोग गर्ने, पुन चक्रण गर्ने, जस्ता प्रविधिहरुको अवलम्बन गर्नेछौं । सहरी सरसफाइमा अनुकुल नीतिगत वातावरण तयार गरी सार्वजानिक तथा निजी क्षेत्रको साझेदारी प्रवर्द्धन मार्फत ठोस र तरल फोहोरमैला व्यवस्थापनको लागि थप श्रोत साधन जुटाउन सहकार्य गर्ने छौं ।
५. सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनमा सार्वजनिक नीजि साझेदारी पद्दतिको अवलम्बन गरि, संचालन तथा व्यवस्थापनको सुनिष्चितता र आवश्यक श्रोतको व्यवस्था गरि आवश्यक स्थानमा शौचालय निर्माण र संचालन गर्नेछौ ।
६. सुरक्षित खानेपानी सेवाको पहुँच सबैमा पुऱ्याउन आवश्यक श्रोतको पहिचान एवं व्यवस्था गर्ने र संचालित सबै खानेपानी संरचनामा पानी सुरक्षा योजना लागु गर्ने छौं ।
७. जिल्लाका सबै सरकारी निकाय, गैरसरकारी संघ संस्था तथा राजनीतिक दलहरुले सञ्चालन गर्ने तालिम तथा प्रशिक्षणहरुमा पूर्ण सरसफाइको विषयलाई प्राथमिकताका साथ समावेश गर्नेछौं ।
८. पूर्ण सरसफाइ अभियानका क्रियाकलापहरुलाई हरियाली विकास, आय आर्जन, साक्षरता, स्वास्थ्य, गरिबी निवारण,पोषण र पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरुसँग एकिकृत गरी सरसफाइमा दिगोपना कायम गर्ने छौं ।
९. पूर्ण सरसफाइ अभियानमा बिशेष योगदान पुऱ्याउने व्यक्ति तथा विभिन्न संघ संस्थालाई सम्मान र कदर गर्ने छौं ।
१०. खुला दिसामुक्त, पूर्ण खोप र पूर्ण साक्षरता सम्बन्धि प्राप्त उपलब्धीहरुलाई संस्थागत र बिस्तार गर्दै उपलब्धीको दायरालाई अझ फराकिलो र व्यापक बनाउन प्लाष्टिक झोला रहित, सुधारिएको चुलो एवम् जुवातास, मद्यपान, धुम्रपान रहित, अध्यारो मुक्त, समुदाय निर्माणमा सहयोग गर्ने छौं ।
११. पूर्ण सरसफाइ अभियानमा राज्यका सुरक्षा लगायत सबै निकाय, सबै समूह संस्थाहरु, यातायात व्यवसायी/उधोग बाणिज्य संस्थाहरु, सञ्चार क्षेत्र, सहकारी एवम् वित्तीय निकायहरु, होटल व्यवसायीहरु र स्थानीय तहमा रहेका औपचारिक र अनौपचारिक संघसंस्था तथा समूहहरुसँग सहकार्य तथा साझेदारी गर्नेछौं ।
१२. पूर्ण सरसफाइ अभियानलाई प्रभावकारी बनाउन कार्यक्रमको पारदर्शिता कायम गर्न, गुणस्तर कायम गर्न नियमित बैठक, समीक्षा तथा अनुगमन तथा मुल्यांकन पद्धतिलाई चुस्त दुरुस्त बनाउनेछौ ।

१३. खुला दिसामुक्त घोषणा अभियानमा जस्तै पूर्णसरसफाइ अभियानमा पनि उत्साह, उल्लास र उमङगको वातावरण सिर्जना गर्दै पूर्ण सरसफाइ अभियानलाई व्यापकता दिन सरोकारवालाहरुले स्थानीय तहमा उपयुक्त हुने खालका शिक्षाप्रद,सचेतनामूलक तथा व्यवहार परिवर्तन गर्ने खालका कृयाकलापहरुलाइ निरन्तरता दिदै जानेछौ ।

१४. पूर्ण सरसफाइ प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धिमूलक सामग्रीहरु (IEC Materials) तयार पार्दा, सचेतनामूलक तथा खोजमूलक सामग्रीहरु प्रकाशन तथा प्रसारण गर्नु पर्दा स्थानीय भाषालाई प्राथमिकता दिई अभियानको सहजीकरण गर्ने निकायहरु बीच समझदारीपत्र सहित समन्वय र सहकार्य गर्नेछौ ।

१५. विपदको बखतमा सम्वन्धित समन्वय समितिहरुसग सहकार्यमा खानेपानी तथा सरसफाइसंग सम्वन्धित सामग्रीहरु उपलब्ध गराई प्रभावित व्यक्तिहरुलाइ आवश्यक सहयोग पुऱ्याउने छौं ।

१६. पूर्ण सरसफाइ अभियानबाट व्यक्ति, घर, टोल, बजार सबै क्षेत्रलाइ सफा, स्वच्छ र सुन्दर बनाउदै रामधुनी नगरपालिकाको पर्यटन र समग्र आर्थिक तथा सामाजिक विकासलाई उच्चतहमा पुऱ्याउने छौं ।